# देशप्रेम

जनपक्षीय विचारप्रधान साप्ताहिक

DESHPREM *National Weekly*

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रालिद्वारा प्रकाशित

वर्ष २८ अंक ८ २०८३ जेठ २४ गते आइतबार (Jun. 7, 2026) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

### राष्ट्रिय राजनीतिक सम्मेलनमार्फत् बलियो संयुक्त मोर्चा बनाइने

# बामपन्थी र देशभक्त शक्ति एकजुट हुँदै

काठमाडौं । नेपालमा रास्वपाको बर्तमान सरकारका कारण चौतर्फी संकट बढ्दैगएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ । जसलेगर्दा क्रान्तिकारी र संसदवादी धारमा बिभक्त नेपालका कम्युनिष्टहरु नजिकिएका छन्भने ०४६ सालमा एक भएका बामपन्थी र कांग्रेसहरुलाई मोर्चाबद्ध गराउने प्रयास पनि थालिएको छ । नेत्रबिक्रम चन्द नेतृत्वको नेकपा(माओवादी) ले बृहत् बाममोर्चा बनाउनका लागि सबै कम्युनिष्ट समूहहरुसँग एक चरण छलफल गरिसकेको छ । त्यसैगरी हालै काठमाडौंमा भएको क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालको स्थायी समितिको बैठकमा पनि देशको पछिल्लो अवस्थाका बारेमा गंभिर छलफल भएको बताइएको छ । बैठकले बालेन्द्र साह नेतृत्वको सरकारले गरेका कामको प्रारम्भिक समीक्षा गरेको थाहा भएको छ । सो समीक्षाबाट सरकारले नेपाललाई सिक्किमीकरणको दिशामा



लगेको निष्कर्ष निकालिएको छ । बैठकपछि सो पार्टीका महासचिव सीपी गजुरेलले एक बक्तब्य जारीगरी देशलाई जोगाउन सशक्त संघर्षमा उत्रन सम्पूर्ण देशभक्त, प्रगतिशील, क्रान्तिकारी जनवादी, वामपन्थी, क्रान्तिकारी कम्युनिष्ट पार्टी, समूह तथा व्यक्तित्वहरुका बीच राष्ट्रिय राजनीतिक सम्मेलन मार्फत् एउटा बलियो संयुक्त मोर्चा निर्माणगरी स्वाधीन संयुक्त सरकारको गठनका निम्ति सशक्त संघर्षमा जुट्न आहवान गर्नुभएको छ । महासचिव गजुरेलले बक्तब्यमा यो सरकारबाट देशको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता तथा जनताको जनतान्त्रिक अधिकारको रक्षा र नेपाली श्रमजीवि वर्गको हित हुन सक्दैन । यसले फासीवादको सहारा लिएर देशलाई सिक्किमीकरणको दिशामा लगेको छ । यो स्थितिमा देश बचाउनका लागि बाँकी रहेको एकमात्र विकल्प भनेको बर्तमान सरकारको विघटन र स्वाधीन संयुक्त सरकारको गठन हो । यसका लागि हाम्रो पार्टीले सम्पूर्ण देशभक्त, प्रगतिशील, क्रान्तिकारी जनवादी, वामपन्थी, क्रान्तिकारी कम्युनिष्ट पार्टी, समूह तथा व्यक्तित्वहरुका बीच राष्ट्रिय राजनीतिक सम्मेलनमार्फत् एउटा बलियो संयुक्त मोर्चा निर्माण गरी स्वाधीन संयुक्त सरकारको गठनका निम्ति सशक्त संघर्षमा जुट्न हार्दिक आहवान गर्दछ । नेपाल जोगाउने र बनाउने योमात्र एउटा बाँकी विकल्प हो भन्नुभएको छ । उक्तब्यमा उहाँले सरकारले वास्तविक सुकुम्बासी पहिचानगरी १५ दिन भित्र तिनको **बाँकी ८ पेजमा**

## राष्ट्रिय क्रान्तिकारी मोर्चा आन्दोलित

काठमाडौं । बिभिन्न कम्युनिष्ट पार्टी मिलेर बनेको राष्ट्रिय क्रान्तिकारी मोर्चा आन्दोलित भएको छ । सो मोर्चाका अध्यक्ष सन्तबहादुर नेपालीले एक बक्तब्य प्रकाशितगरी उपरोक्त धारणा सार्बजनिक गर्नुभएको हो । उहाँले बक्तब्यमा प्रधानमन्त्री वालेन्द्र साहको सीमा सम्बन्धी अभिव्यक्ति षडयन्त्रपूर्ण भएकोभन्दै निन्दा र भर्त्सना गर्नुभएको छ । उहाँले बक्तव्यमा प्रधानमन्त्री साहले गत १७ गते संसदमा सांसदहरुले सोधेका प्रश्नको जवाफ दिनेक्रममा नेपालले पनि धेरैठाउँमा भारतको जमिन मिचेको छभनी दिएको अभिव्यक्तिप्रति राष्ट्रिय क्रान्तिकारी मोर्चा, नेपालको ध्यान आकर्षण भएको छ । नेपालले सीमा क्षेत्रमा भारतको जमिन मिचेको छ भनेर अहिलेसम्मका सर्वेक्षण, अध्ययन तथा वस्तुगत आधारबाट कही कतै पुष्टिभएको छैन । बरु सीमा क्षेत्रमा दश गजाहरु हटाउने र सार्ने काम भारतीय एसएसवीले कैयौं पटक गरेको समाचारहरु आइरहेका छन् । सीमाको रक्षागर्नेक्रममा कञ्चनपुर तथा सप्तरीमा त्यहाँका निर्दोष नागरिकले ज्यान गुमाउनु परेको जगजाहेर छ भन्नुभएको छ । बक्तब्यमा सरकारको प्रमुख **बाँकी ८ पेजमा**

## नेपाल अमेरिकाको साझेदार भैसकेको खुलाशा

काठमाडौं । पछिल्ला दिनमा नेपाल अमेरिकाको साझेदार भैसकेको खुलेयाम बताउन थालिएको छ । गतसाता नेपाल भ्रमणमा आउनु भएकी अमेरिकाकी सार्वजनिक कूटनीतिसम्बन्धी उपविदेशमन्त्री सारा बी रोजर्सले नेपाललाई अमेरिकाले महत्वपूर्ण साझेदारकारुपमा हेरेको बताउँदै द्विपक्षीय साझेदारी विस्तारमा जोड दिनुभएको थियो । सञ्चारकर्मीसँग भएको छलफलमा उहाँले ५५ करोड अमेरिकी डलर बराबरको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमससी) कम्प्याक्टलाई नेपालको अर्थतन्त्र र ऊर्जा क्षेत्रका लागि महत्वपूर्ण लगानीकारुपमा उल्लेखगर्दै यसमार्फत दुई देशबीचको साझेदारी अझ सुदृढ हुने विश्वास व्यक्त गर्नुभएको थियो । नेपालमा नवप्रवर्तन र आर्थिक वृद्धिको ठूलो सम्भावना रहेको बताउँदै उहाँले लगानी, व्यवसाय सञ्चालन र नवप्रवर्तनका लागि वातावरण थप अनुकूल बन्दैजाँदा अमेरिकी कम्पनीहरु नेपालका अझ बलिया साझेदार बन्न सक्ने धारणा व्यक्त गर्नुभएको थियो । उहाँले नेपालको सार्वभौमसत्ता, आर्थिक वृद्धि **बाँकी ८ पेजमा**

## मिटरब्याज पीडितले सिंहदरबार घेराउगर्ने

काठमाडौं । मिटरब्याज पीडितले सिंहदरबार घेराउगर्ने भएका छन् । मिटरब्याज पीडित फेरी प्रदर्शनमा उत्रिन थालेका छन्भने उनीहरुले उनीहरुले गतसाता मधेश प्रदेशका आठवटै जिल्लाका मिटरब्याज पीडितहरुले जनकपुरधामस्थित जिल्ला अदालत अगाडि विरोध प्रदर्शन गरेका थिए । दुईसातादेखि अनिश्चितकालिन आन्दोलनमा उत्रिएका उनीहरुले बिभिन्न नारा लगाउँदै धनुषा जिल्ला अदालत अगाडि सडक अवरुद्धगरेर प्रदर्शन गरेका थिए । त्यसक्रममा उनीहरुले मिटरब्याज पीडितलाई पक्राउगर्न बन्द गर, सुदखोरलाई कारवाही गर, अदालतको एकलौटी फैसलाको आधारमा पक्राउगर्न पाईदैन, अदालत र प्रहरी प्रशासनको दमन बन्द गर, होम्रो माग पूरा गर, दफा २४९ (क) लागूगर लगायतका नारा पनि लगाएका थिए । रास्वपा नेतृत्वको बर्तमान सरकार सत्तामा आएदेखि मिटरब्याज पीडितहरुमाथि पहिलेभन्दा बढि दमन हुनलागेको मिटरब्याजविरुद्ध किसान मजदुर नेपालका केन्द्रिय अध्यक्ष अवधेश कुशवाहले बताउनुभएको छ । उहाँले प्रधानमन्त्री वालेन्द्र साह चसनाव अघि जनकपुर आउँदा मिटरब्याज **बाँकी ८ पेजमा**

## एमाले संगठित हुँदै, आन्दोलनमा जोड

काठमाडौं । एमाले नयाँ ढंगले संगठित हुँदैछ भने सो पार्टीले आनदोलनमा जोडदिएको छ । एमाले मानव अधिकार आयोगको प्रतिवेदनविरुद्ध पनि अदालत जाने भएको छ । एमाले उक्त प्रतिवेदनमाथि न्यायिक पुनरावलोकनका लागि अदालत जाने भएको हो । सो पार्टीका महासचिव शंकर पोखरेलले एक प्रेस वक्तव्य जारीगर्दै जेनजी आन्दोलनकाक्रममा गत भदौमा भएका घटनाबारे आयोगले तयार पारेका प्रतिवेदनहरुविरुद्ध बिरुद्ध कानूनी उपचार खोजिने जानकारी दिनुभएको छ । एमालेले आयोगको उक्त प्रतिवेदनलाई राजनीतिक पूर्वाग्रह र बदनियतपूर्ण भएको आरोपसमेत लगाएको छ । अध्यक्ष ओलीले गत भदौ २३ र २४ गते घटेका घटनाहरु तत्कालीन एमाले नेतृत्वको सरकारलाई विस्थापितगर्न रचिएको पूर्वनियोजित राजनीतिक षड्यन्त्र भएको खुलाशा पनि गर्नुभएको छ । उहाँले वैधानिक र संसदीय बाटोबाट सरकार विस्थापितगर्न सम्भव नभएपछि अन्ततः गैरसंवैधानिक, अवैधानिक र आपराधिक मार्गको **बाँकी ८ पेजमा**

## क्रान्तिकारी पत्रकारहरु थप संगठित हुने

काठमान्डौ । क्रान्तिकारी पत्रकारहरु थप संगठित हुनेभएका छन् । क्रान्तिकारी कम्युनिष्ट पार्टी सम्बद्ध पत्रकार संगठन क्रान्तिकारी प्रेस संगठनको तेश्रो राष्ट्रिय भेला आगामी असार छगते काठमान्डौंमा हुने भएको छ । ०८१ असार एकगते काठमाडौंमा सम्पन्न दोश्रो राष्ट्रिय भेलाले सो संगठनको निर्माण गरेको थियो । सो संगठनका संयोजक नारायण पंगेनीको अध्यक्षता तथा सूचना सञ्चार तथा प्रकाशन विभागका प्रमुख हेमन्त प्रकाश ओलीको प्रमुख आतिथ्यतामा भएको भेलाले तेश्रो राष्ट्रिय भेला आगामी असार छगते शनिवार काठमान्डौमा गर्ने, पत्रकार महासंघले घोषणा गरेको आन्दोलन प्रति बैठकले ऐक्यवद्धता जनाउने, क्रान्तिकारी प्रेस संगठनका सल्लाहाकार इन्द्र राउतलाई विधान र **बाँकी ८ पेजमा**

## धवलशमशेर र दुर्गा प्रसाईंको छुट्टै पार्टी

काठमाडौं । राजावादी नेताहरु डा. धवलशमशेर राणा र दुर्गा प्रसाईंले नयाँ पार्टी खोल्ने हुनुभएको छ । गतसाता भएको एक भेलाले बृहत राष्ट्रवादी एकता कायमगरी नयाँ राजनीतिक शक्ति निर्माणगर्ने उद्देश्यकासाथ दुर्गा प्रसाइँको अध्यक्षतामा राजनीतिक दल निर्माणगर्ने सहमति गरेको थियो । सो



कार्यक्रममा बोल्दै राष्ट्र, राष्ट्रियता, धर्म संस्कृति तथा नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाइँले समसामयिक राष्ट्रिय विषय, आगामी सहकार्य तथा एकताबारे आफ्नो धारणा राख्नुभएको थियो । भेलापछि आयोजित पत्रकार सम्मेलनमा बोल्दै प्रसाईंले नेपालका प्रमुख राजनीतिक दलहरु तथा तिनका नेताहरुमाथि तीव्र आलोचना गर्नुभएको थियो । उहाँले विगतमा आफूले पुष्पकमल दाहाल र केपी **बाँकी ८ पेजमा**

## डा. भट्टराईको प्रलोपा पनि बिघटनको संघारमा

काठमाडौं । पूर्ब माओवादी नेता डा. बाबुराम भट्टराईले स्थापना गर्नुभएको प्रगतिशील लोकतान्त्रिक पार्टी पनि अस्तब्यस्त हुँदै बिघटनको संघारमा पुगेको बताएका छन् । सो पार्टीको हालै बसेको सचिवालयको विस्तारित बैठकले पार्टीका पूर्व संरक्षक डा. भट्टराईका सार्वजनिक अभिव्यक्तिप्रति आपत्ति जनाउँदै खेद व्यक्त गरेको छ । पार्टी नेतृत्वमाथि अराजनीतिक एवं स्तरहीन टिप्पणी गरेको ठहरगर्दै सचिवालयको विस्तारित बैठकले खेद प्रस्ताव पनि पारित गरेको छ । स्वेच्छाले पार्टी छाड्नु भएको भनिएका डा.भट्टराईले नेतृत्वमाथि आधारहीन आरोप लगाएको बैठकको निचोड छ । तत्कालीन माओवादी केन्द्र छोड्नुभएका जनार्दन शर्मा, रास्वपा त्यागेका सन्तोष परियार र नेसपा ( नयाँ शक्ति) को **बाँकी ८ पेजमा**

## बिभिन्न १० जिल्लामा फैलियो बर्डफ्लु

काठमाडौं । देशका काठमाडौं उपत्यका लगायत बिभिन्न १० वटा जिल्लामा बर्डफ्लुको महामारी फैलिएको थाहा भएको छ । राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणाली (एनएएचआईएस) र र्‍यापिड रेस्पोन्स टोली (आरआरटी)को तथ्यांकअनुसार हालसम्म ५५ वटा व्यावसायिक तथा घरेलु पक्षीपालन फार्ममा संक्रमण पुष्टिभएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतका निकायहरुले सार्वजनिक गरेको विवरणअनुसार आब ०८२/८३ मा पहिलो पटक गत चैत चारगते झापाको सुन्दरहरैंचा-४ स्थित एउटा लेयर्स कुखुरा फार्ममा बर्डफ्लु पुष्टिभएको भनिएको थियो । हाल सो संक्रमण मधेश प्रदेश, बागमती र अन्य क्षेत्रमासमेत पुगेको थाहाभएको छ । सरकारी तथ्यांकअनुसार संक्रमणका कारण हालसम्म चारलाख ७९ हजार १५६ वटा पक्षी नष्ट गरिएको छभने छलाख ९४ हजार १९३ वटा अण्डा नष्ट गरिएको छ । त्यसैगरी एकलाख ८२ हजार ७७५ किलोग्राम पशु आहारसमेत नष्टगरिएको छ । सुनसरी सबैभन्दा **बाँकी ८ पेजमा**

## भारतीय प्रधानमन्त्रि मोदी नेपाल आउने

काठमाडौं । नेपालका प्रधानमन्त्रिको भारत भ्रमण अन्योलमा परेकै अवस्थामा भारतका प्रधानमन्त्रि नरेन्द्र मोदी नेपाल भ्रमणमा आउने संभावना बढेको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ । गतसाता भारतको पाँचदिने भ्रमणकाक्रममा रहनुभएका रास्वपाका सभापति रवि लामिछानेले भारतीय प्रधानमन्त्रि नरेन्द्र मोदीलाई नेपाल भ्रमणको निम्ता दिनुभएको थियो । भारतीय प्रधानमन्त्री मोदीले नेपाल भ्रमणमा आउने आश्वासन पनि दिनुभएको बताइन्छ । लामिछाने र मोदीबीच गत बुधबार करिब एकघण्टा कुराकानी भएको थियो । सो छलफलपछि परराष्ट्रमन्त्री शिशिर खनाललाई गत शुक्रबारनै भारत भ्रमणमा बोलाइएको थियो । भारतीय परराष्ट्रमन्त्री डा. एस जयशंकरको औपचारिक निम्तोमा मन्त्री खनाल

**समाचार विश्लेषण**

नयाँदिल्ली पुगेपनि उहाँले शुरुमा भारतीय सुरक्षा सल्लाहकार अजित डोभालसँग अन्तरंग वार्ता गर्नुभएको थियो । गत शुक्रबार डोभालको कार्यालयमा भएको भेटमा नेपाल-भारत द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ पार्नेलगायतका बिभिन्न विषयमा छलफल भएको भनिएको छ । त्यसअघि परराष्ट्रमन्त्री खनालले गत शुक्रबार साँझ नयाँ दिल्लीमा इन्डिया फाउन्डेसनद्वारा आयोजित कार्यक्रममा विशिष्ट व्यक्तित्वहरुको भेलालाई सम्बोधनसमेत गर्नुभएको थियो । त्यसक्रममा उहाँले नेपालको विदेश नीतिका प्राथमिकताहरुको रुपरेखा प्रस्तुतगर्नुका साथै सहभागीहरुसँग ऊर्जा, व्यापार, पूर्वाधार, क्षेत्रीय सम्पर्क, प्रविधि र पर्यटनमा केन्द्रित भएर अन्तरक्रिया गर्नुभएको दिल्लीस्थित नेपाली दूतावासले जानकारी दिएको छ । उहाँले नेपालको विदेश नीति रुपान्तरण र आर्थिक वृद्धिको लागि नेपाली जनताको आक्यांक्षाबाट निर्देशित रहेको कुरामा जोड दिनुभएको थियो । परराष्ट्रमन्त्री खनालले समकक्षी डा जयशंकरसँग हिजो शनिबार गर्नुभएको भेटमा द्विपक्षीय व्यापार, लगानी, सम्पर्क सञ्जाल (कनेक्टिभिटी), ऊर्जा तथा जनस्तरको **बाँकी ८ पेजमा**

## देशभक्त समाजद्वारा षडयन्त्र भएको दाबि

काठमाडौं । देशभक्त समाज, नेपाल पार्टीका अध्यक्ष द्रोणप्रसाद अधिकारीले एक बक्तब्य प्रकाशितगरी रास्वपाका सभापति रवि लामिछानेको भारत भ्रमणकाक्रममा नेपाल र नेपाली बिरुद्ध षडयन्त्र भएको बताउनुभएको छ । उहाँले लामिछानेले [redacted] रहेका बेला भारतका [redacted] राजदूत सर्जियो गोरसँग गरेको भेट नेपाल बिरुद्धको षडयन्त्र भएको बताउनु भएको छ । नेपाल र भारतका नेताहरुका बीचमा भएको छलफलको निचोड भ्रमणको अन्त्यमा गोरलाई सुनाएर लामिछानेले कुटनीतिक मर्यादासमेत उल्लंघन गरेको अधिकारीको भनाई छ । राजदूत गोर अमेरिकाका तर्फबाट दक्षिण एशियाका लागि विशेष दूतसमेत रहनुभएको छ । केही दिनअघि नेपाल भ्रमणमा आएका बेलामा पनि राजदूत गोरले सभापति लामिछानेसँग अन्तरंग भेटघाट गर्नुभएको थियो । त्यसपछि उहाँको भारत भ्रमण तयभएको अधिकारीको भनाई छ । उहाँको भनाईमा भारत भ्रमणमा रहेका कुनैपनि नेपाली राजनीतिक दलका नेताले तेश्रो मुलुकका राजदूतलाई भेटेर सबै बेलिबिस्तार लगाएको यो पहिलो पटक हो भन्ने रहेको छ । राजनीतिक तथा कूटनीतिक मर्यादाका दृष्टिकोणले दुर्लभ मानिएको सो भेटघाटलाई नेपाली राजनीति र कूटनीतिक वृत्तमा निकै चासो र महत्वकासाथ हेरिएको छ । त्यसैगरी अध्यक्ष अधिकारीले रास्वपाका अध्यक्ष लामिछानेले भारत भ्रमणकाक्रममा नेपा[redacted] परराष्ट्रमन्त्रि डा. आरजु [redacted] रहनुभएका भाजपाका [redacted] प्रमुख विजय चौथाइव[redacted] पनि रहस्यपूर्ण रहेको बता[redacted] छ । उहाँले लामिछानेले चौथाइवालेसँग नेपालमा शेरबहादुर देउवा र डा आरजु देउवामाथि भएको कुटपिटको घटनाकाबारेमा कुरागर्दै क्षमा याचना गरेको पनि बताउनु भएको छ । अध्यक्ष अधिकारीले देशको राजनीतिक अवस्था नाजुक बन्दैगएकोमा चिन्ता पनि ब्यक्त गर्नुभएको छ । देशभक्तहरुले नेपालमा भैरहेको विदेशी हस्तक्षेप र षडयन्त्रका बिरुद्ध बिभिन्न कार्यक्रम गर्ने तयार ी गरिरहेको बताइएको छ ।

## बामपन्थी....

उचित व्यवस्थापन गर्नेछभनी बिना कुनै छानबीन गत वैशाख १२ गतेदेखि काठमाडौंलगायत देशैभरि सुकुम्बासी वस्तीमा डोजर चलायो। महिनाभन्दा बढि समय वित्दापनि अहिलेसम्म होल्डिङ् सेन्टरमा राखिएका सुकुम्बासी परिवार अलपत्र अवस्थामा रहेका छन्। बजेट भाषणसम्म आइपुग्दा यो समस्या एकवर्षभित्र समाधानगर्ने भनी बाचा गरिएको छ, तर यसको कुनै सुनिश्चितता छैन। बस्ती व्यवस्थितगर्ने सनकका भरमा बिना कुनै योजना र सर्वोच्च अदालतको आदेशकोसमेत अवज्ञागरी सुकुम्बासी बस्तीमा डोजर चलाएर यो सरकार निमुखा, भूमीहीन, सुकुम्बासी तथा गरिब जनताका विरुद्ध उभिएको छ। यो सरकारले गरिबीको होइन गरिबको उन्मूलन गरेर सुकुम्बासी समस्या समाधानगर्ने बाटो पक्रेको छ। बालेन सरकारले कानून, सामाजिक मान्यता र विगतको परम्परा सबै तोडेर आफूखुसी निर्णयगर्ने अभ्यासको थालनी गरेको छ। संसद अधिवेशन आह्वान भइसकेको अवस्थामा त्यसलाई रोकेर आफ्नो अनुकूलका कानून निर्माणका लागि राष्ट्रपतिलाई अध्यादेशमा हस्ताक्षरगर्न बाध्यपार्ने काम फाँसीवाद तर्फको बाटो हो। वालेन्द्रको नेतृत्वमा सरकार बन्नासाथ कानूनी मापदण्ड पूरानगरी गौरीबहादुर कार्की आयोगको सिफारिस कार्यान्वयनगर्ने नाममा केपी ओली र रमेश लेखकलाई गरिएको गिरफ्तारी, बिद्यार्थी संगठन तथा ट्रेड युनियनहरुको खारजीले पनि यसैतर्फ संकेत गर्दछन् भन्नुभएको छ। बक्तब्यको अन्त्यमा सरकार श्रमजीवि जनताको पक्षमा भएको भए सामुदायिक अस्पतालको गुणस्तर बृद्धिगरेर स्वास्थ्योपचारको समस्यालाई आम जनताको पहुँचमा ल्याउँथ्यो। सरकारले त्यसको उल्टो गरेको छ। सामुदायिक अस्पतालको गुणस्तर वृद्धिगर्ने योजना नल्याउने र निजी अस्पतालमा स्वास्थ्यकर लगाउने नीतिले जनता थप मारमा परेका छन् र उपचार उपल्लो वर्गबाहेक सर्वसाधारण जनताको पहुँच बाहिरको विषय बन्नगएको भनिएको छ। सो पार्टीले सम्पूर्ण देशभक्त, प्रगतिशील, क्रान्तिकारी जनवादी, वामपन्थी, क्रान्तिकारी कम्युनिष्ट पार्टी, समूह तथा व्यक्तित्वहरुकाबीच राष्ट्रिय राजनीतिक सम्मेलन मार्फत् एउटा बलियो संयुक्त मोर्चा निर्माणगरी स्वाधीन संयुक्त सरकारको गठनका निम्ति सशक्त संघर्षमा जुट्न आह्वान पनि गरेको छ। त्यसैगरी नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले मुलुकमा छरिएर रहेका कम्युनिष्ट शक्तिहरुलाई एकताबद्ध बनाएर लैजानुपर्ने बताउनुभएको छ। अखिल नेपाल महिला संगठनको एकता राष्ट्रिय भेलाको उद्घाटनगर्दै उहाँले सामाजिक न्याय, समानता, आर्थिक समृद्धि र संविधानको प्रभावकारी कार्यान्वयनका लागि बलियो कम्युनिष्ट एकता आबश्यक रहेको बताउनुभएको थियो। एमालेको हालै भएको स्थायी समितिको बैठकले पनि बाम एकताको आवश्यकता रहेको ठहर गरेको थियो।

## एमाले..

सहारालिएर तत्कालीन सरकारलाई विस्थापितगर्ने षड्यन्त्र रचिएको उहाँको भनाई छ। एमालेको केन्द्रीय संगठन विभागको आयोजनामा सदस्यता नवीकरण तथा विस्तार उत्प्रेरणा राष्ट्रिय कार्यशालाको गतसाता उद्घाटनगर्दै उहाँले उपरोक्त कुरा बताउनु भएको हो। अध्यक्ष ओलीले संगठनमा देखिएका चुनौतीको सामनागर्न सक्ने शक्ति बनाउनेगरी एकताबद्ध भएर लाग्न आह्वान पनि गर्नुभएको थियो। अध्यक्ष ओलीले एमाले देश, शान्ति, विकास, समृद्धि र लोकतन्त्रप्रति समर्पित पार्टी हो। यसले आत्तिने र हरेश खाने कामगर्नु हुँदैन। आँधी चल्नेबित्तिकै ढलिहाल्ने हाम्रो पार्टी होइन भन्नुभएको छ। उहाँले प्रतिशोधको भावनामा कसैले पनि कामगर्न नहुने बताउनुभएको छ। कार्यक्रमबाट पार्टीभित्रका भ्रमचिर्दै नयाँ विश्वास र जोशकासाथ कार्यक्षेत्रमा परिचालित हुन सम्बद्ध सबैलाई अनुरोध गर्नुभएको छ। कार्यशालामा प्रदेश तथा जिल्ला इन्चार्ज (भारत प्रवाससमेत), प्रदेश कमिटी वा सो सरहका कमिटीका पदाधिकारी, कार्यालय सचिव, जिल्ला कमिटी अध्यक्ष, संगठन विभाग प्रमुख तथा जनसंगठन केन्द्रीय कमिटीका अध्यक्ष र संगठन विभाग प्रमुख सहभागिता रहेको थियो।

## डा. भट्टराईको..

नेतृत्व गरेका बाबुरामले प्रलोपा घोषणा गर्नुभएको थियो। गत फागुन २१ को निर्वाचनमा देशभर एक सिट पनि जित्न नसकेको उक्त पार्टीमा केही समययता आन्तरिक किचलो उत्कर्षमा पुगेको छ। चुनावी पराजयसँगै अध्यक्ष परिषद्का सदस्य सुदन किराती, दुर्गा सोव र ओजस्वी भट्टराईले जिम्मेवारी छाडेपछि परियार एकल अध्यक्ष चुनिनुभएको थियो। त्यसप्रति असन्तुष्टि जनाउँदै डा. भट्टराईले किर्ते र ठगीको संज्ञा दिनुभएको थियो। यसैबीच डा. भट्टराईले रास्वपाका सभापति रवि लामिछानेको भारत भ्रमणलाई अनावश्यक आशंका र शंकाको दृष्टिले हेर्न नहुने बताएर आफ्नो पक्षधरता देखाउनु भएको छ। हिजो शनिबार सामाजिक सञ्जालमा लेख्दै उहाँले बदलिँदो विश्व परिस्थितिमा नेपालको परराष्ट्र नीतिका प्रमुख आधार भूराजनीति र भूअर्थनीति हुने बताउँदै सत्ताधारी दलका सभापतिको भारत भ्रमणलाई सकारात्मक ढंगले बुझ्नुपर्ने बताउनुभएको थियो। भनिन्छ डा. भट्टराईको पार्टी प्रलोपा रास्वपाका बिलय हुने संभावना देखापरेको छ।

## क्रान्तिकारी..

संयोजक नारायण पंगेनीलाई प्रतिवेदन तयार पार्ने जिम्मादिने, सागर श्रेष्ठको अध्यक्षतामा दामोदर खनाल, झनक श्रेष्ठ, कुमार भट्टराई, बिष्णु आले, अनु निरौला र गोविन्द पौडेल सदस्य रहनेगरी भेला व्यवस्थापन समिति गठनगर्ने निर्णय गरेको थियो। प्रत्येक ब्यूरोबाट दुई, दुईजनाका दरले आगामी भेलामा प्रतिनिधित्व गराउने भनिएको छ।

## बिभिन्न...

बढी प्रभावित भएको छ। जहाँ २३ वटा फार्ममा संक्रमण पुष्टिभएको छ। सुनसरीमा मात्रै दुईलाख ८५ हजार ५६४ वटा पक्षी र चार लाख २७ हजार ५८० वटा अण्डा नष्टगरिएको छ। त्यसैगरी मोरङमा ११ वटा फार्म प्रभावितहुँदा एकलाख एकहजार ८६० वटा पक्षी नष्ट गरिएका छन्। काठमाडौंमा आठ, ललितपुरमा तीन र भक्तपुरमा दुईवटा फार्म प्रभावित भएको बताइएको छ। काठमाडौंमा मात्रै ३९ हजार ४८१ वटा पक्षी नष्ट गरिएको सरकारी तथ्यांकमा उल्लेख छ। संक्रमण प्रभावित अन्य जिल्लामा चितवन, झापा, बारा, पश्चिम नवलपरासी र महोत्तरी रहेका छन्। सम्बन्धित निकायका अनुसार संक्रमण नियन्त्रणका लागि प्रभावित क्षेत्रका पक्षी नष्ट गर्ने, अण्डा तथा दानामा नियन्त्रणगर्ने, सरसफाइ र निसंक्रमण अभियान सञ्चालनगर्ने लगायतका कदम चालिएका छन्।

## राष्ट्रिय..

स्थानमा बसेको व्यक्तिले यसरी संसदको रोष्टममा उभिएर राष्ट्रघाती अभिव्यक्ति दिनु लज्जास्पद र सार्वभौमिकता विरुद्धको कुरा हो भनिएको छ।

## नेपाल..

तथा साझा समृद्धिलाई सहयोगगर्न नेपाल सरकार र नेपाली जनतासँगको साझेदारी अझ मजबुत बनाउन अमेरिका प्रतिबद्ध रहेको पनि बताउनुभएको थियो। परराष्ट्रमन्त्री शिशिर खनाल तथा सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनासँग भेटगरी आर्थिक सम्बन्ध सुदृढीकरण, व्यापारिक वातावरण सुधार तथा डिजिटल पहुँच विस्तारलगायत विषयमा आफूले छलफल गरेको उहाँले जानकारी दिनुभएको थियो।

## मिटरब्याज...

पीडितहरुको समस्या समाधानगर्ने वाचा गरेपनि हाल उल्टै दमन गरेको बताउनु भएको छ। कतिपय दलहरुले मिटरब्याज पीडितको संगठन गरिरहेको र संभवत यसैसाता सिंह दरबार घेराउको कार्यक्रम हुनसक्ने बताइएको छ। उनीहरुले तत्कालीन पुष्पकमल दाहाल नेतृत्वको सरकारका पालामा काठमाडौंमा प्रदर्शन तथा घेराउ गरेका थिए।

## धवल शम्सेर.

ओलीलाई एकठाउँमा ल्याएर दुईवटा कम्युनिष्ट पार्टीबीच एकता गराएको बताउँदै त्यसबाट देशले राजनीतिक स्थिरता, सुख, शान्ति र समृद्धिको बाटो समात्ने अपेक्षा गरेको तर, ती आशा पूरानभएको दाबीगर्दै दुवै नेतामाथि स्वार्थ केन्द्रित राजनीति गरेको आरोप लगाउनुभएको थियो। उहाँले राजेन्द्र लिङ्देनप्रति पनि असन्तुष्टि व्यक्तगर्दै राप्रपाले धर्म र राजसंस्थाको मुद्धा चुनावी लाभका लागिमात्र प्रयोग गरेको आरोप लगाउनुभएको थियो। अर्कातिर राप्रपालेभने आगामी २८ र २९ गते बैठक आह्वान गरेको छ। राप्रपाका महामन्त्री डा. धवल शमशेर राणाले अप्रत्याशितरुपमा पार्टीबाट बहिर्गमनको निर्णय लिएपछि सो पार्टीभित्र ठूलो तरंग पैदाभएको छ। राप्रपा पूर्णरुपमा महाधिवेशनको तयारीमा होमिएका बेला उक्त घटना भएको हो। राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले एक अपिल जारीगर्दै महामन्त्री राणालाई आफ्नो निर्णय फिर्तालिन र पार्टी एकताबद्ध राख्न सार्वजनिक आग्रह गर्नुभएको छ। तर डा. राणाले त्यसलाई षडयन्त्रको संज्ञा दिनुभएको छ।

## भारतीय..

सम्बन्धलगायत विषयमा छलफल भएको भनिएको छ। परराष्ट्रमन्त्री खनाल भारतको भ्रमण सम्पन्नगरी आज आइतबार स्वदेश फर्कदै हुनुहुन्छ। भारत भ्रमणमा नयाँ दिल्ली पुग्नुभएका परराष्ट्रमन्त्री खनालले दुईपक्षीय बैठकमा नयाँ सरकारका प्राथमिकताका विषयमा कुरा हुने बताउनुभएको थियो। नयाँ दिल्लीस्थित इन्दिरागान्धी विमानस्थलमा हिजो सञ्चारकर्मीसँग कुरागर्दै उहाँले लामो समयपछि उच्चस्तरीय भ्रमण हुँदैछ। मूलरुपमा नयाँ सरकार बनिसकेको अवस्थामा हामी हाम्रो प्राथमिकता विषयमा कुरा गर्छौं भन्नुभएको थियो। यसैबीच सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने भारत भ्रमण पूरागरी गत शुक्रबारनै स्वदेश फर्किनुभएको थियो। भ्रमणकाक्रममा लामिछानेले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, विदेशमन्त्री एस जयशंकर, गृहमन्त्री अमित साह, भाजपा अध्यक्ष नितिन नवीनलगायतसँग भेटवार्ता गर्नुभएको थियो। उहाँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका दक्षिण तथा मध्य एशियाली विशेष दूत सर्जियो गोरसँग पनि भारतमै भेटवार्ता गर्नुभएको थियो। भारत भ्रमणकाक्रममा सीमा समस्यालगायत नेपाल-भारतका सरोकार र प्राथमिकतासँग सम्बन्धित समग्र विषयमा छलफल भएको सभापति लामिछानेले बताउनुभएको छ। लामिछानेको भ्रमण भाजपासँग पार्टीगत सहकार्यगर्नेमा र परराष्ट्रमन्त्रि खनालको भ्रमण नेपाल र भारतको सरकारका बीचमा सहकार्यगर्नेमा केन्द्रित रहेको बताइएको छ।

# होल्डिङ सेन्टरमा सुकुमवासी बिरामीपर्न थालेको खुलाशा

काठमाडौं। होल्डिङ सेन्टरमा सुकुमवासी बिरामीपर्न थालेपछि जाँच शुरु गरिएको थाहाभएको छ। राससको एक समाचारअनुसार काठमाडौंको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय परिसरको राधास्वामी सत्सङ्ग परिसरस्थित होल्डिङ सेन्टरमा भेटिएका डम्बर तामाङलाई अब जीवन नयाँ तरिकाले अघि बढ्छ भन्ने लागेको छ। उहाँ सधैं यस्तै त नहोला भनेर अहिले ढुक्क हुन थाल्नुभएको छ। होस् पाएदेखि आफू बसेको थापाथलीको बागमती किनारमा हरेक वर्षायाममा हुने त्रासदी उहाँलाई अहिले पनि याद आउँछ। हरेक वर्ष पानी पर्न थालेपछि बागमतीले सातो लिन थाल्थ्यो। परिवारसहितको बास त थियो त्यो, तर स्वामित्व भने थिएन। बास भएर के गर्नु ? देशका कुनै पनि निकाय वा कानुनले नचिन्ने। पानी, बिजुली बाटो घाटो सबै अनौपचारिक। ढल र फोहरमैला सिधैं नदीमा। हिँउदभरि उपत्यकावासीको प्रदूषण लिएर बग्ने बागमतीले डम्बरसहितका सुकुमवासीलाई कतिथरी रोग दिएर जान्थ्यो, त्यहाँ बसुञ्जेल कसैलाई पत्तोनहुने। अहिले होल्डिङ सेन्टरमा नियमित स्वास्थ्य परीक्षण हुँदा पो धेरैलाई थाहाभएको छ, बागमती किनारको बसाइँले शरीरमा कहाँ कहाँ समस्या पारेको छ ? कति रहेछ रोग भन्ने कुरा। सुकुमवासीको संकलित तथ्यांकले बताएको छ, खोला किनारको जीवन कत्ति जोखिममा थियो। सेन्टरमा जानुअघि दशरथ रंगशालामा ४९७ जनाको स्वास्थ्य परीक्षण गर्दा झण्डै ३० प्रतिशतमा उच्च रक्तचाप, १५ प्रतिशतमा मधुमेह देखिएको थियो। त्यस्तै १६ प्रतिशतमा मांशपेशीसम्बन्धी समस्या, १३ दशमलव पाँच प्रतिशतमा ग्याष्ट्रिक, सात प्रतिशत मानसिक समस्या र श्वासप्रश्वाससम्बन्धी समस्या चार दशमलव पाँच प्रतिशतमा देखिएको थियो। सेन्टरमा पुगेपछि प्रायः सबैको स्वास्थ्य परीक्षण भयो र समस्याको अंक झन् बढ्यो। तर सेन्टरमा समस्या मात्र उजागर भएको छैन, उपचार पनि सुरु भएको छ र निरन्तर अहिले पनि चलिरहेकै छ। चिकित्सकले तथ्याङ्कमा समेटेकामध्ये साढे ३८ प्रतिशतको परिवारका कोही न कोही सदस्यको मृत्यु खोला किनारको बसाइँका क्रममा भएको देखियो। जसमध्ये बाढी र डुबान तथा पुल, सडक र इनारमा भएका दुर्घटनाबाट झण्डै साढे नौ प्रतिशतले ज्यान गुमाए। दम र निमोनियाबाट आठ प्रतिशत र सरसफाइजन्य सरुवा रोग जस्तै क्षयरोग, डेंगु र टाइफाइडबाट आठ प्रतिशत मृत्यु भएको पाइयो। यसका अधिकांश कारक खोला किनारको जोखिमपूर्ण जीवन थियो। प्रदूषित खानेपानी, फोहर र फोहरजन्य पानी जमिरहने स्थानमा दैनिकी गुजार्ने सुकुमवासीमा लामखुट्टेलगायतले सार्ने किटजन्य सरुवा रोग फैलनु स्वाभाविकै हो। सुकुमवासी राखिएका छवटै होल्डिङ सेन्टरमा चिकित्सा टोलीको नेतृत्व गर्नुभएका शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा अनुप बास्तोलाका अनुसार मुटुरोग, क्यान्सर र उच्च रक्तचापजस्ता नसर्ने रोगहरुका कारण पनि २८ प्रतिशतको मृत्यु भएको छ। अहिले पनि पाटन अस्पताल, प्रसूति गृह, लगनखेलस्थित मानसिक अस्पतालका चिकित्सकसहितको उक्त टोलीले थप परीक्षण र उपचारलाई तीव्रता दिएका छन्। त्यसो त होल्डिङ सेन्टरका डम्बरलाई रेटिनाको समस्याले गर्दा मसिनो (सानो) वस्तु देख्न र पढ्न गाह्रो छ। अहिले जत्तिकै नियमित स्वास्थ्य परीक्षण त्यतिबेलै गर्न पाएको भए समस्या त्यति जटिल नहुन पनि सक्थ्यो। सेन्टरमा आएका चिकित्सको परामर्शपछि उहाँ त्रिपुरेश्वस्थित आँखा अस्पताल जानुभयो। त्यहाँका चिकित्सकले तिलगंगा रेफर गरेका छन्। अब त्यतै गएर उपचार गराउने सुरमा हुनुहुन्छ उहाँ। थापाथलीमा डम्बर जस्ता सयौं छन्, जसलाई जीवन भनेकै बागमतीको किनारको बसोबास भन्ने लागेको थियो। अहिले सबैलाई घरबाट निस्किएर चौबाटोमा बसे जस्तो भएको छ। सरकारले कतै न कतै त पक्कै व्यवस्था गर्ला, उहाँ भन्नुहुन्छ। डम्बर की पत्नी र छोराछोरीको स्वास्थ्य परीक्षण पनि त्यहीं भएको छ। पत्नीलाई मुटुसम्बन्धी समस्याका लागि अस्पताल जान पनि स्वास्थ्यकर्मीले सुझाएका छन्। करिब २० वर्ष थापाथलीमा बिताएकी ५० वर्षे पुनम मगरलाई थापाथलीमै बस्दा उच्च रक्तचाप, मधुमेह र नशाको समस्या थियो। उहाँले समस्या बढेपछि सेन्टरकै पहलमा आकस्मिक उपचार गराइएको उहाँले बताउनुभयो। धेरैथरीको स्वास्थ्य परीक्षण यहाँ भयो र उपचारगर्न अस्पताल गइयो भन्नुभयो। त्यहाँबाट अस्पताल पुगेपछि भने महँगो औषधी आफैं किन्नुपर्ने बाध्यता रहेको पनि उहाँले बताउनुभयो। अर्का सुकुमवासी खिमबहादुर पुलायामगरले अस्पताल पुगेपछि औषधी सबै नपाउने र कतिपय रोगको उपचार केही खर्चिलो देखिए पनि सेन्टरमा आएका स्वास्थ्यकर्मीसँग भने सुकुमवासीको कुनै गुनासो नरहेको बताउनुभयो। होल्डिङ सेन्टरका सुकुमवासीमध्ये कतिपय दीर्घरोगी छन्। जसको नियमित स्वास्थ्य परीक्षण थापाथलीस्थित खोला किनारमा बस्दा सम्भवै थिएन। सुत्केरी र साना बच्चा हुर्काइरहेका आमाहरूले नियमित स्वास्थ्य परीक्षण र परामर्शमात्र होइन, नवजात सन्तानका लागि पोषण पुग्ने गरी लिटोसमेत पाएका छन्। सेन्टरमा भेटिएकी सुवासदेवी पासवानले आफ्नो नातिको स्वास्थ्य परीक्षण र पोषणका लागि लिटोसमेत प्राप्त भएको बताउनुभयो। होल्डिङ सेन्टरमा ल्याइएका सुकुमवासीलाई नदीकिनारको दैनिकीले शारीरिकमात्र होइन मानसिक समस्याबाट पनि पीडित बनाएको छ। बारम्बार परीक्षणमा पुगेका चिकित्सकहरुले विगत लामो समयदेखि अव्यवस्थित र असुरक्षित बसाइले दुवैथरी स्वास्थ्यमा पारेको असरलाई नजिकबाट नियालेका छन्। केहीले विगत लामो समयदेखि दैनिकी बिताएको ठाउँ एक्कासी छोडनुपर्दाको दुख व्यक्त गरेका छन्, तर पनि त्यो भन्दा धेरै असुरक्षित बसोबासका कारण थापाथली किनारमै थुप्रै शारीरिक र मानसिक जटिलताबाट गुज्रिएका रहेछन् भन्ने कुरा मनोविद्हरूसँग उनीहरूले व्यक्त गरिरहेका छन्। सुकुमवासीहरूमा पर्नसक्ने मानसिक समस्याको पहिचान र उपचारका लागि छवटै होल्डिङ सेन्टरमा विशेषज्ञसहितका टोलीसहित धेरैपटक पुग्नुभयो, मानसिक अस्पताल पाटनका मनोचिकित्साविद् सुलभराज उप्रेती। उहाँले थापाथलीको जोखिमपूर्ण बसोबासलाई जीवन ठानेर बसेकालाई केही असहज लाग्नु स्वभाविक हो। तर त्यस्तो बसोबासका कारण थुप्रै मनोवैज्ञानिक जटिलता देखिन्छन्। यस्ता व्यक्ति ठूलो संख्याका भेटिनुहुन्छ भन्नुभयो। मनोस्वास्थ्यका समस्या रहेको थाहा पाएपछि चार जना विज्ञ र केही मनोविज्ञान अध्येता सम्मिलित टोलीले छवटै शिविरका गरी ६०० भन्दा बढी व्यक्तिसँग छुट्टाछुट्टै बसेर परामर्श पनि भएको थियो। मनोचिकित्साविद् उप्रेतीले हामीले सबैसँग कुरागर्दा ठाउँ सर्नुपर्दाको असजिलोसँगै अब केही होला, सरकारले राम्रो व्यवस्था गर्लाभन्ने अपेक्षा गर्नेको संख्या पनि उल्लेख्य थियो भन्नुभयो। कुराकानीबाट आएको निष्कर्षका आधारमा कतिपयलाई मनोसामाजिक परामर्श, सहायता र कतिपयलाई औषधि उपचारको आवश्यकता रहेको पाइएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार परामर्श र सहायता पछि थुपै व्यक्ति आफ्नो नियमित काममा फर्किनसमेत थालेका छन्। आफ्ना सन्तानको पढाइलाई लिएर चिन्ता परेको र उहाँहरुलाई पनि नजिकको विद्यालयमा बालबालिका जान थालेपछि चिन्ता कम हुँदैगएको पाइएको जानकारी पनि उहाँले दिनुभएको थियो। मनोसामाजिकविद्हरूको टोलीले ५५३ सुकुमवासीको मानसिक स्वास्थ्य परीक्षण र परामर्शबाट थाहा पायो, विस्थापनअघि देशभर कतै पनि बास नभएका कारण खोला छेउ बस्न बाध्य परिवार ८२ दशमलव आठ प्रतिशत रहेछन्। तीमध्ये तीन पुस्तै त्यहाँ बिताएको परिवार २४ दशमलव छ प्रतिशत छ। मानसिक समस्याकै कारण तीन दशमलव तीन प्रतिशत आत्महत्याबाट र मदिराजन्य समस्याबाट तीन दशमलव तीन प्रतिशतले जीवन गुमाएका पाइएको मनोसामाजिक विद्हरू बताउँछन्। त्यसरी खोलाछेउ बस्दा शान्ति त जीवनमा छँदै थिएन्। फलस्वरुप १०० मध्ये करिब १२ जनाले आत्महत्याको सोचसमेत बनाउन पुगेका रहेछन्। त्यस्तै सयमध्ये सात जनालाई विशेषखालकै मनोरोग सेवा आवश्यकपर्ने अवस्था रहेछ।


अवैध चोरी निकासी नियन्त्रण गरौं ।

- गैर कानुनी रुपमा सामान देश बाहिर लैजाने/ल्याउने कार्य रोकौं,
- शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
- वैधानिक प्रक्रियाबाट आयात-निर्यात गरौं,
- कर छली र तस्करी बिरुद्ध सचेत बनौं,
- सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,
- प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,

आर्थिक सुशासन कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**डा.केशव देवकोटा**
**प्रधान सम्पादक**
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं–२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर–१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

*सम्पादकीय*

# नेपाल भारतबीच मनमुटाव गराएर विध्वंश मच्चाउने प्रयास किन गरिँदैछ ?

**नेपालमा पछिल्लो समयमा राष्ट्रिय एकता र मेलमिलाप नभएर द्वन्द र झगडा बढाउने गतिबिधिहरु बढ्दैगएको देखिएको छ। त्यसमा पनि असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीतिका बिरुद्ध जे जस्ता गतिबिधिहरु भैरहेका छन्, त्यसप्रति सरोकारवालाहरुले समयमै ध्यान दिनसक्नुपर्ने अवस्था रहेको छ। देशका कार्यकारी प्रमुख प्रधानमन्त्रिले गत चैत १३ गते पद तथा गोपनीयताको सपथ गरेको केही घण्टापनि नबित्दै पूर्ब प्रधानमन्त्रि तथा एमालेका अध्यक्ष केपी ओली र पूर्ब गृहमन्त्रि तथा नेपाली कांग्रेसका नेता रमेश लेखकलाई बिनाकारण गिरफ्तार गराएर देशको सहमतीय राजनीतिमा प्रहार गरेको देखिएको थियो। त्यतिबेला शान्त तलाउमा ढुंगा प्रहार गरेर सिर्जना गराईको तरंगले हाल छालको अवस्था सिर्जना भएको छ। संसदमा रहेका कूल छवटा दलमध्ये पाँचवटा बर्तमान सरकार बिरुद्ध देखिनु कम शोचनीय बिषय होइन। रास्वपाले गत फागुन २१ को निर्वाचनबाट मुख्यत प्रतिनिधिसभामा १८२ सिट प्राप्त गरेर एकल बहुमतको सरकार गठन गरेपनि नेपाली कांग्रेस र एमालेलगायतका संसदवादी दलहरुको जनाअधार पनि ठूलो र बलियो रहेको कुरा पछिल्ला कतिपय घटनाक्रमहरुले स्पष्ट गरेका छन्।**

**सत्तारुढ दल र त्यसमा पनि देशका कार्यकारी प्रमुख प्रधानमन्त्रिलेनै सहमतीय राजनीतिक वातावरण सिर्जना हुननदिएको देखिएको छ। जसलेगर्दा हाल आएर एकातिर प्रतिनिधिसभामा रहेका रास्वपा बाहेकका अन्य दलहरुको गठबन्धन बनेको छभने बर्तमान सरकार बिरुद्ध सडकदेखि सदनसम्मनै अवरोधको अवस्था सिर्जना भएको छ। त्यतिमात्र नभएर सत्तारुढ दल रास्वपामासमेत असन्तुष्टिका स्वरहरु बढेर गएको देखिको छ। अर्कातिर अन्तराष्ट्रिय क्षेत्रमा समेत वर्तमान सरकारले स्वतन्त्र र निष्पक्ष भूमिका निर्वाह गरेको देखिएको छैन। प्रधानमन्त्रीले प्रतिनिधि सभामा सांसदले सोधेको प्रश्नको जबाफ दिने बहानामा 'नेपालले भारतको भूमि अतिक्रमण गरेको रहेछ'भन्ने अभिव्यक्ति दिएर एकातिर भारतलाई चिढ्याउने काम गरेको देखिएको छभने अर्कातिर नेपाली भूमीमाथि संकटको अवस्था सिर्जना गराइएको देखिएको छ। प्रधानमन्त्रिले संसदमा बोलेको उपरोक्त कुराको हालसम्म कुनै तथ्यगत आधार फेलापरेको छैनभने छिमेकी भारतले सुस्तालगायतका क्षेत्रमा अवरोध सिर्जना गरेको देखिएको छ। प्रधानमन्त्रीको उपरोक्त भनाइले नेपालको भौगोलिक अखण्डता र सार्वभौमसत्तामाथि समेत आँचपुग्ने संकेतहरु देखिएका छन्। संसदको बैठकमै बिपक्षी दलका सांसदहरुले प्रधानमन्त्रीको उपरोक्त अभिव्यक्ति विखण्डनकारी र आत्मसमर्पणवादी भएको बताउन थालेको देखिएको छ। उपरोक्त अभिब्यक्ति दिनेले नेपालले भारतको कुन भूभाग, कहाँ र कति अतिक्रमण गरेको हो ? भन्ने यकिन तथ्यांक सार्वजनिकगर्न नसकेको अवस्था छ। प्रधानमन्त्रीको अभिव्यक्तिपछि सुस्ता क्षेत्रमा भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले नेपाली भूमिमा हस्तक्षेप गरेको घटनाकाबारेमा समेत बर्तमान सरकारको कुनै ध्यानाकर्षण नहुनु अर्को आश्चर्यको बिषय भएको छ। प्रधानमन्त्रीले त्यतिबेला सांसदहरुले सोधेको प्रश्नको उत्तर दिन छाडेर नसोधिएको प्रशंग किन उठाउनु भयो ? भन्ने कुरा पनि धेरैका लागि आश्चर्यको बिषय रहेको छ।**

**हालसम्म नेपाल र भारतलाई समेत थाहै नभएको, सीमा विज्ञलेसमेत जानकारी नपाएको तथा कहीँ कतैबाट पनि पुष्टि नभएको कपोकल्पित, आधारहीन अभिव्यक्ति दिएर सच्चा नेपालीलाई लज्जाबोधमात्रै गराइएन, नेपालको हित विपरीत बोलेर राष्ट्रघात समेतगर्ने काम भएको छ। नेपालका प्रधानमन्त्रीको भनाइकै आधारमा भारतीय एसएसबीले नवलपरासी जिल्लाको सुस्तामा पुगेर नारायणी नदीमा निर्माणाधीन तटबन्ध रोक्ने प्रयासगर्नु तर नेपालको सरकार त्यसप्रति बेखबर रहनु अर्को आश्चर्यको बिषय भएको छ। हाल नेपाललाई चाहिएको राष्ट्रिय एकता र सहमतीय राजनीतिक वातावरण हो। तर त्यसैलाई बिथोल्नेगरी कतिपय जिम्मेवार पक्षबाट बिभिन्न प्रयासहरु हुनु आफैमा बिडम्बनाको बिषय हो। जसबारे सर्बतिरबाट सजगता अपनाउनु आजको प्रमुख आवश्यकता भएको छ।**

# रास्वपाका नेताको दिल्ली दौड र नेपाल भारत सम्बन्ध

**देश/परिवेश** डा. केशव देवकोटा

नेपाल र भारतबीचको सम्बन्ध सदिऔं पुरानो हो। कतिपयले यसलाई रोटी र बेटीको सम्बन्धकारुपमा समेत परिभाषित गर्नेगरेका छन्। कुनैबेला दुई देश दक्षिण एशियाली सहयोग संगठनमार्फत पनि आपसमा गोलबन्द थिए। दुई देशबीच करिब एक हजार ७०० किलोमिटर लामो खुला सीमा रहेको छ। सीमाक्षेत्रमा दुई छिमेकबीच अनेकौं विवाद र नमिलेका विषय पनि रहेका छन्। नेपाल र भारतकाबीचमा रहेका सरकारी साधारण विवादका विषयदेखि सीमा क्षेत्रको अपराध, आतंकवाद, तस्करी, सीमाना विवाद, व्यापार आदि विषयमा अनेकौं समस्या रहेका छन्। छिमेकीका बीचमा रहेका समस्या र असमझदारीहरु समयमै समाधान गरिएको खण्डमा अशल सम्बन्ध रहन्छ र दुबै देशलाई फाइदा पनि गर्दछ। तर कतिपय समस्या र सन्दर्भहरु दीर्घकालीन असरगर्ने खालका रहेकाले मुख्यत नेपाल र भारतकाबीचमा खटपटको अवस्था पनि सधै रहिरहने गरेको छ।

दुबै देशका सरकारहरु परिवर्तन भएपछि सम्बन्ध पनि नयाँ ढंगले विकसित हुनेगरेका छन्। नेपाल र भारतबीच पछिल्लो समयमा सन् १९५० को शान्ति तथा मैत्री सन्धिमार्फत कतिपय बिषयलाई व्यवस्थितगर्ने प्रयास गरिएको छभने कतिपय बिषयमा सोही सन्धीले निरन्तर बिवादको अवस्था पनि सिर्जना गरेको छ। दुई देशवीचको सुरक्षा सम्बन्धलाई परिभाषितगर्ने गोप्य सहमति र संझौताहरुसमेत भएका छन्। दुई देशीय व्यापार र व्यापारिक क्षेत्रलाई भारतको सीमा पारगर्ने सम्बन्धी सम्झौताहरु पनि रहेका छन्। भारत सरकारको पहलमा नेपालका तत्कालीन राणा शासकहरुसँग गरिएको सन् १९५० को सन्धि र पत्रहरुमा दुईदेशका सरकारहरुले अर्काको सुरक्षामा कुनैपनि खतरालाई विदेशी आक्रमणकारीले सहने छैन र कुनै राष्ट्रसँग ठूलो खलल वा फाटो पर्नआई त्यसबाट दुई सरकारका बीचमा रहेको मैत्रीको सम्बन्धमा खललपर्न जाने सम्भावना देखिएमा दुवै सरकारले परस्परमा सो कुराको समाचार दिने जिम्मेवारी कबुल गर्छन् भनिएको छ। त्यसैलाई आधार बनाएर कतिपयले नेपाल र भारतका बीचमा बिशेष सम्बन्ध रहेको पनि बताउने गरेका छन्। नेपाल र भारतबीचको सीमा खुला छ। नेपाली र भारतीय नागरिकहरु राहदानी वा भिसा बिना स्वतन्त्ररुपमा सीमा वारपार गरिरहेका छन्। जसले पछिल्ला बर्षहरुमा कतिपय समस्याको सिर्जना पनि गरेको छ। नेपालमा गत भदौ २३ र २४ गते अप्रत्याशित बिध्वंश भएर सरकार परिवर्तन भएको छ। गत फागुन २१ को निर्वाचनबाट गठन भएको सरकारसँग भारतले सम्बन्ध विकास गर्ने/गराउने प्रयास गरिरहेको छ। हालैमात्र नेपालको रास्वपाका सभापति रवि लामिछानेले भारतको पाँच दिने भ्रमण सम्पन्न गर्नुभएको छभने यतिबेला फेरी सोही पार्टीका नेता तथा बर्तमान सरकारका परराष्ट्रमन्त्री शिशिर खनाल भारतीय समकक्षी एस.जयशंकरको निमन्त्रणामा अस्तीमात्र तीनदिने औपचारिक भ्रमणका लागि नयाँ दिल्ली पुग्नुभएको छ। खनालले भारतीय विदेशमन्त्री जयशंकर, वाणिज्यमन्त्री पियूष गोयल तथा अन्य उच्च अधिकारीसँग भेटवार्तागर्ने कार्यक्रम छ। भ्रमणकाक्रममा कनेक्टिभिटी, सीमा विवाद, पञ्चेश्वर बहुउद्देश्यीय आयोजना, पूर्व-पश्चिम रेलवे, जनकपुर-अयोध्या रेलमार्ग, पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा भारतीय उडान विस्तार तथा व्यापार-पारवहनसम्बन्धी विषयमा छलफल हुने बताइएको छ। रास्वपाका सभापति लामिछानेको हालैको भारत भ्रमणकाक्रममा समेत नेपालको जलबिद्युत्, विमानस्थल, सीमा लगायतका विषयमा छलफल भएको भनिएको थियो। भारतीय प्रधानमन्त्रि मोदीले छलफलको सूचीको माग गर्नुभएको कुरापनि बाहिर आएको छ। भारतसँगको सहकार्यगर्न बाँकी कामहरु, अधुरा कामहरुको सूची बनाएर कामगर्ने प्रचार पनि गरिएको छ। लामिछाने र मोदी बीचको वार्ताकाक्रममा भारतकातर्फबाट विदेशमन्त्री एस जयशंकर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, विदेशसचिव विक्रम मिश्रीलगायतको सहभागिता रहनुले पनि धेरै कुराहरुको संकेत गरेका थिए। रास्वपाका सभापति लामिछानेको भारत भ्रमणको गतसाता तयहुँदैगर्दा नेपालका प्रधानमन्त्री वालेन्द्र शाहले प्रतिनिधिसभाको बैठकमा नेपालले पनि भारतको भूमि मिचेकोभन्ने टिप्पणी गरेर अनायासै नयाँ बिवादको सिर्जना गराउनुभएको थियो। भारतलाई खुसीपार्नेगरी आएको सो भनाईलाई भारतलेसमेत खासै नरुचाएको देखिएको छ। गतसाता आइतबार सो भनाई बाहिर आएको भोलिपल्टै लामिछाने भारतका भ्रमणमा निस्कनु भएको थियो। नेपालका प्रधानमन्त्रिले नेपाल-भारत सीमा विवाद समाधानमा यूकेको समेत भूमिका हुनसक्ने जनाएपछि भारत चिढिएको छभने युकेको समेत ध्यानाकर्षण भएको देखिएको छ। यसैमेसोमा भारतको विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले नेपाल-भारत सीमाको विषयमा तेश्रो पक्षको भूमिका नरहने प्रतिक्रिया दिएर नेपालका प्रधानमन्त्रिको भनाईको प्रतिवाद गरिसक्नुभएको छ। गतसाता मंगलवार दिल्लीमा आयोजित नियमित पत्रकार सम्मेलनकाक्रममा भारतीय विदेश मन्त्रालयका प्रवक्ता जयसवालले नेपाल र भारतबीचका सीमासम्बन्धी विषयहरु बिद्यमान द्विपक्षीय संयन्त्रमार्फत् सम्बोधन भइरहेकाभन्दै भारतले यसमा कुनै तेश्रो पक्षको भूमिका नरहने बताउनुभएपछि नेपालका प्रधानमन्त्रिमाथि अनेक प्रश्न उठेका छन्। त्यतिमात्र होइन रास्वपाका सभापति लामिछानेले आफ्नो भ्रमणकै समय पारेर गतसाता मंगलवारनै भारतीय पत्रिका द हिन्दुस्तान टाइम्समा एक लेख प्रकाशित गरेर कतिपय कुरामा भारत सामु प्रतिबद्धता जनाउनु परेको देखिएको थियो। जसमा सीमा विवाद लम्बिरहन नहुनेभन्दै ऐतिहासिक तथ्य र आपसी समझदारीका आधारित व्यावहारिक, तथ्यमा आधारित संवादमार्फत समाधान गर्नमा जोड दिइएको थियो। जुन लेखमा उहाँले हामी विगतको कुनै बोझ बोक्दैनौं। हामी पुरानो शत्रुताले बाँधिएका छैनौंजस्ता शब्द र प्रशंगहरु पनि प्रयोग गर्नुभएको पाइएको थियो। भारतका लागि नेपालका पूर्वराजदूत शंकर शर्माले केही सञ्चार माध्यमलाई प्रतिक्रियादिँदै लामिछानेको भारत भ्रमणले दुई देशबीच विश्वासको वातावरण बनाएको बताउनुभएको थियो। अबका दिनमा पञ्चेश्वर आयोजना, हवाई मार्गजस्ता लामो समयदेखि अड्किएर बसेका कुराहरु अघिबढ्न सक्ने अपेक्षा पनि गर्न थालिएको छ। कतिपयले त सीमाका विषयमा छलफल शुरुयो भनेमात्र पनि त्यसलाई सकारात्मकरुपमा लिनुपर्ने बताएको पाइन्छ।

स्मरणिय के छभने केही साताअघि सरकारको प्रवक्तासमेत रहनुभएका शिक्षामन्त्री सस्मित पोखरेलले रास्वपाका सभापति लामिछानेको भारत भ्रमण र प्रधानमन्त्रीको भ्रमणको विषयलाई जोडेर हेर्नु आवश्यक नरहेको बताएर बिषयलाई बिबिधिकरणगर्ने प्रयास गर्नुभएको थियो। त्यसैले लामिछानेको हालैको भारत भ्रमणले भाजपासँगको सम्बन्धलाई मात्र सुधार गरेको देखिएको र मानिएको छ। अब नेपालका परराष्ट्रमन्त्रि खनालको भ्रमण कसरी अगाडि बढ्छ ? त्यो महत्वपूर्ण बिषय हो। कतिपयले रास्वपा सभापति लामिछानेको भारत भ्रमणले नेपाल-भारत सम्बन्धमा नयाँ राजनीतिक सन्देश दिएको ठानेका छन्। प्रधानमन्त्री नरेन्द्र मोदीसहित भारतीय शीर्ष नेतृत्वसँगको भेट र भारतले देखाएको चासोले रविलाई नेपालको उदाउँदो शक्ति तथा भविष्यको प्रभावशाली नेतृत्वकारुपमा हेरिएको पनि कतिपयको ठम्याई छ। भ्रमणकाक्रममा रविले भारतीय जनता पार्टीका अध्यक्ष तथा प्रभावशाली नेता **बाँकी ७ पेजमा**

# आगामी आबको नयाँ बजेटबारे बाम पार्टीहरुको धारणा

काठमाडौं। संसदमा देखिएको अवरोधका कारण आगामी आब ०८३/०८४ को बजेट सहजै पारित हुने कुनै संभावना देखिएको छैन। भोली २५ गतेसम्मका लागि प्रतिनिधिसभाको बैठक स्थगित भएको अवस्था छ। कतिपयले अब बजेटबारे छलफल हुन नसकेमा बहुमतका आधारमा पारित हुने संभवना रहेको बताएका छन्। यसैक्रममा नेकपा(मसाल) का महामन्त्रि मोहन बिक्रम सिंहले एक बक्तब्य प्रकाशित गरी भन्नुभएको छ-सरकारले ०८३/८४को बजेट प्रस्तुत गरेको छ। त्यो बजेट नवउदारवादी, पूँजीवादी प्रकारको रहेको छ। त्यसकारण त्यो बजेट समाजवाद उन्मुख संविधानको घोषित सिद्धान्तअनुरुप नभएको र त्यस अनुसार कुनै कार्यक्रम नआएको कुरा स्पष्ट छ। त्यो बजेटले देशको उद्योग, कृषि, शिक्षा, स्वास्थ्य समेतमा बजेट कटौती गरेको छ।

त्यसकारण त्यसबाट देशको विकास वा रोजगारीमा मद्धत नपुग्ने कुरा निश्चित छ। त्यो बजेटको सम्पूर्ण चरित्रमाथि विचारगर्दा त्यसले आम जनता होइन, दलाल पूँजीपति र विदेशी साम्राज्यवादको नै सेवा गर्ने नै देखिन्छ। त्यसरी अब त्यो बजेटले उद्योग र कृषिको आधारभूत विकासमा मद्धत गर्नुभन्दा बढी लोकप्रियतावादी प्रकारको छ। त्यसले कैयौं आकर्षक नाराहरु दिएर जनतालाई प्रभावितगर्ने प्रयत्न गरेको देखिन्छ। तर वास्तवमा समग्ररुपमा त्यो बजेट देश र जनताको हितमा नभएको कुरा नै देखिन्छ। सरकारको जुन प्रकारको चरित्र छ, त्यस अनुरुप नै त्यो बजेट आएको छ। त्यसैले हाम्रो पार्टीले त्यो बजेटलाई अस्वीकार गर्दछ र विरोध गर्दछ। संविधानमा समाजवादउन्मुख सिद्धान्तको प्रतिपादन गरिएको छ। त्यस अनुरुप त्यसले सार्वजनिक क्षेत्रमा अर्थतन्त्रको विकासमा विशेष जोड दिनु पर्दथ्यो। तर त्यसबारे बजेटमा केही पनि उल्लेख गरिएको छैन। बजेटको त्यस प्रकारको नीति सार्वजनिक अर्थतन्त्रलाई विश्वव्यापी रुपमा नै समाप्त गर्ने साम्राज्यवादी नीति अनुरुप छ र त्यसरी प्रस्तुत बजेटले घोषित रुपले नै साम्राज्यवादको सेवा गरेको छ। त्यसले पहिलेदेखि सार्वजनिक क्षेत्रमा रहेका केही उद्योगहरु वा बिद्युत प्रोजेक्टहरुलाई सार्वजनिक क्षेत्रमा नै राख्ने निर्णय गरेको छ।

तर त्यसले सार्वजनिक क्षेत्रमा रहेका कतिपय कम्पनी र खानीहरुबाट सरकारको सेयर रकम घटाउने र निजी क्षेत्रलाई उपलब्ध गराउने समेत काम गरेको छ। त्यसबाट सरकार वा बजेटको मूलदिशा के हो ? त्यो कुरामा कुनै शङ्का रहन्न। त्यही प्रकारले विदेशी पूँजीलाई पनि बढी भन्दा बढी सुविधाहरु उपलब्ध गराउने प्रयत्न गरिएको छ। त्यो वास्तवमा राष्ट्रिय उद्योगहरुसित अन्तरघात हुने नीति नै हुने छ। बजेटको अध्ययन गर्ने हो भने यो कुरा स्पष्ट थाहा हुन्छ कि पहिलेको तुलनामा शिक्षा, स्वास्थ्य, कृषि र उद्योगमा बजेट घटाइएको छ। त्यसबाट सरकारको उद्देश्य देशको विकासप्रति नकारात्मक भएको कुरा बुझ्न गाह्रो पर्दैन। त्यो नीतिबाट विदेशमा पलायन हुने नेपालीहरुलाई स्वदेशमा नै रोजगारी दिने होइन, उनीहरुलाई अरु ठूलो सङ्ख्यामा विदेश पठाउने र त्यसरी रेमिटेन्सबाट बढी आय गर्ने नै सरकारको नीति रहेको कुरा स्पष्ट छ। सरकारले बिद्युतको अन्तःशुल्कबारे अपनाएको नीतिबाट पनि उपभोक्तालाई बढी मार नै पर्ने छ। सरकारले बिद्युत गाडीमाथि पनि बढी कर लगाएको छ। त्यसबाट हाम्रो देशमा अत्यधिक सम्भावना भएको बिद्युतको प्रयोगबाट नै गाडीहरुको सञ्चालनगर्ने नीति अपनाउनुको सट्टा पेट्रोलको आयातलाई नै बढाएर लैजाने छ। त्यस प्रकारको नीतिले विदेशी पूँजीको नै बढी सेवागर्ने छ। भूमि बैंकको प्रणालीद्वारा किसानहरुलाई नै नोक्सान पुग्दछ। अन्य कयौं देशहरुमा पनि त्यो प्रणाली असफल भइसकेको छ र नेपालमा पनि त्यसको विरोध हुँदै आएको छ। त्यसैले भूमि बैंकको व्यवस्था गलत छ र हामी त्यसको विरोध गर्दछौं। हामीले शुरुदेखि नै संघीयता वा त्यसको प्रदेश तहको व्यवस्थाको विरोधगर्दै आएका छौं। हामीले प्रदेशलाई खारेज गरेर स्थानीय तहलाई अरु अधिकारसम्पन्न बनाउनुपर्ने र त्यसको बजेटमा नि वृद्धि गर्नुपर्ने कुरामा जोड दिँदै आएका छौं। त्यस प्रकारको नीतिले राष्ट्रिय हितलाई मद्धत गर्दछ।

अहिलेको बजेटले स्थानीय तहको बजेटलाई घटाएर प्रदेश तहको बजेटलाई बढाउने निर्णय गरेको छ। बजेटको त्यस प्रकारको नीतिको हामीले कडा शब्दमा विरोध गर्दछौं। अहिले पनि बजेटको ५० प्रतिशत भन्दा बढी खर्च प्रशासनिक कार्यमा नै हुन्छ। त्यो बाहेक ऋण र ब्याज तिर्न पनि बजेटको अत्यधिक ठूलो अंश खर्च हुन्छ। त्यसो भएपछि पूँजीगत खर्चको लागि अत्यन्त कम रकम रहनेछ। त्यसरी विकासका लागि छुट्याइएको रकमको पनि एउटा महत्वपूर्ण अंश भ्रष्टाचारमा अपव्यय हुन्छ र एउटा ठूलो अंश खर्च नै हुन्न। त्यसरी अहिलेको बजेटबाट देशको विकासमा आशाप्रद प्रकारले मद्धत नपुग्ने कुरा निश्चित छ। देशमा राजस्वबाट जुन आम्दानी हुन्छ, त्यसबाट सामान्य प्रशासनिक खर्च चलाउनु पनि गाह्रो हुन्छ। त्यसकारण बजेटको एउटा ठूलो अंश आन्तरिक वा वैदेशिक ऋणबाट नै पूरा गर्नुपर्ने देखिन्छ। त्यसरी देशमा ऋणको भार बढ्दै जानछ र दीर्घकालीन रुपमा यसबाट देशको अर्थतन्त्रमा ठूलो क्षतिनै पुग्न जान्छ। त्यो अवस्थामा सुधारका लागि बजेटले कुनै खास नीति वा योजना अगाडि ल्याएको छैन। देशको व्यापार लगातार घाटामा छ। उत्पादन र निर्यातमा वृद्धि नगरिकन त्यो अवस्थामा सुधार ल्याउन सकिन्न र अहिले बजेटले जुन प्रकारको नीति अगाडि सारेको छ, त्यसबाट उत्पादनमा वृद्धिको सम्भावना एकदम कम देखिन्छ र त्यसले गर्दा निर्यातम पनि कुनै खास वृद्धि हुने देखिन्न। त्यो अवस्थामा व्यापारमा घाटा अरु बढ्दै जाने नै सम्भावना बढी देखिन्छ। सहकारी पीडितका लागि पनि बजेटले कुनै खास व्यवस्था गर्न सकेको छैन। त्यसले सरकारी कोषबाट नै सहकारी पीडितहरुको केही रकम फिर्ता गर्ने नीति अपनाएको देखिन्छ। तर जसले ठूलो **बाँकी ७ पेजमा**

# नेपाल र भारतका बीचमा हुन लागेको सुरक्षा सहकार्य

**यो साताको बिशेष**

काठमाडौं। गत शुक्रबार नेपालका पराष्ट्रमन्त्रि शिशिर खनाल हतारिएर दिल्ली पुग्नुको रहस्य खुलेको छ। उहाँले दिल्ली पुग्नासाथ सर्बप्रथम त्यहाँका सुरक्षा सल्लाहकार अजित डोभल लगायतका सुरक्षा अधिकारीहरुसँग छलफल गर्नुभएको थियोभने हिजो शनिबारमात्र भारतीय विदेशमन्त्रि डा. एस जयशंकर लगायतसँग छलफल भएको थियो। २०१० सालदेखि बिवादमा रहेको नेपाल र भारतबीचको सुपुर्दगी सन्धी गराउने प्रयासलाई तीव्र पारिएको छ। बर्तमान सरकारले नेपाल-भारत सरकारबीच भएको फौजदारी विषयमा पारस्परिक कानूनी सहायता सम्बन्धि सम्झौता गत बैशाख ३० गते नेपालको संसदबाट पारित गराएको छ। बैशाख २९ गते बसेको प्रतिनिधि सभाको बैठकमा कानून, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले सो सम्झौता सक्षा समक्ष पेश गर्नुभएको थियो। कानूनमन्त्री गौतमले दुई मुलुकबीच फौजदारी अभियोगको अनुसन्धान, अभियोजनलगायतका न्यायिक विषयलाई कानूनी माध्यमबाट प्रभावकारी र सहज बनाउने मुख्य उद्देश्य राखी सो सम्झौता गरिएको बताउनुभएको थियो। उहाँले दुई मुलुकबीच फौजदारी अभियोगको अनुसन्धान, अभियोजनलगायतका न्यायिक विषयलाई कानूनी माध्यमबाट प्रभावकारी र सहज बनाउने मुख्य उद्देश्य राखी यो सम्झौता गरिएको दाबि पनि गर्नुभएको थियो। त्यसअघि ०८२ साउन ६ र ७ गते भारतको राजधानी नयाँ दिल्लीमा बसेको नेपाल-भारत गृह सचिवस्तरीय संयन्त्रको बैठकमा पनि त्यसबारे छलफल भएको थियो। उक्त बैठकमा 'फौजदारी विषयमा पारस्परिक कानूनी सहायतासम्बन्धी सम्झौताको मस्यौदा'लाई पूर्णता दिने र ७२ वर्षअघि भएको 'सुपुर्दगी सन्धि पुनरावलोकन' गर्न चाँडै टुंगोमा पुग्ने सहमति भएको भनिएको थियो। त्यसअनुसार नेपाल र भारतबीच सन् १९५३ मा भएको सुपुर्दगी सन्धि चाँडै पुनरावलोकन हुने अनुमान गरिएको थियो। त्यतिबेला परस्पर कानूनी सहायता र सुपुर्दगी सन्धिमा पुनरावलोकनका लागि दुई देश तयार भएको सहमति नेपालीपक्षले सार्वजनिक गरेको थिएन। भारतीय गृह मन्त्रालयले भने त्यस्तो सहमति भएको पुष्टि गरेको थियो। नेपालको तत्कालीन केपी ओली नेतृत्वको सरकारले सो प्रस्ताव नेपालको संसदबाट पारित गराउन नमानेपछि नेपालमा भदौ २३ र २४ को घटना भएको थियो। त्यसपछि बनेको तत्कालीन सुशिला कार्की नेतृत्वको चुनावी सरकारले त्यसलाई स्वीकारगर्ने निर्णय गरेको थियोभने गत फागुन २१ पछि बनेको बर्तमान सरकारले त्यसलाई संसदमा पेश गरेर बहुमतका आधारमा पारित गराएको थियो। सोहीअनुसार गतसाता रास्वपाका सभापति रवि लामिछाने र सोही पार्टीका नेता तथा परराष्ट्रमन्त्रि शिशिर खनालको भारत भ्रमण भएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ।

**के हो सुपुर्दगी सन्धि :** नेपाल र भारतबीच सुपुर्दगी सन्धि भए पनि परस्पर कानूनी सहायताको सम्झौता नभएर अप्ठेरो परेको थियो। परस्पर कानूनी सहायताको सम्झौता नयाँ हो। साथै, यी दुई फरक विषय हुन्। तर परस्पर कानूनी सहायताको सम्झौताले कतिपय अवस्थामा सुपुर्दगी सन्धिको कार्यान्वयन पक्षलाई बलियो बनाउन मद्दतगर्न सक्छ । 'पारस्परिक कानूनी सहायता' अनुसार दुई देशबीच हुने सबै खालका आपसी काम आपसी सल्लाह गरेर देखिएका कानूनी समस्याको पहिचानगरी समाधान गराउनेमा केन्द्रित हुन्छ। तर सुपुर्दगी सन्धि अभियुक्तहरुको लेनदेनमा केन्द्रित हुन्छ। 'पारस्परिक कानूनी सहायता' दुई मुलुकहरुले एकअर्कालाई अपराधसम्बन्धी सूचना, प्रमाण, साक्षी, कागजात, अनुसन्धानजस्ता विषयमा आधिकारिक र कानूनी आधारमा



सहयोग उपलब्ध गराउने व्यवस्था हो। यी दुई विषयलाई अन्तिमरुप दिनेमा दुई देशका अधिकारीहरुबीच सहमति भएपनि नेपालमाभने सुपुर्दगी सन्धिको पुनरावलोकनमा धेरै बहस केन्द्रित भएको देखिन्छ। सुपुर्दगी सन्धिलाईनै लिएर राजनीतिक नेतृत्वबीच आरोप प्रत्यारोपसमेत समेत हुँदैआएको छ। सुपुर्दगी सन्धि भन्नाले कुनै देशमा अपराध गरेर अर्को देशमा आएको व्यक्तिलाई कानूनी प्रक्रिया पूरागरेर सम्बन्धित देशलाई हस्तान्तरणगर्ने विषयको कानूनी सहमति हो। सुपुर्दगी सन्धिको मुख्य उद्देश्य अभियुक्तहरु विदेशी भूमिमा लुकेर सजायबाट उन्मुक्ति नपाउन्भन्ने हो। जस्तो कि कुनै व्यक्ति नेपालमा अपराध गरेर कोही भारतमा गएर लुकेको छ। त्यसरी भागेको अभियुक्तलाई नेपाल पठाइदिन नेपाल सरकारले भारत सरकारलाई अनुरोध गर्छ। त्यस्तो अभियुक्तलाई भारतले कानूनी प्रक्रिया पूरागरेर नेपालाई हस्तान्तरण गर्छभने त्यसलाई सुपुर्दगी भनिन्छ। सुपुर्दगी सन्धिअनुसार हस्ताक्षर गरेका दुई मुलुकले तेश्रो देशको नागरिकलाई पनि सुपुर्दगीगर्न सक्छ, तर त्यसका केही शर्तहरु हुन्छन्। सुपुर्दगी सन्धिले दुई मुलुकबीच कुनै पनि अपराधको अभियोग लागेका व्यक्तिहरुको कानूनी तवरमा आदान-प्रदानगर्ने बाटो खुलाउँछ।

**सन्धि पुरानो, समस्या नयाँ :** नेपालको सुपुर्दगी सन्धि भारतसँग मात्र भएको छ। नेपालको कानूनअनुसार सुपुर्दगी भएको देशसँग मात्र अभियुक्तहरु आदान-प्रदानगर्न सकिन्छ। भारतसँग भएको सुपुर्दगी सन्धिमा पनि सो व्यवस्था छ। नेपालको संसदले बनाएको सपुर्दगी ऐन-०७० अनुसार सुपुर्दगी सन्धि भएको मुलुकलाई अभियुक्त हस्तान्तरणगर्दा अनिवार्यरुपमा अदालती प्रक्रिया अपनाउनुपर्छ भन्ने छ। यदि, अदालतले अभियुक्तलाई सुपुर्दगीगर्ने अनुमति दिएनभने सुपुर्दगी हुनसक्दैन। सन् १९५३ मा भएको सन्धिअनुसार नेपाल-भारतबीच केही अभियुक्तहरुको आदान-प्रदान भएको थियो। सुपुर्दगी सन्धि भए पनि नेपाल-भारतबीच कानूनी हस्तान्तरणमात्र चल्दैन। सरकारहरुले अधिकांश समयमा अभियुक्तहरुको अनौपचारिक लेनदेन गरिरहेका छन्। सन्धिअनुसार अभियुक्त पक्राउगर्दा अदालती प्रक्रियामा लामो समय खर्च हुने भन्दै गम्भीर मुद्धाहरुका अभियुक्तहरुलाई नेपाल-भारतका प्रहरीले आपसी सहमतिमा लेनदेन गर्छन्।

**पुनरावलोकनको बिषय :** नेपाल-भारतबीच भएको पुरानो सुपुर्दगी सन्धि हालसम्म निष्क्रिय रहेको छ। त्यो सन्धिपछि दुवै देशमा धेरै ठूला ठूला राजनीतिक परिवर्तन भए। दुवै देशले त्यसलाई निरन्तरता दिन चाहेनन्। अहिले अनौपचारिक रुपमा अभियुक्तको आदानप्रदान चलिरहेको छ। सुपुर्दगी सन्धिका आधारमा अभियुक्तहरुको लेनदेन पछिल्लो समय भएको छैन। बरु, दुई देशका सुरक्षा अधिकारीहरुले अनौपचारिक हिसाबमा अभियुक्तहरु हस्तान्तरण गरिरहेका छन्। पुरानो सन्धि निष्क्रियझैं रहेको अवस्थामा पुनरावलोकनमा के त्यस्ता प्रावधानहरु आउँछन् भन्ने आधिकारिक विवरणहरु सार्वजनिक भएका छैनन्। सीमा पार अपराध र पछिल्लो समय प्रविधिमा आधारित अपराधका विषयहरु पुनरावलोकनमा समेटिने भनिएको छ। त्यस्तै, सुपुर्दगीगर्दा अपनाइने अन्तर्राष्ट्रिय स्तरको मापदण्डहरुसमेत स्पष्ट तोकिने सम्भावना पनि छ। अन्तर्राष्ट्रियस्तरको मापदण्ड भन्नाले दुई देशको अदालती सहमतिमामात्र, अभियुक्तहरुको लेनदेन हुनेभन्ने हो। सुपुर्दगी सन्धि पुनरावलोकनमा तेश्रो देशका नागरिकको विषय मुख्य बहसमा आएको छ। भारतीयपक्षले लामो समयदेखि तेश्रो देशको व्यक्तिहरुलाई समेत नेपाली भूमिबाट आफ्नो देशमा सुपुर्दगी गर्नुपर्ने दबावदिँदै आएको छ। तेश्रो देशका नागरिक भनेर भारतीयपक्षले मुलतः पाकिस्तानी नागरिकहरुको सुपुर्दगीको विषय उठाइरहेको छ। सुपुर्दगी सन्धिको एउटा महत्वपूर्ण पाटो दुई देशबीच यस्तो सन्धि भएको अवस्थामा कुनै एक देशमा मृत्युदण्डको कानून नहुँदा (जस्तै नेपाल), उसले अनुरोध गर्ने देश (जहाँ मृत्यु दण्डको कानून छ) लाई चाहेको कोही पनि सुपुर्दगी नगर्न सक्छ। अथवा, त्यस्तो अवस्थामा मात्र सुपुर्दगीगर्न सक्छ जुनबेला अनुरोधगर्ने देशले सम्बन्धित व्यक्तिलाई मृत्युदण्ड नदिइने बाध्यकारी आश्वासन दिन्छ।

**पुनरावलोकनको कसरत :** नेपाल-भारतबीच सुपुर्दगी सन्धि पुनरावलोकनको कसरत लामो समयदेखि भइरहेको छ। यो पुरानो भयो र आधुनिक कानूनी मापदण्ड अनुसार यसका सीमितता छन् भन्ने कुरामा दुवै देश सहमत छन्। सो सन्धिअन्तर्गत नेपालले आफ्ना नागरिक भारतलाई सुपुर्दगी गर्दैन र भारतले पनि आमरुपमा आफ्ना नागरिक नेपाललाई दिँदैन। सन् २००० मा नेपालका तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भारत भ्रमणको एउटा बुँदा यही सन्धि पुनरावलोकन पनि थियो। पछि फेरि सन् २०१० मा पनि केही प्रयास भएपनि यो विषय थाती रहँदैआएको छ। सन्धि पुनरावलोकनमा दुई देशका अधिकारीहरुबीच सन् २००५ मा एक किसिमको सहमति नै बनेको थियो। त्यतिबेला दुई देशका अधिकारीहरुले सुपुर्दगी सन्धिको अद्यावधिकगर्न मस्यौदा नै तयार पारेका थिए। तर, त्यसबेला नेपालको राजनीति संक्रमणकालबाट गुज्रिरहेको थियो। विशेष गरीः तत्कालीन माओवादी शान्ति प्रक्रियामा सहभागिताको संवेदनशीलता देखाउँदै यो विषय टुंगोमा पुग्नसकेको थिएन। यद्यपि, तेश्रो देशका नागरिकको सुपुर्दगी गर्ने/नगर्ने भन्ने विषयमा त्यतिबेला सहमति हुनसकेको थिएन।

**७३ वर्षअघिको सन्धि :** नेपाल र भारतबीच ७३ वर्ष अगाडि २०१० सालमै सुपुर्दगी सन्धि भएको थियो। ब्रिटिस शासनबाट स्वतन्त्र भएपछि भारतले सन् १९५३ मा नेपालसँग सुपुर्दगी सन्धि गरेको थियो। १६ असोज २०१० मा तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइराला र भारतकातर्फबाट नेपालस्थित राजदूत भालचन्द्र कृष्ण गोखलेले सन्धिमा हस्ताक्षर गर्नुभएको थियो। सो सन्धि हाल व्यवहारमा कार्यान्वयनमा छैन। पुरानो सन्धिलाई विस्थापितगर्दै नयाँ सन्धिगर्न दुई पक्षबीच सन् २००० को शुरुबाट द्विपक्षीय वार्ता र छलफल



अघि बढे पनि सहमतिमा पुगेको छैन। पुरानो सन्धिमा तेश्रो मुलुकका नागरिकलाई सुपुर्दगीगर्न नपाउने भनेको छ। त्यही विषयलाई संशोधनगर्ने भारतको जोड छ। हत्या, हत्याको षड्यन्त्र, हत्याको अभियोग, गम्भीर अंग/भंगको अपराध, बलात्कार, डकैती, रहजनी, हिंसात्मक लुटपाट, घर फोरेर गरिएको चोरी, हिंसापूर्ण चोरी, ५०० बढी मूल्यको चोरी वा पशुधनको चोरी त्यस सूचीमा छन। आगजनी, सैनिकबाट भगौडा, प्रतिबन्धित मालसामानको आयात/निर्यात, सरकारी सम्पत्तिको हिनामिना, अपहरण, राष्ट्रसेवकले घूस लिएको, जेलबाट भागेकोजस्ता अपराध कर्ममा संलग्नलाई सुपुर्दगीगर्न सकिने उल्लेख छ। एउटा देशको भूभागभित्र कुनै अपराधको अभियोग लगाइएका वा अपराधी ठहरिएका व्यक्तिहरु अर्को देशको भूभागभित्र पाइएमा त्यस्ता व्यक्तिहरुलाई सन्धिपत्रको शर्त अधीनमा रही एकअर्काको देशलाई सुम्पिन सकिने धारा १ मै उल्लेख छ। सैनिक सेवाबाट भाग्ने काम (भगौडा सैनिक) को अभियोग लागेका व्यक्तिबाहेक कुनैपनि अभियोग लागेका मानिस तेश्रो देशको नागरिक रहेछभने त्यस्तो व्यक्तिलाई सुम्पन दुवै सरकार बाध्य नहुने सन्धिको धारा २ मा उल्लेख छ। 'धारा ३ को उपधारा १० मा उल्लेखित कसुरको अभियोग लगाइएकोमा बाहेक अरु अभियोग लागेको मानिस प्रत्यार्पणको मागगर्ने सरकारको नागरिक रहेनछभने त्यस्तो व्यक्तिलाई सुम्पन दुवै सरकार बाध्य हुने छैनन्।' सन्धिको धारा ३ मा अपराधको सूची छ। त्यसको उपधारा १० मा सैनिक सेवाबाट भाग्ने काम ( भगौडा सैनिक) उल्लेख छ। पहिला भएका सन्धिले आजको बदलिँदो परिस्थितिमा समस्यालाई समाधानगर्न ठोस योगदानगर्न नसक्ने भएर नेपाल-भारतबीच नयाँ सन्धिको कुरा उठ्दै आएको सरकारी अधिकारीहरको भनाई छ। सुपुर्दगी र पारस्परिक कानूनी सहायता दुवै एकअर्काका परिपूरक रहेको उनले बताए। 'अपराध नियन्त्रणका लागि यी सन्धि हरेक देशले अर्कोसँग गर्ने गरेको छ। आन्तरिक राजनीतिको व्यवस्थापनगर्न नसक्दा नेपाललाईमात्रै गाह्रो परेको हो।

**सुपुर्दगी सन्धिको विवाद :** नेपाल र भारतले सन् १९५३ मानै सुपुर्दगी सन्धिमा हस्ताक्षर गरेका थिए तर त्यो सन्धि पुरानो भएकाले समय सुहाउँदो किसिमले नयाँ सन्धि गर्नुपर्ने विज्ञहरुले बताउँदै आएका छन्। दुवै देशले सन् २००५ मा गृहसचिवको तहमा उक्त सन्धिको अद्यावधिक मस्यौदालाई अन्तिमरुप दिएका थिए तर तत्कालीन माओवादीहरु शान्ति प्रक्रियामा आएसँगै उक्त विषय संवेदनशील रहेकोभन्दै त्यसबारे थप छलफल गरेरमात्रै टुंगोमा पुग्ने निष्कर्ष निकालिएको थियो। पहिलादेखि नै नेपाल र भारतबीच एक अर्काका देशका अपराधीहरुलाई सुपुर्दगी गर्ने कुरामा सहमति छ। तर तेश्रो देशको नागरिकको हकमा केही सवालहरु थिए। त्यही भएर रोकिएर बसेको अवस्था छ। हाल नेपाल र भारतका सुरक्षा निकायहरुले अनौपचारिक सहमतिका आधारमा कतिपय गम्भीर अपराधसँग जोडिएका आरोपीहरु एकअर्का देशलाई सुम्पनेसहितका गतिविधिहरु गर्दैआएका छन्। लोकतन्त्रमा र कानूनी राजमा अनुसन्धान र अभियोजनका प्रक्रियाहरु समझदारीभन्दा पनि कानूनलेनै परिभाषित गर्नुपर्छ। कानूनहरु बनाएर नै यसलाई अघि बढाउनुपर्छ। एकअर्का देशले आतंकवादी वा आपराधिक क्रियाकलापमा संलग्न भएको आरोपमा खोजिरहेका व्यक्तिहरुलाई एकअर्कासमक्ष हस्तान्तरणगर्ने प्रावधान सुपुर्दगी सन्धिमा राख्दा सावधानी अपनाउनुपर्ने नेपाली विज्ञहरुले बताउने गरेका छन्। पर्याप्त सतर्कता नअपनाउँदा भारत र चीनजस्ता शक्तिशाली देशबाट घेरिएको र दक्षिण एशियामा देखापरिरहने क्षेत्रीय द्वन्दको मारसमेत बेलाबेलामा खेप्ने गरेको नेपाल असजिलोमा पर्नसक्ने जानकारहरुको विश्लेषण छ।

**२६ वर्षदेखि प्रयास जारी :** भारतले ५० देशसँग सुपुर्दगी सन्धि गरेपनि तेश्रो देशका नागरिकको विषयलाई लिएर नेपालसँग सहमति जुटेको छैन। सचिव, मन्त्री वा प्रधानमन्त्रीस्तरका भ्रमणमा सुपुर्दगी सन्धिको एजेन्डा भारतबाट राखिँदै आएको छ। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा २०५८ चैत ७-१२ मा भारत भ्रमणमा रहँदा सुपुर्दगी सन्धिको विषय एजेन्डामा परेको थियो। संयुक्त वक्तव्यको बुँदानम्बर ७ मा सुपुर्दगी सन्धिलाई अद्यावधिकगर्ने उल्लेख थियो। त्यतिबेला देउवाको भ्रमणभन्दा एक महिना अगाडि दिल्लीमै भएको गृह सचिवस्तरीय बैठकले यथाशीघ्र पारस्परिक कानूनी सहायता सम्झौतालाई निष्कर्षमा पुऱ्याउने र सुपुर्दगी सन्धिलाई अद्यावधिकगर्ने निर्णय गरेको थियो। २०६१ माघमा गृह सचिवस्तरीय बैठकले सुपुर्दगी सन्धि र पारस्परिक कानूनी सहायता सन्धिको मस्यौदालाई अन्तिमरुप दिँदै प्रारम्भिक हस्ताक्षर गरेको थियो। २०६१ माघ ६ र ७ गते दिल्लीमा बैठक बसेको थियो। बैठकले सुपुर्दगी र एमएलएको मस्यौदालाई अन्तिम रुप दिएको थियो। दुवै देशले आन्तरिक प्रक्रिया सकेर छिट्टै त्यसमा औपचारिक हस्ताक्षरगर्ने सहमति गरेको त्यतिबेला भारतीय विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख थियो। नेपालकातर्फबाट तत्कालिन गृह सचिव चण्डीप्रसाद श्रेष्ठ र भारतका गृह सचिव **बाँकी ७ पेजमा**

# नेपाल र भारतबीचको पारस्परिक फौजदारी कानून र संभावनाहरु

सन्तबहादुर नेपाली



नेपाल र भारतबीच गत वैशाखको शुरुमै फौजदारी विषयमा पारस्परिक कानूनी सहायतासम्बन्धी सम्झौता संसदले पारित गरिसकेको छ र कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले समेत प्रमाणित गरिसकेको अवस्था छ। पारस्परिक कानूनी सहायतासम्बन्धी सम्झौता भनिए पनि त्यो दुई देशबीच हुने अपराधिक क्रियाकलापमा संलग्न व्यक्तिहरुको एक अर्को देशलाई सुपुर्दगीगर्न गरिएको सम्झौता हो अर्थात् सुपुर्दगी सन्धिकै एक अंग हो। पहिलो पटक अंग्रेज र नेपाल सरकार बीच सन् १९५३ (वि.सं. २०१०) मा त्यसप्रकारको सुपुर्दगी सन्धि भएको पाइन्छ। त्यतिबेला दुवै देशमा व्यवस्था परिवर्तन भएको थियो। परिवर्तित अवस्थामा नयाँ सन्धि गर्नुपर्ने ठानिएको थियो। तर त्योभन्दा पहिलेदेखि राणाहरु र अंग्रेजहरुबीच पनि सुर्पुदगी सन्धि भएका थिए। २०१० सालमा भएको सन्धिले पछिल्लो समयमा हुने गरेका अपराधिक क्रियाकलापलाई समेट्न नसकेकोभन्दै नयाँ सुपुर्दगी सन्धिगर्न भारतले दबाब बढाउन थाल्यो। तर भारतको नियत पाकिस्तानी आतंकवादीलाई नेपाल सरकारले भारतलाई हस्तान्तरण गर्नुपर्ने जस्ता शर्तहरु राखेको हुनाले नेपाल सरकारले अस्वीकारगर्दै आएको थियो। त्यो बाहेक पनि भारतमा कुनै अपराधमा संलग्न नेपाली नागरिक फरार भएर नेपाल आएको रहेछभने त्यसलाई पनि नेपाल सरकारले सुपुर्दगी गर्नुपर्ने, भारतीय प्रहरी नेपालमा प्रहरी पोषाकमै खोज तलासीगर्न आउन पाउनेजस्ता प्रावधानमा भारतीय सुरक्षाकर्मी अडान लिने गर्दा नेपालले पनि अस्वीकारगर्दै आएको थियो। तैपनि अनौपचारिक रुपमा भारतले नेपालमा वर्दीसहित प्रवेशगर्ने, दोषीलाई पक्रेर लैजानेगर्दै आएको थियो।

देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि प्रत्येक नयाँ प्रधानमन्त्रीको पालामा भारतले नयाँ नयाँ प्रावधानहरु थप्ने वा कतिपय हटाउने गरेर सम्झौतागर्न खोज्यो र त्यसका लागि गृहमन्त्रालय स्तरमा दुई देशका सचिवहरु बीच पनि बैठकहरु भए। तर आआफ्ना अडानका कारण सहमति हुन सकेको थिएन। सहमति नभए पनि अपराधमा संलग्न व्यक्तिलाई पक्राउगर्ने कामभने रोकिएको थिएन। नेपाल वा भारतका प्रहरीले कुनै आरोपित व्यक्तिलाई पक्रियोभने उनीहरु नेपाल-भारत सीमाबाट पक्रेको बताउनेगर्दै आएका छन्। उनीहरुलाई कुनै कानूनले छेकेको छैन। नेपाल र भारत बीच खुला आवागमन भएको हुनाले एक अर्को देशमा अपराधगर्ने र लुक्ने सम्भावना प्रशस्त छ। त्यो अवस्थामा अपराधीलाई पक्रनु र आफ्नो देशको कानूनअनुसार सजाय गर्नु सम्बन्धित देशको काम हो। एउटा देशको व्यक्ति अर्को देशमा गएर लुकिछिपी बसेको छ भने उसलाई हस्तान्तरण गर्नु सम्बन्धित देशको काम हो। सुपुर्दगीको प्रश्नमा धेरै देशसँग सन्धि सम्झौता हुने गर्छ। त्यसमा कुनै विवाद छैन। तर भारत र नेपालको भू राजनीतिक अवस्थालेगर्दा नेपालले भारतको अनावश्यक शर्तहरुको दबाबमा आएर मान्ने कुरा हुँदैन। भारतले शुरुदेखि मुखले जे भने पनि व्यवहारमा नेपालको सार्वभौमिकता, भूअखण्डता र राष्ट्रियताको सम्मान गरेको पाइँदैन। उसले नेपाललाई सकेसम्म सिक्किम, नसकेमा भुटानको स्तरमा राख्न खोजेको छ। त्यसका लागि उसले राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अतिक्रमण गर्दै आएको छ। त्यसकारण भारतसित गरिने सन्धि सम्झौताहरु मूलतः समानता, सम्मानजनक र मैत्रीपूर्ण हुनु आवश्यक छ। यस अघिका सरकारहरुको पालामा भारतीय पक्षबाट सकारात्मक ढंगले प्रस्ताव नआएको र आफ्नो नीति जवरजस्ती लाद्न खोजेको हुँदा सम्झौता निष्कर्षमा पुग्न सकेको थिएन। जेनजी विद्रोहपछि सुशिला कार्कीको नेतृत्वमा सरकार बन्यो। सुशिला कार्की प्रधानमन्त्री बन्नु संयोग थिएन, योजनाबद्ध थियो। उहाँले गत सालको आश्विनतिर सुपुर्दगी सन्धिमा हस्ताक्षरगर्ने निर्णय गर्नुभयो। त्यसबाट भारत उत्साहित भयो र निर्वाचनमा पनि भारतले रास्वपालाई जिताउन सबैतिरबाट सहयोग गर्‍यो।

त्यसैको फलस्वरुप वालेन्द्र सरकारले भारतलाई सुपुर्दगी सन्धिको पहिलो उपहार दिएको छ। फौजदारी विषयमा पारस्परिक कानूनी सहायतासम्बन्धी सम्झौता नामको यो सुपुर्दगी सन्धि हस्ताक्षर गरिएको ३० दिन पछि लागूहुने भनिएको छ। तसर्थ यो यही जेठ ३० गतेबाट लागू हुनेवाला छ। यो सन्धि अन्तर्गत सबै भन्दा खतरनाक प्रावधान त के छभने दुई देशका प्रहरी वा सुरक्षाकर्मीहरुले संयुक्त अनुसन्धान टोली बनाउने प्रावधान राखिएको छ। यो प्रावधानले भारतीय सुरक्षाकर्मीलाई कानूनीरुपमै नेपालमा बसेर कार्वाहीगर्ने छुट दिनेछ। त्यसकारण नेपालमा पटकपटक बनेका सरकारहरुले अस्वीकारगर्दै आएका थिए। भारतीय सुरक्षाकर्मीहरुलाई नियन्त्रण गर्न नेपालले सक्दैनथ्यो, अहिले पनि सक्दैन। अहिलेको प्रावधानले स्वयं संयुक्त अनुसन्धान टोलीलाई कार्यविधि बनाउने जिम्मा नै दिएपछि भारतीय पक्ष आफ्नो अनुकूलको प्रावधान बनाउन स्वतन्त्र भएको छ। उनीहरु नेपालको कुनै पनि इलाकामा जान, खान तलासीगर्न, दसी प्रमाण लिन, प्रमाण संकलनगर्न, फौजदारी र न्यायिक अभिलेख लगायतका सूचना कागजात र अन्य रेकर्डहरु उपलब्ध गराउन, वयान लिन, संयुक्त टोलीमा रहेर नेपाल प्रहरीले सहयोग गर्नुपर्नेछ। सुपुर्दगी सन्धि नभएको अवस्थामा पनि भारतीय प्रहरीहरु नेपाल सरकारको अनुमति नलिई प्रहरीकै युनिफर्ममा कैयौं पटक नेपाल प्रवेश गरिसकेका छन्। काठमाडौंको बानेश्वरसम्म आफ्नै गाडी लिएर पनि आएका छन्, छापा मारेका छन्। यो कानून बनेपछि उनीहरु कानूनीरुपमै नेपाल प्रवेशगर्न, अनुसन्धान गर्न देशको कुनै पनि भूभागमा जान पाउने छन्।

त्यसले नेपालीहरुको सामाजिक जीवनमा कस्तो प्रभाव पार्ला ? यो सन्धिले पहिले गरिएको आशंका सत्य सावित गरिदिएको छ। संयुक्त अनुसन्धानका नाममा तेस्रो मुलुकका नागरिकमाथि पनि कार्वाहीगर्न बाटो खोलेको छ। त्यसले अन्य मुलुक सितको सम्बन्ध पनि बिग्रन सक्ने देखिन्छ। यो प्रावधानले नेपाललाई आफ्नै देशको नागरिकलाई आफ्नो देशको कानून अनुसार कार्वाही नगरेर भारतीय कानूनअनुसार कार्वाही गर्न भारतलाई छुट दिनेछ। वालेन्द्र सरकारको भारतका लागि यो पहिलो उपहार हो। यस भन्दा पनि अगाडि बढेर उनले संसदको रोष्ट्रममा उभिएर लिम्पियाधुरामा हाम्रो भूभाग मिचिएकोबारे सांसदले प्रश्न उठाउँदा भारतले नेपालकोमात्र मिचेको छैन, नेपालले पनि धेरै ठाउँमा भारतको जमिन मिचेकोभनेर भारतलाई अर्को विदेश नीतिको उपहार दिएका छन्। भारतीय नेताहरुले वालेन्द्रलाई बधाई पनि दिइसकेका छन्। नेपालमा पनि भारतीय विस्तारवादका दलालहरुले वालेन्द्रले आजसम्म कुनै नेताले गर्न नसकेको काम गरेर देखाउँदै छन् भनेर कुर्लेका छन्। वालेन्द्रले एकातिर नेपालले पनि भारतको भूमि मिचेकोभन्नु अर्कोतिर अर्कोदिन पार्टी अध्यक्ष रवि लामिछाने पाँच दिने भारतको भ्रमणमा जानु, लामिछाने स्वदेश फर्कनासाथ नेपालका परराष्ट्रमन्त्रिको भारत भ्रमण तयहुनु, अझ त्योभन्दा डरलाग्दो कुरो त के छभने सुस्तामा नारायणी नदीमा १३२ मिटर लामो तटबन्धन बनाइ राखेको बेला वालेन्द्रको राष्ट्रघाती अभिव्यक्ति पछि तत्कालै भारतीय सुरक्षार्कीको ३५ जनाको टोली आएर तटबन्धनको काम रोक्न दबाब दिएका छन्। एकपछि अर्कोगरी श्रृंखलाबद्ध रुपमा यी घटनाहरु आएको पृष्ठभूमिमा नेपाल सरकारको नेतृत्व गरिरहेको दललेनै सिक्किमको नेशनल कांग्रेसलेजस्तै भारतलाई देशको सार्वभौमिकता हस्तान्तरणगर्ने हुन् किभन्ने सन्त्रास बढेको छ। किनकि रास्वपाका एक जना पनि सांसद वालेन्द्रको अभिव्यक्तिप्रति संवदेनशील देखिएनन्। बरु वालेन्द्रले उक्त अभिव्यक्ति दिइरहँदा टेबुल ठटाएर समर्थन गरिरहे। गतवर्ष रास्वपाका तत्कालिक महामन्त्री मुकुल ढकालले रवि लामिछानेले नेपाललाई भारतमा गाभ्ने शर्तमा भारतसित प्रधानमन्त्री बनाउन अनुरोधगर्ने कुरा वालेन्द्रसित गरेको भन्ने सार्वजनिक गरेका थिए। त्यो कुरा वालेन्द्र र रविको गतिविधिले अहिले पुष्टिगर्दै आइरहेकोछ। अहिलेको घटनाले देशको भयानक तस्वीर देखाएको छ। त्यसकारण सुपुर्दगी सन्धि नेपालमा भारतीय प्रभुत्वको शुरुवात हो।

यसलाई सबै स्वाभिमानी नेपालीहरुले अस्वीकार गर्नुपर्छ र खारेज गर्नुपर्छ। सन् १९५० को सन्धिलाई पनि शान्ति र मैत्रीपूर्ण भनिएको थियो। सन्धि गर्नासाथ नेपालका वामपन्थी शक्तिहरुले विरोध गरेका थिए र आज पनि गर्दै छन्। त्यही सन्धिका कारण नेपालमाथि भारतले दादागिरी चलाईरहेको छ। त्यसलाई खारेजगर्ने कुरा उठेपनि भारतले टेरपुच्छर लगाएको छैन। आजसम्म इपीजीको प्रतिवेदन बुझ्न मानेको छैन। त्यसकारण यो सुपुर्दगी सन्धि पनि समानताको आधारमा लागु हुने छैन। यो सन्धिलेगर्दा लामो समयसम्म नेपालले भारतीय सुरक्षाकर्मीको अत्याचार सहनुपर्ने अवस्था आउनेछ। यतिबेला सबै देशभक्तहरुले गम्भीर भएर सोच्नुपर्ने भएको छ। **(लेखक क्रान्तिकारी कम्युनिष्ट पार्टीका बरिष्ठ नेता तथा क्रान्तिकारी मोर्चाका संयोजक हुनुहुन्छ।)**

# जलबिद्युत आयोजना निर्माणमा बिभिन्न समस्या

काठमाडौं। जलबिद्युत आयोजना निर्माणमा बिभिन्न समस्याहरु देखिन थालेका छन्। यसैक्रममा प्राप्त एक समाचार अनुसार खोटाङ र ओखल ढुंगाको सीमानामा पर्ने दूधकोशीस्थित रभुँवाघाटबाट उत्पादनगर्ने लागिएको ६७० मेगावाट क्षमताको दूधकोशी जलाशययुक्त जलबिद्युत आयोजना अघि बढ्नेभएको छ। नेपाल सरकारले गतसाता सार्वजनिक गरेको आर्थिक वर्ष ०८३/८४ को बजेटमा दूधकोशी जलाशययुक्त जलबिद्युत आयोजना समावेश गरेपछि आयोजनाको काम अघिबढ्ने निश्चित भएको हो। दूधकोशी जलाशययुक्त जलबिद्युत आयोजनालाई नेपाल सरकारले प्राथमिकताकासाथ अगाडि बढाउनेगरी अर्थमन्त्री डा स्वर्णिम वाग्लेले बजेटमा समावेश गर्नुभएको छ। दूधकोशी आयोजना सञ्चालनका लागि ठेक्का आबहान गरेर आयोजनाको काम अगाडि बढाउने अर्थमन्त्री डा वाग्लेले बजेट भाषणमार्फत जानकारी दिनुभएको छ। खोटाङको रावाबेँशी-३ लामीडाँडा र ओखलढुंगाको चिसंखुगढी-६ भदौरेको सीमानामा पर्ने रभुँवाघाटबाट उत्पादन गरिने बहुउद्देश्यीय जलबिद्युत आयोजनाका लागि तत्कालीन अर्थमन्त्री वर्षमान पुनको पालामा नेपाल सरकार र लगानीकर्ताबीच सहमति जुटाइएको थियो। करिब ४३ वर्षअघि अध्ययन गरिएको दूधकोशी जलाशययुक्त जलबिद्युत आयोजनामा एशियाली विकास बैंक लगायतका वित्तीय संस्थाहरुले लगानीगर्ने जनाएको छ। दूधकोशी आयोजनाले ओगट्ने खोटाङ, ओखलढुंगा र सोलुखुम्बुका सरकारी तथा व्यक्तिकागरी करिब २५ हजार रोपनी जग्गा प्राप्ति (अधिग्रहण) को प्रक्रिया अघि बढाइएको छ।

जलाशययुक्त जलबिद्युत आयोजना सञ्चालनका लागि सरकारी जग्गा बाहेक व्यक्तिको नाममा रहेको करिब २० हजार रोपनी जग्गा अधिग्रहण हुने अनुमान गरिएको बिद्युत प्राधिकरणले जनाएको छ। बजेट अभावका कारण व्यक्तिको नाममा रहेको जग्गाको मुआब्जा लामो समयसम्म निर्धारण नहुँदा जलबिद्युत आयोजना नबन्ने होकीभन्ने चिन्ता बढ्दैगएको थियो। मुआब्जा निर्धारण नभए पनि जलबिद्युत आयोजनाबाट प्रभावित हुने जग्गाको किनबेचमा भने, नेपाल सरकारले रोक लगाएको छ। जलबिद्युत आयोजनाका लागि सरकारले जग्गा किनबेचमा रोकलगाएर मुआब्जा निर्धारणमा अलमलगर्दा समस्या भएको स्थानीय जग्गाधनीको गुनासो छ। अर्थमन्त्री डा वाग्लेले प्रस्तुत गर्नुभएको बजेटमा उक्त आयोजना समावेश भएपछि जिल्लावासी हर्षित भएका छन्। दूधकोशी आयोजनालाई सरकारले राष्ट्रिय गौरवको आयोजनामा राखेको छ। सरकारको राष्ट्रिय गौरवको आयोजनामा रहेको दूधकोशी आयोजनाले ओगट्ने जग्गाको मुआब्जा निर्धारणका लागि रायसुझाव लिन बसेको सर्वदलीय बैठकले जग्गा प्राप्ति ऐन-०३४ बमोजिम चलनचल्तीको मूल्य, बैंक तथा वित्तीय संस्थाले गर्ने मूल्यांकन, जिल्लामा कारोबार भएको मूल्य र सरकारी दर रेटलाई आधार मानेर जग्गाको मूल्य निर्धारण गर्ने निचोड निकालेको थियो। दूधकोशी आयोजनाका लागि खोटाङतर्फ जग्गा कारोबार ०७८ असारदेखि रोक्का छ भने ओखलढुंगातर्फको जग्गा अधिग्रहणका लागि ०७८ फागुनमा सूचना निकालिएको थियो।

# अन्तराष्ट्रिय

## उत्तर कोरियाले उत्पादनगर्न लागेको आणविक बमका लागि आवश्यक इन्धनका कुरा

कर्तव्य

यतिबेला सर्बत्र बिश्व शान्तिको माग भैरहेको छ। तर कतिपय मुलुकभने आणबिक हतियारको होडबाजीमा लागेको देखिएको छ। हालैमात्र उत्तर कोरियाले आफ्नो आणविक हतियार कार्यक्रमलाई अझ तीव्र बनाउने संकेतस्वरुप आणविक बमका लागि आवश्यक इन्धन उत्पादनगर्ने नयाँ संयन्त्र सार्वजनिक गरेपछि बिश्वमा हलचल भएको छ। राज्य सञ्चालित सञ्चारमाध्यमले सार्वजनिक गरेका विवरणअनुसार नेता किम जोङ उनले देशको आणविक शक्तिलाई तीव्र गतिमा विस्तारगर्ने लक्ष्य दोहोर्‍याउनुभएको छ, जसले कोरियाली प्रायद्वीपमा सुरक्षा चिन्तालाई थप बढाएको छ। दक्षिण कोरियाली सेनाले सार्वजनिक गरिएको स्थललाई युरेनियम संवर्द्धन संयन्त्रका रुपमा मूल्यांकन गरेको जनाएको छ। दक्षिण कोरियाको संयुक्त सैनिक मुख्यालयले उत्तर कोरियाको आणविक गतिविधिमाथि निगरानीगर्न संयुक्त राज्य अमेरिकासँग नजिकको समन्वय भइरहेको जानकारी दिएको छ, यद्यपि उक्त स्थलसम्बन्धी थप विवरण सार्वजनिक गरिएको छैन। उत्तर कोरियाको सरकारी समाचार संस्था केसीएनएकाअनुसार नयाँ सुविधामा अझ परिष्कृत प्रविधि प्रयोग गरिएको छ। तर संयन्त्रको ठ्याक्कै स्थान, यसको उत्पादन क्षमता वा सञ्चालन शुरु भएको मिति खुलाइएको छैन। राज्य सञ्चारमाध्यमले सार्वजनिक गरेका तस्बिरहरुमा हतियार-स्तरको युरेनियम उत्पादनका लागि प्रयोग हुने सेन्ट्रिफ्युजहरुले भरिएको ठूलो हल देखिन्छ, जसले उत्तर कोरियाको आणविक कार्यक्रम निरन्तर विस्तार भइरहेको संकेत दिन्छ। नयाँ संयन्त्रको सार्वजनिकसँगै किमले पछिल्ला वर्षहरुदेखि अघिबढाउँदै आएको आणविक हतियार कार्यक्रम विस्तार गर्ने नीतिलाई थप स्पष्ट पार्नुभएको छ। उहाँले अमेरिका नेतृत्वको सुरक्षा चुनौती र सैन्य दबाबलाई उत्तर कोरियाले




आफ्नो आणविक क्षमता बढाउनुको मुख्य कारणकारुपमा प्रस्तुतगर्दै आउनुभएको छ। केसीएनएकाअनुसार किमले गत बुधबार उक्त आणविक केन्द्रको भ्रमणगरी सञ्चालन अवस्था र दीर्घकालीन उत्पादन योजनाबारे जानकारी लिनुभएको थियो। भ्रमणकाक्रममा उहाँले देशको आणविक प्रतिरोध क्षमता गुणस्तर र परिमाण दुवै हिसाबले अझ सुदृढ बनाउनुपर्ने आवश्यकता अझ बढ्दै गएको बताउनुभएको थियो। समाचार संस्थाले किमको भनाइ उद्धृतगर्दै उत्तर कोरिया 'सबैभन्दा हिंसक शत्रुहरु' सँग सामना गरिरहेको उल्लेख गरेको छ। यसलाई व्यापक रुपमा अमेरिका र दक्षिण कोरियातर्फ लक्षित टिप्पणी मानिएको छ। उहाँले बदलिँदो सुरक्षा वातावरण, बिभिन्न खतराहरु र अन्तर्राष्ट्रिय संकटलाई पनि आणविक क्षमता विस्तारको औचित्यकारुपमा प्रस्तुत गर्नुभएको छ। केसीएनएले उत्तर कोरियाको हतियार-स्तरको आणविक सामग्री उत्पादन क्षमता पाँचवर्षअघिको तुलनामा दोब्बरभन्दा बढी पुगेको दाबीगरेको छ। यद्यपि उक्त दाबी स्वतन्त्ररुपमा पुष्टि हुनसकेको छैन। त्यसैगरी, किम र अन्य वरिष्ठ अधिकारीहरुले देशको आणविक क्षमता उल्लेखनीयरुपमा बढाउने दीर्घकालीन महत्त्वाकांक्षी योजनालाई प्राथमिकताकासाथ कार्यान्वयनगर्ने निर्णय गरेको पनि केसीएनएले जनाएको छ। सार्वजनिक गरिएका तस्बिरहरुमा किम चाँदी रङका ट्युब र पाइपहरुले भरिएका सेन्ट्रिफ्युज हलजस्ता संरचनाबीच निरीक्षण गरिरहेको देखिन्छ। अर्को तस्बिरमा उहाँ वरिष्ठ अधिकारीहरुसँग बैठकमा सहभागी देखिनुभएको छ। बैठक कक्षमा राखिएको एउटा अस्पष्ट चित्रमा बमको अग्रभागजस्तो देखिने वस्तु देखिएको थियो, तर त्यो आणविक हतियारको नमूना हो वा होइनभन्ने स्पष्ट हुन सकेको छैन।

उत्तर कोरियाले सेप्टेम्बर २०२४ मा अर्को गोप्य युरेनियम संवर्धन केन्द्र सार्वजनिक गरेको दुई वर्षभन्दा कम अवधिमा यो नयाँ खुलासा गरेको हो। सन् २०१० मा अमेरिकी आणविक विज्ञहरुलाई योङब्योनस्थित प्रमुख आणविक परिसर अवलोकन गराएपछि यस्ता सुविधाहरु सार्वजनिकरुपमा देखाइएको यो क्रम निरन्तर जारी छ। किमले सन् २०२४ मा पनि यस्तै एउटा संवर्धन केन्द्रको भ्रमणका क्रममा देशको आणविक शस्त्रागारलाई द्रुतगतिमा विस्तारगर्न सेन्ट्रिफ्युजहरुको संख्या बढाउन र अझ उन्नत प्रविधिको विकास गर्न निर्देशन दिनुभएको थियो। अन्तराष्ट्रिय समाचार संस्थाहरुका अनुसार यसपटकको घोषणा पनि त्यही रणनीतिक दिशाको निरन्तरता मानिएको छ। उत्तर कोरियाले सन् २०१७ यता कुनै आणविक परीक्षण नगरे पनि पछिल्ला वर्षहरुमा आणविक हतियार बोक्नसक्ने बिभिन्न प्रकारका क्षेप्यास्त्रहरुको विकास र परीक्षणलाई तीव्रता दिएको छ। तीमध्ये केही मिसाइलहरु एसियास्थित अमेरिकी सहयोगी राष्ट्रहरु मात्र नभई अमेरिकी मुख्य भूमिसम्म पुग्न सक्ने क्षमताका रहेको दाबी गरिएको छ। साथै किमले आणविक हतियारको मौज्दात बढाउन निरन्तर जोडदिँदै आउनुभएको छ। दक्षिण कोरियाका एक वरिष्ठ अधिकारीले सन् २०१८ मा सांसदहरुलाई जानकारीदिँदै उत्तर कोरियासँग २० देखि ६० वटासम्म आणविक हतियार हुन सक्ने अनुमान प्रस्तुत गर्नुभएको थियो। तर पछिल्ला वर्षहरुमा केही अन्तर्राष्ट्रिय विज्ञहरुले उत्तर कोरियाको आणविक भण्डार १०० भन्दा बढी हतियारसम्म पुगिसकेको हुनसक्ने आकलन गरेका छन्। उत्तर कोरियाले प्रत्येक वर्ष थप छदेखि १८ वटासम्म आणविक हतियार उत्पादनगर्न सक्ने अनुमान पनि सार्वजनिक हुँदैआएको छ। गतवर्ष दक्षिण कोरियाका एकीकरण मन्त्री चुङ डोङ-युङले उत्तर कोरियाले योङब्योनसहित कम्तीमा चारवटा युरेनियम संवर्धन केन्द्र सञ्चालन गरिरहेको र ती नियमित रुपमा सक्रिय रहेको बताउनुभएको थियो। आणविक हतियार निर्माणका लागि **बाँकी ७ पेजमा**

# क्षेत्रीय तनाव बढाउन खेलेको अमेरिकाको भूमिका

लोकनारायण सुवेदी



क्षेत्रीय तनाव बढाउन अमेरिकाले खेलेको भूमिकालाई लिएर बिश्वमै बिभिन्न चर्चाहरु भैरहेका छन्। कतिसम्म भने अमेरिकाको सिनेटमा समेत राष्ट्रपति डोनाल्ड ट्रम्पको भूमिकालाई लिएर प्रश्नहरु उठेका छन्। मुख्यत करीब सात दशकदेखि अमेरिकी साम्राज्यवाद क्यूवामाथि निरन्तर नाकाबन्दी र घेराबन्दी लगाउँदै क्यूवालाई आत्मसमर्पण गराएर बिश्वमा आफ्नो धाकजमाउन उद्यत रहँदैआएको छ। ठूलो संकटकाबीच क्यूवाले अदम्य साहस, धैर्य र बीरताकासाथ त्यसको प्रतिवाद र प्रतिरोध पनि निरन्तरगर्दै आइरहेको छ। अहिले क्यूवा अमेरिकाको चौतर्फी अझ बढी घेराबन्दीमा परेर इन्धन, बिजुली, ग्यास, औषधी, खाद्यान्नजस्ता जीवनका आधारभूत बस्तुहरुको अत्यन्तै अभावको कठीन र अमानबीय अबस्थाबाट गुज्रिरहेको छ। पछिल्लो समयमा क्यूवाका पूर्ब राष्ट्रपति ९४ बर्षीयराउल क्याष्ट्रोमाथि अमेरिकी फेडरल प्रोसेक्यूटरले आरोपपत्र( चार्जसीट) तयार पारिरहेको खबर पत्रपत्रिकाहरुले दिइरहेका छन्। क्यूवाका बर्तमान राष्ट्रपतिले त्यहाँको कठीनाईपूर्ण नाकाबन्दी र घेराबन्दीको स्थितिलाई सम्हाल्ने अथक प्रयत्न गरिरहेका छन्। उनको पनि सामर्थ्यको एउटा सीमा छ। सशक्त अन्तर्राष्ट्रिय राजनीतिक हस्तक्षेप बिना क्यूवाको समस्या हल हुने सहज स्थिति बन्ला भन्ने देखिदैन।

किनभने अन्तराष्ट्रि कानून, संयुक्त राष्ट्रसंघको सर्बाधिक बहुमत (अमेरिका र इजरायल बाहेक)को जनमत क्यूवाको पक्षमा हुँदाहुँदै पनि अमेरिकाले नाकाबन्दी र घेराबन्दीगर्न छाडेको छैन। बरु बढाउदै लगेको छ। यस अबस्थाबारे चीन र रुसजस्ता बिश्वका शक्तिशाली मर्यादित तर दबाबकारी सक्रियता लिउन्भन्ने चाहन्छन्। किनभने क्यूवाली जनता र राष्ट्रलाई बचाउन र सुरक्षित अघि बढाउन योनै अहिलेको एकमात्र बिकल्प देखिएको राय प्रकट भइरहेको छ। हुन त के लाग्दछभने यति बेला बिश्वका महाशक्ति राष्ट्रहरुको उच्चस्तरीय शिखर भेट बार्ताको मौसम हो। गत मे १४ र १५ का दिन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प चीनको भ्रमणमा बेइजिङ्ग पुगेका थिए। उनको भ्रमणपछिको निष्कर्श थियो 'चीनसँग शानदार बार्ता' भयो। यसबारेमा चिनीयाँ सञ्चार माध्यमहरुले पनि दुइ देशबीचको आर्थिक सहयोगको ठूलो सम्भावना रहेको र बर्तमान बिश्व स्थितिमा यसको ठूलो महत्व रहेको कुरा प्रकाश पारे। त्यसरी नै मई २० मा रुसका राष्ट्रपति भ्लादिमिर पुटीन चीनको भ्रमणमा गएका थिए। यसले दुइ देश बीचको दीगो सुसम्बन्धलाई अझ सबल पार्न २१ औं शताब्दी सापेक्ष महत्वपूर्ण बिभिन्न बिभिन्न रणनीतिक र आर्थिक महत्वका सम्झौता पनि गरेको छ।

बिश्वको बदि्लदो परिप्रेक्षलाई मध्यनजर राखेर रुस र चीनका बी जुन ब्यापक सहमति र सम्झौता भएको छ त्यसले बिश्व शान्ति र स्थिरतकासाथै उदाउँदो बहुध्रुबीय बिश्व सम्वन्धलाई बिश्वसनीय, सबल र सक्षम तुल्याएर समानता, न्याय र सम्बृद्धि खोजीरहेका र त्यसको लागि संघर्ष गरिरहेका बिश्व समुदायलाई आशावान बनाएको बिश्व राजीतिक बिश्लेषकहरुले बिश्वास लिएका छन्। त्यसले गर्दा अबको बिश्वम हस्तक्षेप, कब्जा र प्रभूत्व जमाउने जस्ता असमानता, बिषता र बैमन्यस्य पैदा गर्ने परिस्थितिको अन्त्यगर्नेतिर उन्मुख हुने र ठूला र शक्ति राष्ट्र अहंकारवादको अन्त्य हुने स्थिति बिकसितहुँदै जाने दिशातर्फ बिश्व समाजन अग्रसर हुने परिकल्पना साकार बन्नेसम्मका कुरा चल्न थालेका छन्। दक्षिण-दक्षिण सहयोग, ब्रिक्सको बिस्तार,, शंघाई सहयोग संगठनको सुगठन जस्ता उदाउँदा र बिस्तार हुँदै गरेका अन्तर्राष्ट्रिय संस्थाहरुले पनि यही बहुध्रुबीयतालाई मलजल गर्ने स्थिति बन्दैछ। एकातिर यस्तो परिबर्तनकारी परिबेश बन्न थालेको छभने अर्कोतिर भेनेजुएलाका राष्ट्रपति मदुरो र उनकी पत्नीलाई जबर्जस्ती अपहरण गरेको अमेरिकाले ईरानमाथि हमला गरेर चरनिमै इराजनको शासन परिबर्तन गर्ने फूर्ति लगाइरहेको थियो। भिषण हमला गरेर त्यहाँको सर्बोच्च धर्मगुरु तथा नेता अली खमेनाई लगायत ठूला नेताहरुको हत्या पनि अमेरिकार र इज्रायल भएर गरे। तर तीन महिना बित्न लाग्दा पनि ईरानले टसकोमस गरेको छैन। यसरी निर्णायक प्रतिरोध युद्धमा लागेको ईरान अमेरिकालाई यतिबेला भालुको कन्पट भएको छ। त्यतिमात्र होइन, बिश्वको तेल इन्धन आफूर्ति श्रृंखलामै अबरोध सिर्जना भएर बिश्व भरी नै तेल लगायतका बस्तुहरुमा ठूलो मूल्य बृद्धि भइसकेको र भइरहेको छ। उता अमेरिकाबाट ९० किलोमिटर जतिमात्र टाढा रहेको क्यूवाका पूर्ब राष्ट्रपति बिश्व प्रसिद्ध समाजवादी फिडेल क्याष्ट्रोका भाइ ९४ बर्षीय राउल क्याष्ट्रोमाथि आतंककारीको झूटो फत्तुरमा अमेरिकाको फेडरल कोर्टले मुद्धा चलाउन आदेश दिएको छ। अमेरिकी साम्राज्यवाद आफ्नो बिश्व प्रभूत्व जोगाउन यसरी मनपरी अतिक्रमण, थिचोमिचो र हस्तक्षेपकारी दादागिरी गर्न उद्यत त छ।

तर यो उसको अन्तिम असफल प्रयास हुने बिश्लेषकहरुले निचोड निकालिरहेका छन्। आश्चर्यको कुरा त के छ भने जुन दिन अमेरिकी राष्ट्रपति ट्रम्प बेईजिङ्गमा चीनका राष्ट्रपति शीसँग ईरान युद्ध, ताईबान मुद्धाजस्ता महत्वपूर्ण अन्तर्राष्ट्रिय बिषयमा कुराकानी गर्दै रहेका थिए त्यसै दिन क्यूवाको राजधानी हवानामा अमेरिकी गुप्तचर संस्था सीआइएका निर्देशक जान रेटक्लिफ क्यूवाका बरिष्ठ सैन्य अधिकारीहरुसँग कम्युनिष्ट देशहरुमा ठूलो परिबर्तन ल्याउनुपर्ने आवश्यकता रहेको गर्दैथिए। परिबर्तने ल्याउनु पर्ने बिषयहरुमा त्यस्ता देशहरुको सैन्य नेतृत्वमा परिबर्तन,रुसी र चीनीयाँ गुप्तचर एजेन्सीहरुलाई बन्द गरिनुपर्ने र अमेरिकाको मर्जी अनुसार आर्थिक सुधार गरिनु पर्ने कुराहरु सामेल थिए। यसरी क्यूवाको सर्बोच्च नेतृत्वसँग कुनै औपचारिक कुराकानी र स्वीकृति बिना नै त्यहाँ सिआईए निर्देशको एकाएक भ्रमण क्यूवामा लगानीका लागि सबैभन्दा बढी मित्रबत देश बनाउने भन्ने ट्रम्पको अनुबर्ती कदम थियो। त्यस अन्तरगत बढी मनोरञ्जनात्म जोड खडागर्ने र ठूला अमेरिकी कपोरेटद्वारा बित्तीय लगानी गरिने उद्योगहरु पनि खडा गरिने कुरा थियो। क्यूवामा सत्ता परिबर्तनका लागि अमेरिकाले उठाउन लागेका ती सबै कदहरु यस्तो आर्थिक माहोलमा हुन गराउन लागेको देखिन्छ कि जतिबेला अमेरिकी नाकाबन्दी र घेराबन्दीले क्यूवाका आम जनसाधारण आच्छुआच्छु परेका छन्। त्यसमा पनि इन्धनको संकट सबैभन्दा नाजुक अबस्थामा पुगेको बताइन्छ। क्यूवा पूरै अध्यारोमा पारिएको छ।

यद्यपि चीनभने क्यूवामाथिको अबैधानिक र अन्यायपूर्ण नाकाबन्दीको बिरुद्ध रहँदैआएको छ र उसमाथि अमेरिकालो लादेशको सबै किसिमको प्रतिबन्ध हट्नु पर्छ भनिरहेको छ। राष्ट्रहरुको सम्वन्ध संयुक्त राष्ट्र संघको बडापत्र र स्वीकार्य अन्तराष्ट्रिय कानून र राष्ट्रहरुको समान सार्ब भौमिकतको सिद्धान्त अनुसार चल्नु पर्दछ भन्ने कुरा बारम्बार उठाइरहेको छ। यसरी क्यूवालाई यसको सार्बभौमिकता र राष्ट्रिय गौरबको सुरक्षा गर्न, बाह्य हस्तक्षेप बिरोधको क्यूवाको अडानको समर्थन गर्ने कुरा दोहोऱ्याइरहेको छ। यस सन्दर्भ र परिप्रेक्षमा हालै क्यूवाली क्रान्तिकारी नेता राउल क्याष्ट्रो बिरुद्ध लगाइन थालेको अभियोगबारे चीनका परराष्ट्र सम्वन्धि प्रबक्ताले भनेका छन्कि चीन सधैं गैर कानूनी र एकपक्षीय प्रतिबन्धहरुको दृढ बिरोध गर्दछ जुन कुराले अन्तर्राष्ट्रिय कानून अनुसार कुनै आधार प्रदान गर्दैनन् र संयुक्त राष्ट्र सुरक्षा परिषदको अनुमति प्राप्त गरेका हुँदैनन्। निश्चयनै क्यूवाका बर्तमान राष्ट्रपतिले अमेरिकी नाकाबन्दी र उक्साहटका कारण बिग्रिएको स्थितिलाई सम्हाल्न पूरा कोशिश गरिरहेका छन्। तर उनको पनि आफ्नो सीमा र सामर्थ्य छ। अहिले त्यहाँ बढ्दो साम्राज्यवादी नाकाबन्दी र घेराबन्दीले गर्दा अर्थिक स्थिति अत्यन्तै **बाँकी ७ पेजमा**

# बाराका बिभिन्न पार्टीका नेता तथा कार्यकर्ता नेकपामा संगठित

काठमाडौं। बिभिन्न पार्टीका नेता तथा कार्यकर्ताहरु नेकपामा संगठित भएका छन्। यसैक्रममा बाराको कचोर्वामा एक कर्यक्रमका बीच नेपाल कम्युनिष्ट पार्टीको पुनर्मिलन तथा प्रबेश कार्यक्रम सम्पन्न भयो। गत १९ गते सम्पन्न सो कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टीका संयोजक लोकनारायण सुवेदी तथा सचिवालयका सदस्य कमरेडहरु रामदुलार महतो, राजन साह तेली, ठाकुर खपाङ्गी र पीबीएम चन्द्रदेब रामसमेतको उपस्थिति रहेको थियो। कार्यक्रममाबारा सिम्रौनगढ नगारपालिका र पचरौता नगर पालिकाका पुराना बापन्थी नेता नागेन्द्रप्रसाद यादबकासाथ कैलाश यादब, जंगबहादुर राउत अहिर, बिद्यानन्द यादब,.रामसागर पटेल, सनबर अन्सारी,कुन्दनकुमार यादब, पारस ठाकुर र प्रकाश यादबहरु क्रान्तिकारी भावना र दृढताकासाथ नेपाल कम्युनिष्ट पार्टीमा पुनर्मिलन र प्रबेशगर्नु भएको थियो।

त्यस अबसरमा उहाँहरुको स्वागत अभिवादन गर्नुहुँदै पार्टीका केन्द्रिय सयोजक लोकनारायण सुबेदीले पार्टीको झण्डा हस्तान्तरण गर्नुकासाथै सबै मुनर्मिलन तथा प्रवेशमा सहभागी सबैलाई कमरेड पुष्पलाल अंकित लकेट सम्मास्वरुप प्रदान गरिएको थियो। पुनर्मिलन तथा प्रबेश कार्यक्रमका सहभागीहरुको हार्दिक स्वागतगर्दै तथा बधाई र शुभकामनादिदै पार्टीका संयोजक लोकनरायण सुबेदीले किसान आन्दोलनको उत्प्रेरक क्रान्तिकारी भूमि बारा-पर्सा-रौतहटको यो क्रान्तिकारी क्षेत्रका अबिस्मरणीय संघर्षशील अग्रज किसान नेताहरु हरिहर यादव, हरिदयाल महतो, मोहम्मद अमिन, महादेव साह, शेख फर्मानजस्ता ब्यक्तित्वहरुले कमरेड पुष्पलालको संघर्षशील नीति र नेतृत्व रहेर चलाएको क्रान्तिकारी किसान आन्दोलनको गौरबशाली परम्परालाई अनुशरणगर्दै राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीबिका माथिको बढ्दो खतराका बिरुद्ध एकताबद्ध भएर संयुक्त आन्दोलनको दिशामा सशक्त र अनुशासित किसिमले अग्रसर हुन आह्वान गर्नु भएको थियो। उहाँले कार्यक्रममा कम्युनिष्ट आन्दोलनमा आएको सैद्धाान्ति, राजनीतिक र संगठनात्मक बिचलन, बिग्रह र अनैतिकतालेगर्दा जनताको यो आमूल परिबर्तनको आन्दोलमा गतिरोध आएको कुरा औंल्याउनु भएको थियो। कार्यक्रममा उपस्थित सबैलाई शुभकामना दिदै नेपाल कम्युनिष्ट पार्टीका सचिवालय सदस्य तथा अखिल नेपाल प्रगतिशील किसान संघका अध्यक्ष रामदुलार महतोले बालेन सरकारको नीति र बजेट किसान बिरोधी, संबिधान प्रदत्त मौलिक, हक बिरोधी र किसान मारा रहेको औंल्याउदै किसानका निम्ति जुन जोगी आए पनि कानै चिरेको प्रमाणित भइरहेको औंल्याउनु भयो। देश बिदेशी हस्तक्षेपले ग्रस्त हुँदै गएको र साम्राज्यवादले जाति, धर्म, सस्ँकृति, क्षेत्र आदिको नाममा जनतालाई बिभाजनगर्ने र लडाउने जुन प्रपञ्च रचिरहेको छ त्यसैमा बगेका कम्युनिष्ट नामधारीहरुले कम्युनिष्ट आन्दोलनको साख गिराएकोर यसलाई कमजोर पारेको र यस्तो खतरनाक औसरवादी प्रबृत्तिबाट साबधान र चनाखो रहँदै किसान आँन्दोलन उठाउन सकेमा मात्र राष्ट्रियता जनतन्त्र र जनजीबिको आन्दोलन पनि सशक्त र प्रभावकारी हुन्छ भन्नु भयो। पार्टीका केन्द्रिय सचिवालय सदस्य तथा अखिल नेपाल प्रगतिशील किसान संघका महासचिव राजन शाह तेलीले नेपालको कम्युनिष्ट आन्दोलनलाई उत्पादनसँग जोडेर लैजाने पार्टीको क्रान्तिकारी परम्परालाई जीबन्त र सक्रिय तुल्याउन नसकेसम्म पार्टी सांगठनिकरुपले सशक्त, स्वर्भिर र संघर्षशील हुन नसक्ने भएकोले अब त्यो दिशामा पुनः पार्टीलाई अघि बढाउन छलफल चलिरहेको छ त्यो सही निष्कर्शमा पुगेर सही दिशामा अघि बढने छभन्ने बिश्वास दिशलाउदै सबैलाई सुशभकामना दिनु भयो। कम्युनिष्ट आन्दोलनमा घुसे घुसाइएका अवसरवादी, संशोधनवादीहरुले जनतालाई भ्रमित पारेर अल्मल्याउने काम गरेको र त्यसलाई सही किसिमले चिर्न पार्टी कार्यकर्ता हामी सबैले बैचारिक, सैद्धान्तिक र राजनीतिक ज्ञानको स्तर समय सुहाउँदो किमिसले माथि उठाउन सकियो भनेमात्र सही दिशामा अघि बढ्ने् आत्म बिश्वास बढ्छ र सार्थक दिशामा आन्दोलन अघि बढ्छ भन्नु हुँदै पार्टीका अर्का सचिवालय सदस्य तथा किसान संघका केन्द्रिय सचिव ठाकुर खपाङ्गीले किसान सहित जनबर्गीय संगठनहरुलाई जगाऔं कमरेड पुष्पलालको नयाँ जनवादहुँदै समाजवादमा पुग्ने सही बाटोमा सबैलाई लगाऔं भन्ने आह्वान गर्नु भएको थियो। पार्टीका पोलिट ब्यूरो सदस्य तथा केन्द्रिय किसान नेता चन्द्रदे्ब रामले कम्युनिष्ट पार्टी भनेकै भुइ मान्छेको शोषित पीडित तल्लो तहका जनताको मुक्तिको लागि संघर्षगर्ने पार्टी भएकाले यसमा संगठित भएर अघि बढ्नुको कुनै बिकल्प छैन भन्नुहुँदै कमरेड पुष्पलालको सही नीतिको वरीपरी सबै गोलबन्द भएर जनताको आन्दोलनलाई सही ढंगले अघि बढाऔं भन्नु भएको थियो। नेपाल कम्युनिष्ट आन्दोलनका पुराना नेता नागेश्वर प्रसाद यादबले कमरेड पुष्पलालको क्रान्तिकारी सिद्धान्त, नीति र कार्यक्रमलाई छोड्दा कम्युनिष्ट आन्दोलन छिन्नभिन्न भएको र सही निष्कर्शमा पुग्न नसकेकोले देश र जनताका **बाँकी ७ पेजमा**

## साहित्य र सिर्जना

# पत्रकारलाई कलमको शक्ति देखाउन पूर्ब प्रधान न्यायाधिशको आग्रह

काठमाडौं। पूर्वप्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले पत्रकारहरुले कलमको शक्ति र लेखनको सार्थकतामा ध्यान दिनुपर्ने बनाउनुभएको छ। ललितपुरमा गतसाता आयोजित नेपाल पत्रकार महासंघ ललितपुरको २५ औं वार्षिक साधारणसभामा उहाँले पत्रकारिता र सुशासनको मूल्यमान्यतालाई केन्द्रविन्दुमा राखेर जिम्मेवारीपूर्वक पत्रकारितागर्न आग्रहसमेत गर्नुभयो। पूर्वप्रधान न्यायाधीश राउतले हरेक पेसामा पेसागत मर्यादा र नैतिकताको धरातल महत्वपूर्ण हुन्छ। पत्रकारिताको लेखाइ र बोलाइको तागतबाट परिवर्तन हुन्छ भन्नेमा हामी प्रष्ट छौं भन्नुभएको थियो। उहाँले सोही कारणले पत्रकारले घृणा र द्वेष फैल्याउनु हुँदैन। कलमको शक्तिलाई समृद्ध र समुन्नत नेपालका लागि उपयोग गर्नुपर्छ भन्नुभयो। कार्यक्रममा ललितपुर पत्रकारिता पुस्तकसमेत विमोचनगर्दै उहाँले शब्दसँग अथाह शक्ति हुने भएकाले पत्रकारितामा त्यसको प्रयोग सही ढंगले हुनुपर्ने बताउनुभयो। पूर्वप्रधानन्यायाधीश राउतको भनाइ थियो-सनसनी फैल्याउने नाममा शब्द र सन्दर्भको गलत प्रयोग भएमा त्यसले ठूलो क्षति गर्छ। त्यसैले पेसागत मूल्यमान्यताको पालनागर्दै पत्रकारिताको धर्म निर्वाहगर्न आबश्यक छ। कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय उपाध्यक्ष नितु पण्डितले पत्रकार र पत्रकारितामाथि प्रश्न उठिरहेको अवस्थामा जिम्मेवारीपूर्वक अगाडि बढ्नुपर्ने आबश्यकता औंल्याउनुभयो। बागमती प्रदेशका सञ्चार रजिष्ट्रार रेवतीप्रसाद सापकोटाले ग्रामीण क्षेत्रका महत्वपूर्ण समाचार पनि उजागर हुन नसकेकोभन्दै पत्रकारले सबै क्षेत्रका सवालको प्रतिनिधित्व हुनेगरी स्वनियमन र विवेकपूर्वक पत्रकारिता गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले परम्परागत सञ्चारमाध्यम आर्थिक संकटमा रहेको अवस्थामा सूचना प्रविधिमा नै आधारित रहेर संरक्षण र प्रवर्द्धनमा लाग्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा महासंघ काठमाडौं शाखाका अध्यक्ष शोभा अर्याल, भक्तपुर शाखाका अध्यक्ष सुन्दर सिल्पकार, नेपाल पत्रकार महासंघ ललितपुर शाखाका अध्यक्ष रामहरि कार्कीलगायतले आफ्नो धारणा राख्नुभएको थियो।

# यातायात व्यवस्थापन समितिमा नयाँ नेतृत्व

काठमाडौं। यातायात व्यवस्थापन समितिमा नयाँ नेतृत्व आएको छ। काठमाडौंदेखि पूर्व क्षेत्रमा सञ्चालन हुने पूर्वयातायात व्यवस्थापन प्रालिको अध्यक्षमा सुनिल कुँवर निर्वाचित हुनुभएको छ। प्रालिको हालै बसेको विशेष साधारणसभाले कुँवरको नेतृत्वमा नौ सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित गरेको हो। कार्यसमितिको सदस्यमा राजेन्द्र रिजाल, किरणकुमार खड्का, पंकज मल्ल, राजेन्द्रबहादुर थापा, राजुविक्रम मिश्र, विकि गुरागाइँ, तेजप्रसाद न्यौपाने र सरोज न्यौपाने निर्वाचित हुनुभएको छ। साधारणसभाले प्रमुख सल्लाहकारमा पुण्यप्रसाद सिटौला र श्री मैनालीलाई चयन गरेको छ। काठमाडौंदेखि पूर्वक्षेत्रमा सञ्चालन हुने सार्वजनिक सवारी साधनलाई ०८० सालको साउनदेखि एउटै कम्पनीमा आबद्ध गराएर सञ्चालन गर्दिंदैआएको छ। उक्त कम्पनीमार्फत हाल तेह्रथुम, ताप्लेजुङ, खाँदबारी, काकँडभिट्टा, भद्रपुर, धरान, विराटनगर, मधुमल्ला, गौरीगञ्ज, बनियानी, गाईघाट, इलाम, पशुपतिनगर कटारी, जनकपुर, राजविराज, विरगञ्जलगायतका स्थानमा यातायात सञ्चालन हुँदैआएका छन्। प्रालिले काठमाडौंको नयाँबसपार्कबाट नारायणी पूर्वसञ्चालन हुने सबै सवारीसाधनमा जिपिएस सिष्टम र सिसि क्यामरा जडान गरिसकेको छ। पूर्व क्षेत्रमा जाने यात्रुको सहजताका लागि पूर्वयातायात व्यवस्थापन प्रालिले अनलाइन टिकट प्रणालीसमेत लागू गरिसकेको जनाइएको छ। कम्पनीका सञ्चालक राजेन्द्रबहादुर थापाले सरकारको नीतिअनुसार प्रालिले अनलाइनलगायत सुधारका योजना कार्यान्वयनमा ल्याएको बताउनुभयो। अब चाँडैनै कम्पनीका बसमा लगेज ट्याग व्यवस्था लागू गरिने उहाँले जानकारी दिनुभएको थियो।

# बिद्युतीय सवारीसाधनको आयात बढ्दो

काठमाडौं। नेपालमा बिद्युतीय सवारीसाधनको आयात र प्रयोग बढ्दैगएको थाहाभएको छ। चालु आर्थिक वर्षको १० महिनामा वीरगञ्जहुँदै चारअर्ब दुईकरोड मूल्यभन्दा बढीका बिद्युतीय सवारीसाधन आयात भएका छन्। गत आबको १० महिनाको तुलनामा चालु आबमा मूल्यको आधारमा बिद्युतीय सवारीसाधनको आयात दुईअर्ब ३७ करोड अर्थात् १४३.६० प्रतिशतले वृद्धिभएको छ। वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले वीरगञ्ज नाकाहुँदै चालु आबमा १५ हजार २७१ वटा विभिन्न थरिका बिद्युतीय सवारीसाधनको आयात गरिएको र सोबाट प्राप्तहुने राजस्वमा उल्लेखनीय वृद्धिभएको बताउनुभयो। गत आबको १० महिनामा यो नाकाहुँदै एक अर्ब ६५ करोड मूल्यपर्ने नौहजार ४२ वटा विभिन्न बिद्युतीय सवारीसाधन आयात गरिएका थिए। त्यसवापत ८१ करोड ४७ लाख राजस्व संकलन भएको थियो। चालु आबको १० महिनामा एकअर्ब ८७ करोड मूल्यपर्ने ५१ किलोवाटदेखि १०० किलोवाटसम्मका ६५७ वटा बिद्युतीय कार, जीप र भ्यान आयात भएका छन्। त्यसवापत एक अर्ब १९ करोड राजस्व संकलन भएको छ। जबकी गत आबको १० महिनामाभने दुई करोड छलाख मूल्यपर्ने छ वटा ५१ किलोवाटदेखि १०० किलोवाट क्षमताका बिद्युतीय जीप, कार र भ्यानको आयात भएको थियो। यस्तै, चालु आबको १० महिनामा एकअर्ब १७ करोड मूल्य पर्ने आठ हजार ८६७ वटा बिद्युतीय मोटरसाइकल तथा स्कुटर आयातहुँदा ३८ करोड ५५ लाख राजस्व संकलन भएको छ। गत आबको सोही अवधिमा करोड ९६ लाख मूल्य पर्ने चारहजार ८३४ वटा बिद्युतीय मोटरसाइकल र स्कुटर आयात भएका थिए। ती सवारीसाधनको आयातबाट मात्रै २० करोड १५ लाख राजस्व संकलन भएको थियो। यो नाकाहुँदै चालु आबको १० महिनामा ३१ अर्ब ३१ करोड मूल्यपर्ने इन्धन र बिद्युतबाट चल्ने सवारीसाधन तथा पार्टपुर्जा भित्रिएका सूचना अधिकारी विष्टले जानकारी दिनुभएको छ। गत आबको १० महिनाको तुलनामा चालु आबको सोही अवधिमा मूल्यको आधारमा सवारीसाधन र पार्टपुर्जाको आयात नौअर्ब ६५ करोडअर्थात् ४४.५८ प्रतिशतले बढेको छ। चालु आबको १० महिनामा वीरगञ्जहुँदै एकअर्ब २५ करोड मूल्यपर्ने ६२८ वटा जीप, कार र भ्यानको आयात भएको छ। त्यसवापत कार्यालयले तीनअर्ब १७ करोड राजस्व संकलन गरेको छ। जबकी गत आबको सोही अवधिमा एकअर्ब ८१ करोड मूल्यपर्ने ८५५ वटा जीप, कार र भ्यानको आयात भएका थिए। यस्तै, चालु आबको १० महिनामा रु सात अर्ब ३२ करोड मूल्यपर्ने ५१ हजार ४२३ वटा मोटरसाइकल (अन एसेम्बल्ड) आयात भएका छन्।

# बढ्दै गएको आँखाको समस्या र हेरचाहमा ध्यान दिनुपर्ने कुरा

साझा मञ्च

प्रा डा डिबी कार्की



सर्वविदितै छ, जीवनमा आँखाको महत्व अवर्णनीय छ। जीवन र जगत् देख्नका लागि अत्यावश्यक आँखाको हाम्रो जीवनमा सर्वोपरि महत्व छ। आँखा अत्यन्त सम्वेदनशील अंग पनि हो, यसको हेरचाह र रक्षाका सन्दर्भमा उच्च सम्वेदनशीलता अपनाउन आवश्यक छ। पछिल्लो समय साना बालबालिकादेखि वयस्क र वृद्धावस्थाका मानिसले मोबाइल, कम्प्युटर र टिभीको प्रयोग अधिक गरेसँगै आँखामा अनेक समस्या आउने गरेको छ। उद्योग, कलकारखाना, कृषिलगायत बिभिन्न क्षेत्रमा कामगर्ने व्यक्ति तथा खेलाडीले आँखामा हुने चोटपटकको समयमै आवश्यक सावधानी र उपचार नगर्दा जीवनभर अन्धकारमा बस्नुपर्ने हुन्छ। कतिपय रोगका बिरामीले पनि आँखाको स्वास्थ्यमा ध्यान दिनुपर्ने हुन्छ। यी बिभिन्न अवस्थामा कसरी आँखालाई सुरक्षित र दृष्टि शक्तिलाई कायमै राख्न सकिन्छ भन्नेबारेमा यसलेखमा केही सावधानीका उपायकाबारेमा उल्लेख गरिएको छ। लामो समयसम्म मोबाइल, कम्प्युटर र टिभीको स्क्रिन हेर्दा आँखा थाक्ने, पोल्ने र टाउको दुख्ने समस्या हुनेहुँदा २०-२०-२० नियम अपनाउन सकिन्छ अर्थात् हरेक २० मिनेट, २० फिट टाढाको वस्तु २० सेकेन्डका लागि हेर्ने बानी बसाल्न सकिन्छ। साथै, स्क्रिन आँखाबाट एकहात टाढा राख्ने, धेरै चम्किलो स्क्रिन प्रयोग नगर्ने, अँध्यारोमा मोबाइल प्रयोग गर्नुहुँदैन। त्यस्तै घाम, धुलो र धुवाँबाट जोगिनुपर्छ, घाममा निस्कँदा धुप चश्मा वा टोपी लगाउँदा आँखालाई दबाब पर्दैन। फलाम वेल्डिङको उज्यालो र घामलाई नाङ्गो आँखाले हर्दा पनि आँखाको दृश्य शक्ति ह्रास हुन्छ।

धुलो हुने ठाउँमा काम गर्नुपर्दा आँखाको सुरक्षाका लागि सुरक्षात्मक चश्मा लगाउनुपर्ने हुन्छ। सामान्यतः दिनमा एक,दुई पटक सफा पानीले अनुहार र आँखा पखाल्ने बानीले आँखामा धुलो, धुवाँको संक्रमण हुन पाउँदैन। आँखा पोल्यो वा धुलो पऱ्यो भने धेरैले हात वा अन्य कुनै वस्तुले मिच्ने वा घोट्ने गर्छन्। यसोगर्नु हुँदैन, सफा पानीले विस्तारै पखाल्नुपर्छ। सफा पानीले सफा हात वा नरम कपडाले आँखा सफा गर्नुपर्छ। पढ्दा वा लेख्दा सही बत्ती प्रयोग गरिएमा आँखालाई बोझ पर्दैन। धेरै तेज वा धमिलो नभएको बत्तीमा पढ्दा वा लेख्दा पर्याप्त प्रकाश हुनुपर्छ। सुतिरहेका अवस्थामा वा सवारीसाधन हिँड्दा पढ्न वा मोबाइल चलाउने राम्रो होइन। आँखा थाकेपछि आराम दिनुपर्छ। आँखालाई आराम दिन दैनिक सात-आठ घण्टा सुत्नुपर्छ। लामो समय काम गरेपछि केही मिनेटका लागि आँखालाई बन्द गरेर विश्राम दिनुपर्छ। आँखाको स्वास्थ्यका लागि केही गलत बानी त्याग्नुपर्छ। अन्य स्वास्थ्यको जस्तै आँखाको स्वास्थ्यका लागि पनि धुम्रपानको आदत हुनुहुँदैन। यसले आँखाको नसामा असर गर्छ। रक्सीको सेवनले आँखालाई सुक्खा र कमजोर बनाउनेहुँदा यसबाट टाढै बस्नु राम्रो हुन्छ। आँखा बिझाउने वा पोल्नेबित्तिकै डाक्टरको सल्लाहबिना नै आइ-ड्रपलगायत आँखाको औषधि प्रयोग गर्नुहुँदैन। आँखाको स्वास्थ्यका लागि दुई वर्षमा एकपटक परीक्षण आँखाको जाँच गराउने गर्नुपर्छ। दृष्टि धमिलो देखिएमा, आँखा दुखेमा, रातोपन बढेमा वा पानी आउने गरेमा, राति देख्न गाह्रो भएमा, दृष्टि अचानक घटेमा तुरुन्तै नेत्र चिकित्सक कहाँ जानुपर्छ। चश्मा वा लेन्स प्रयोग गर्दा सामान्य ध्यान नदिँदा पनि समस्या आउने गर्दछ। चश्मा प्रयोगकर्ताले सधैं सफा कपडाले पुछ्नुपर्छभने अरुको चश्मा वा लेन्स प्रयोग गर्नुहुँदैन। अभिभावकले बालबालिकाको आँखाको हेरचाहमा विशेष ध्यान दिन आवश्यक हुन्छ। बालबालिकालाई गाजर सागपात, अण्डा, दूध, आँप, कागती, गोलभेँडा, माछाजस्ता स्वस्थ खाना खुवाउनुका साथै पर्याप्त पानी पिउन प्रेरित गर्नुपर्छ। भिटामिन ए, सी र ई युक्त खानेकुराले आँखालाई बलियो र स्वस्थ राख्न मद्धत गर्छ। उनीहरुलाई धेरैबेर मोबाइल वा टिभी हेर्न दिनुहुँदैन, यसले आँखा पोल्ने, थाक्ने र टाउको दुख्ने समस्या आँउछ। बच्चालाई २०-२०-२० नियम अर्थात् हरेक २० मिनेटमा २० फिट टाढाको वस्तु २० सेकेन्ड हेर्ने बानी लगाउनुपर्छ। स्क्रिन धेरै नजिक राख्न र अध्याँरोमा मोबाइल चलाउन दिनुहुँदैन।

बच्चाको आँखालाई धुलो र घामबाट बचाउन बाहिर खेल्दा टोपी वा धुप चश्मा लगाइदिने, धुलो वा धुवाँ हुने ठाउँमा लामो समय खेल्न नदिने, बच्चालाई आँखामा धुलो वा किरा आँखामा परेमा मिच्न सिकाउनु हुँदैन। जथाभावी आँखा मिच्दा आँखामा संक्रमण हुनसक्छ। साबुनपानीले हात धुन सिकाउने, सफा पानीले आँखा पखाल्न लगाउनुपर्छ। साथै, अरुसँग रुमाल, टाबेल वा तकिया साटेर प्रयोग गर्न दिनुहुँदैन। पढ्ने ठाउँमा पर्याप्त र मृदु प्रकाशको व्यवस्था मिलाउनुपर्छ। अँध्यारोमा वा सुतिरहेका अवस्थामा पढ्न दिनुहुँदैन। पढ्दा आँखाबाट करिब एक फिट टाढा किताब राख्ने बानी बसाल्नुपर्छ। बच्चालाई दैनिक केही समय खेल्न दिएमा यसले आँखाको दृष्टि प्राकृतिकरुपमा सुदृढ बनाउँछ। क्रिकेट, फुटबल, ब्याडमिन्टनजस्ता खेलमा सुरक्षात्मक चश्मा लगाउन दिनुपर्छ। धारिलो वा सिसाजन्य खेलौना खेल्न दिनुहुन्न। बच्चाले दैनिक सात-नौ घण्टा राम्रोसँग सुत्नुपर्छ।

लामोसम्म पढेपछि वा टिभी हेरेपछि आँखालाई केहीबेर आराम गर्न लगाउनुपर्छ। कुनै समस्या नदेखिए पनि हरेक एक,दुई वर्षमा बच्चाको आँखा परीक्षण गराउनुपर्छ। बच्चाले किताब वा टिभी नजिकै हेर्छभने, बारम्बार आँखामा हात लगाउँछ वा मिच्छ भने, दृष्टि धमिलो भएको गुनासो गर्छभने आँखाको दिशा फरक दखिन्छ भने तुरुन्त नेत्र चिकित्सक कहाँ लैजानुपर्छ। औद्योगिक क्षेत्रमा कामगर्ने कामदार आँखामा चोटपटक वा धुलो धुवाँबाट बढी प्रभावित हुन्छन्। कामगर्दा धुलो, धातुका टुक्रा, रासायनिक पदार्थ वा चिङ्गारीले आँखामा चोट पुऱ्याउन सक्छ। त्यसैले उनीहरुले आँखाको हेरचाहका लागि काम गर्दा फिल्टर भएको हेल्मेट र सुरक्षा चश्मा लगाउनुपर्छ भने वेल्डिङ, ग्राइल्डिङ, काट्ने वा पेन्ट गर्ने काममा विशेष चश्मा प्रयोग गर्नुपर्छ। वेल्डिङको तेज प्रकाशले आँखामा 'वेल्डर बर्न' नामको जलन ल्याउँछ।

पेन्ट, एसिड, सोल्भेन्ट, ग्रीस, वा अन्य केमिकलहरु आँखामा परेमा तरुन्त सफा पानीले १०-१५ मिनेटसम्म पखाल्नुका साथै तुरुन्त नेत्र चिकित्सक कहाँ तुरुन्त जानुपर्छ। सुरक्षात्मक मास्क र चश्मा लगाएर रासायनिक पदार्थ प्रयोग गरेका सम्भावित जोखिम कम हुन्छ। अध्याँरोमा वा छायाँमा काम गर्दा आँखामा बढी चाप पर्नेहुँदा पर्याप्त बत्ती भएको ठाउँमा काम गर्नुपर्छ। काम गर्दा धुलो र धुवाँ बढी हुने ठाउँमा भेन्टिलेसन राम्रो भएको ठाउँ रोज्नुपर्छ। आँखामा धुलो धातुका टुक्रा वा रासायनिक पदार्थ परेमा आँखा मिच्नुहुँदैन। तुरुन्त सफा पानीले पखाल्नुहोस्। यसपछि नजिकको स्वास्थ्य केन्द्र वा नेत्र चिकिल्सकलाई देखाउनुपर्छ। सामान्य हो भनेर पर्खिनु कहिल्यै हुँदैन। सानो चोटले पनि ठूलो समस्या ल्याउन सक्छ। औद्योगिक क्षेत्रमा काम गर्ने व्यक्तिले हरेक छ महिनामा एकपटक आँखाको जाँच गराउने तथा दृष्टि धमिलो, पोल्ने, रातो हुने वा पानी आउने समस्या भएमा तुरुन्त नेत्र विशेषज्ञलाई देखाउनुपर्छ। खेलकुदका क्रममा प्रयोग हुने खेल सामग्री अन्य खेल उपकरणले आँखामा चोट पुऱ्याउन सक्छ। क्रिकेट, ब्याडमिन्टन, टेबल टेनिस, बास्केटबल, फुटबल रग्बी खेलमा आँखाको सुरक्षा अनिवार्य छ। त्यसैले खेलको प्रकारअनुसार सुरक्षात्मक चश्माको प्रयोग गर्नुपर्छ। धाममा खेल्दा सूर्यको हानिकारक किरणबाट बच्न धुप चश्मा लगाउनुपर्छ। धुलो र हावावालो ठाउँमा खेल्दा आँखा पोल्ने पानी आउने र रातो हुने समस्या हुनसक्ने भएकाले टोपी वा हेडब्यान्ड लगाउने गर्नुपर्छ। खेलाडीले आफ्नो आँखा स्वस्थ राख्न केही सावधानी अपनाउनुपर्ने हुन्छ। जस्तै : खेलपछि हात सफा नगरी आँखामा नछुने, पसिना वा धुलो आँखामा पेरमा सफा पानीले पखाल्ने, रुमाल वा टाबल अरुसँग साटेर प्रयोग नगर्ने। बल, औँला वा कुनै वस्तुले आँखामा चोट लाग्दा भित्री चोट लाग्नसक्छ। तुरुन्त ठण्डा पानी वा बरफले सेक्ने र त्यसलाई बेवास्ता नगरी नेत्र चिकित्सक कहाँ जानुपर्छ। कन्टचाक्ट लेन्स प्रयोग गरेका खेलाडीले थप सावधानी अपनाउनुपर्ने हुनसक्छ। खेल्दा पसिना वा धुलोका कारण कन्टचाक्ट लेन्स बिग्रिन सक्छ। सम्भव भएसम्म स्पोर्टस् गगल्स प्रयोग गर्ने र लेन्स प्रयोज गर्दा हरेकपटक सफा हातले लगाउने र निकाल्ने बानी बसाल्नुपर्छ। अध्याँरो वा अत्यधिक तेज बत्ती भएको मैदानमा खेल्दा आँखामा तनाव आउनेहुँदा उचित प्रकाश भएको ठाउँमा खेल्नुपर्छ, जसबाट वस्तु स्पष्ट देखियोस्। आँखाको शक्ति बढाउन गाजर, सागपात, **बाँकी ७ पेजमा**

# ऋणमा आधारित आगामी आवको बजेट र देशको अवस्था

**रुषा थापा**

नेपालमा फेरी राजनीतिक गतिरोध शुरुभएको छ। भोली २५ गतेसम्म प्रतिनिधिसभाको र पर्सी २६ गतेसम्म राष्ट्रिय सभाको बैठक स्थगित छन्। आगामी आबको बजेटमाथि छलफल हुन सकेको छैन। अब पनि बिरोध जारी रहेमा बहुमतका आधारमा बजेट पारित हुने र संसदको बर्षे अधिवेशन फेरी अन्त्य हुने संभावना छ। कानूनमा स्पष्ट भनिएको छ-वार्षिक ५० लाख बराबरको कारोबारगर्ने प्यान र सोभन्दा बढीको कारोबार गर्नेहरु भ्याटमा दर्ता हुनुपर्छ।

तर, यहाँ मासिक ५० लाख बराबर वा सोभन्दा बढीको कारोबार गरिरहँदापनि कहिकतै दर्ता भएको अवस्था छैन। व्यापारी तथा व्यवसायीहरुले दैनिक २५ हजारदेखि ३५ लाखभन्दा बढीको कारोबारगर्ने गर्छन्। साना किराना पसलहरुकै दैनिक पाँचदेखि ५० हजारसम्मको व्यापार हुने गर्छभने ठूला व्यापारीहरु त लाखौं-करोडौंको कारोबार दिनमै गर्छन्। दिनमै यत्रो कारोबारगर्ने व्यापारी-व्यवसायीहरु न प्यानमा दर्ता भएका हुन्छन् न भ्याटमा। किनकि भ्याटमा दर्ता भएपछि वार्षिक कारोबारको १३ प्रतिशत कर सरकारलाई तिर्नुपर्छ। अर्थात् एक वर्षमा एक करोडको करोड गरिएमा १३ लाख राज्यको ढुकुटीमा राजस्वको रुपमा जानेछ। त्यस्तै प्यानमा दर्ता हुनेले दश लाखसम्मको एक प्रतिशतमात्र कर तिर्नुपर्ने व्यवस्था आगामी आर्थिक वर्षको बजेटमा गरिएको छ। जबकी चालु आवको बजेटमा पाँच लाखसम्मको एक प्रतिशत आयकर तिर्नुपर्ने व्यवस्था छ। यो व्यवस्थाले व्यापारीहरुलाई झनै फाइदा पुग्नेभएको छ। किनकि पहिल्यै व्यापारी-व्यवसायीहरुले घाटा देखाएर कर छल्दै आएका थिए।

यो व्यवस्थापछि सो प्रवृत्तिलाई झनै मलजल पुगेको छ। अर्कोकुरा, छिमेक भारत र चीनसहितबाट नेपाली व्यापारी-व्यवसायीले लत्ताकपडा, सवारीसाधन, हार्डवेयरलगायत सरसामान ल्याउने गरेका छन्। उनीहरुले १०० वटा सामान ल्याउँदा २० वटामात्र ल्याएको देखाएर ८० वटाको भन्सार छल्छन्। गाडीको पनि सिसि कम देखाई भन्सार छलिन्छ। अर्थात् २०० सिसिको गाडी ५० सिसिकोभनी कर छलिन्छ। यसरी राज्यलाई कर छलेपछि शुरुहुन्छ जनता ठग्ने धन्दा। सस्तोमा भन्सार छलेर ल्याइएको एक सयको सामान उपभोक्तालाई एकदेखि पाँच हजारसम्ममा बेचिन्छ। गाडीमा त लाखौं-करोडौं नाफा खाइन्छ। सामानमा न मूल्य लेखिएको हुन्छ न उपभोक्तालाई खरिद गरिएको बिल दिइन्छ। तर सरकारले कुनै कारवाही गर्दैन। सरकारले नदेखेको होभने व्यापारीलाई ठग्न प्रोत्साहन गरेको ? व्यापारी-व्यवसायीले कर छल्न व्यक्तिगत क्युआर वा इसेवामार्फत कारोबार गर्ने गरेका छन्।

जबकी कानूनमा व्यापारी तथा व्यवसायीले संस्थाको नाममा भएको क्यूआर कोड, इसेवा वा बैंक खातामार्फत कारोबार गर्नुपर्ने व्यवस्था छ। यसरी कानूनको धज्जी उडाईदै जनता ठग्ने र राजस्व छल्नेक्रम जारी छ। यसतर्फ सरकोरवाला निकायको न हिजो ध्यान गएको थियो, न आज वा भोलिनै जाने देखिन्छ। व्यापारी-व्यवसायीले मात्र नभई घरधनीहरुले पनि यसरी नै राज्यलाई राजस्व छलिरहेका छन्। काठमाडौं उपत्यकामा पाइलैपिच्छे व्यापार व्यवसाय सञ्चालन भएका छन्। पाइलैपिच्छे घर छन्, त्यो पनि एकदेखि १८ तलासम्मको। एउटै कोठाको मासिक सातदेखि ३० हजार, एक फ्ल्याटको २५ देखि तीन लाख र एउटा सटरको २० देखि २२ लाखसम्म भाडा असुलिन्छ। खाली सटर २० देखि ६० लाखमा किनबेच गरिन्छ। बत्ती, पानी, फोहोर, इन्टरनेटको मनलाग्दी शुल्क उठाइन्छ। घरधनीहरु राज्यलाई बिद्युतको प्रतियुनिट ९.४४ पैसा तिर्छन्, डेराबहालसँग चाँहि १६ देखि ३० रुपैयाँसम्म लिन्छन्। एउटा घरको फोहोरको मासिक शुल्क ३०० रुपैयाँ तोकिएको छ, तर घरधनीहरु एउटै कोठाबाट ३०० रुपैयाँ असुल्छन्। यतिमात्र होइन, पानीको मासिक दुईदेखि ५०० तिर्छन्, डेराबहालसँग चाँहि एक हजारसम्म असुल्छन्। इन्टरनेटको पनि एकहजार रुपैयाँ लिइन्छ। सवारी पार्किङको समेत शुल्क उठाइन्छ। पाङ्ग्रा **बाँकी ७ पेजमा**

# समाचार विविध

## कोशी प्रदेशमा बेरुजु र आर्थिक अनियमितता बढ्दै गएको खुलाशा

काठमाडौं। कोशी प्रदेशमा बेरुजु र आर्थिक अनियमितता बढ्दै गएको खुलाशा भएको छ। महालेखा परीक्षकको कार्यालयले कोशी प्रदेशमा आब ०८१/८२ ५८ करोड ६६ लाख ८३ हजार बेरुजु रहेको जनाएको छ। महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा कोशी प्रदेशका १८२ सरकारी कार्यालय, समिति तथा २६ अन्य संस्थाका गरी कूल २०८ निकायको लेखा परीक्षणबाट सो परिमाणको बेरुजु देखिएको उल्लेख छ। प्रदेश प्रमुख पर्शुराम खापुङलाई महालेखा परीक्षकको कार्यालयका नायब महालेखा परीक्षक श्रीकुमार राईले गतसाता वार्षिक प्रतिवेदन पेशभएको थियो। उक्त प्रतिवेदनले सरकारी कार्यालयतर्फ असुल गर्नुपर्ने १४ करोड ६५ लाख १९ हजार, अनियमित भएको सात करोड ३२ लाख ६३ हजार, प्रमाण कागजात पेश नभएको २७ करोड ४५ लाख ६१ हजार र पेश्की तीन करोड तीन लाख ३७ हजार बेरुजु देखाइएको छ। समिति तथा अन्य संस्थातर्फ असुल गर्नुपर्ने ५१ लाख ८५ हजार, अनियमित भएको रु चार करोड ६९ लाख ९३ हजार, प्रमाण कागजात नपुगेको ९० लाख २५ हजार र पेश्की आठ लाख बेरुजु रहेको प्रतिवेदनमा उल्लेख छ। लेखापरीक्षण अंकको १.१२ प्रतिशत आव ०८१/८२ मा बेरुजु कायम भएको देखाइएको छ। प्रतिवेदनमा हालसम्म बाँकी बेरुजु प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजु पाँच अर्ब ६३ करोड पाँच लाख ३९ हजार रहेको नायब महालेखा परीक्षक राईले जानकारी दिनुभएको छ। प्रतिवेदनमा आव ०८१/८२ मा प्रदेश सरकारको नौवटा मन्त्रालय, प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र स्थानीय तह(वित्तीय हस्तान्तरण)समेत गरी ४६ अर्ब ५४ करोड १४ लाख २३ हजार अंकको लेखापरीक्षणमा असुल गर्नुपर्ने १४ करोड ६५ लाख १९ हजार, नियमित गर्नुपर्ने ३४ करोड ७८ लाख २४ हजार, पेश्की तीन करोड तीन लाख ३७ हजार देखाएको छ। प्रतिवेदनमा मन्त्रालयतर्फ सबैभन्दा बढी भौतिक पूर्वाधार विकास मन्त्रालयमा ५६.१० प्रतिशत, खानेपानी सिँचाइ तथा ऊर्जा मन्त्रालयमा २४.१८ प्रतिशत र पर्यटन, वन तथा वातावरण मन्त्रालयको ९.०१ प्रतिशत रकम बेरुजु रहेको पाइएको छल्र । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बेरुजु शून्य रहेको छभने अन्यतर्फ चार प्रतिशतभन्दा मुनि रहेको छ। सोही आवमा स्थानीय तहतर्फ एक महानगरपालिका, एक उपमहानगपालिका, ४३ नगरपालिका र ८३ गाउँपालिकागरी १२८ वटा निकायको कूल एक खर्ब ८७ अर्ब ६१ करोड ७२ लाख ५३ हजार बराबर अंकको लेखापरीक्षण गरिएको जनाइको छ।

## नेपालको निर्माण व्यवसाय संकटमा

काठमाडौं। नेपालको निर्माण व्यवसाय संकटमा पर्दै गएको बताउन थालिएको छ। यसैक्रममा निर्माण व्यवसायीको ठेक्का सम्झौता रद्ध गर्नेक्रम पनि बढ्दै गएको छ। यसैक्रममा बाँकेको खजुरा गाउँपालिकाले योजनाको काम समयमै सम्पन्न नगर्ने निर्माण व्यवसायीको ठेक्का सम्झौता रद्धगरेको छ। निर्माण कार्यको प्रगति सन्तोषजनक नभएको, लामो समय बितिसक्दा पनि सुधार नदेखिएको तथा काम सम्पन्नतर्फ निर्माण व्यवसायी अग्रसर नभएकाले पाँच योजनाको ठेक्का सम्झौता रद्ध गरिएको खजुरा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिलबहादुर पौडेलले जानकारी दिनुभएको छ। उहाँकाअनुसार गाउँपालिकाको विभिन्न वडामा योजना निर्माण कार्यका लागि अमन कन्ष्ट्रक्सन, गुलरिया-५, बर्दियासँग गरिएका पाँचवटै ठेक्का सम्झौता रद्धगरिएको हो। खजुरा-४ एफगाउँमा करिब ५०० मिटर सडक कालोपत्रगर्न ०७७ फागुन १२ गते अमन कन्ष्ट्रक्सन, गुलरिया-५, बर्दियासँग ठेक्का सम्झौता भएको थियो। कम्पनीले ०७८ जेठ ३० गतेभित्र निर्माण कार्य सम्पन्नगर्ने सम्झौता गरे पनि हालसम्म काम पूरा भएको छैन। दुई भागमा अलग-अलग ठेक्का आह्वान गरिएको उक्त योजनाअन्तर्गत ग्राभेल हाल्ने र गिट्टी बिछ्याउने काम भए पनि कालोपत्र हुन नसक्दा सडक पुनः जीर्ण बनेको छ। अमन कन्ष्ट्रक्सनले ठेक्का पाएको एनआइसी बैंकदेखि मनकामना जाने सडक तथा नाली निर्माण, गोपालसिंह आलेको घरदेखि लालबहादुर रजालीको घरसम्मको बाटो स्तरोन्नति, तथा बिगाउँ ९० नम्बरदेखि १०५ नम्बरसम्मको बाटो स्तरोन्नतिका योजना पनि वर्षौंदेखि अधुरै छन्। पालिकाले यी सबै पाँचवटै ठेक्का रद्ध गर्ने निर्णय गरेको हो। सबै ठेक्का अमन कन्ष्ट्रक्सनकै रहेका छन्। निर्माण कार्यको प्रगति सन्तोषजनक नभएको, लामो समय बितिसक्दा पनि सुधार नदेखिएको तथा काम सम्पन्नतर्फ निर्माण व्यवसायी अग्रसर नभएकाले सम्झौता रद्धगरी कालोसूचीमा किन नराख्नेभन्दै पालिकाले गत मंसिर २ गते सार्वजनिक सूचना जारीगरेको प्रमुख प्रशासकीय अधिकृत पौडेलले बताउनुभएको छ।

## १६ खर्ब राजस्व संकलनगर्ने लक्ष्य

काठमाडौं। बर्तमान सरकारले आगामी आबको बजेट बक्तब्य मार्फत आगामी वर्ष १६ खर्ब राजस्व संकलनगर्ने सरकारी लक्ष्य रहेको थाहाभएको छ। अर्थमन्त्री स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन हुँदा ७४ खर्ब ५८ अर्बको कुल ग्राहस्थ्य उत्पादन पुग्ने प्रक्षेपण गरिएको बताउनुभएको छ। नेपाल आर्थिक पत्रकार संघले बजेटपछि गरेको एक अन्तरक्रिया कार्यक्रमा अर्थमन्त्री वाग्लेले पाँचवर्षको समयावधिलाई दृष्टिगतगरी बजेट ल्याइएको बताउँदै आगामी वर्ष करिब १६ खर्ब राजस्व संकलनगर्ने लक्ष्य राखिएको बताउनुभयो। उहाँले प्रक्षेपित कुल गार्हस्थ्य उत्पादन ७४ खर्बका आधारमा सात प्रतिशतको आर्थिक वृद्धि कायमगर्न सकिने विचार व्यक्त गर्नुभएको थियो। कुल गार्हस्थ्य उत्पादनको तुलनामा ऋण ४३ प्रतिशत बढी धेरै नहुने बताउँदै अर्थमन्त्री वाग्लेले आगामी वर्षको बजेटमा पुराना कार्यक्रमको दायित्व रहेको त्यसलाई सरकारले निरन्तरता दिने जानकारी दिनुभएको थियो। अर्थमन्त्री वाग्लेले विद्युत्मा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट)बाट सरकार पछाडि नहट्ने बताउँदै अन्तिम उपभोक्तालाई मारमा नपर्ने गरी विभिन्न विकल्पमा छलफल भइरहेको जानकारी दिनुभएको थियो। मन्त्री वाग्लेले आयमा आधारित करभन्दा उपभोगमा आधारित कर प्रभावकारी हुने तथा उपलब्धि हाशिलगर्न सकिने भएकाले त्यसतर्फ कार्यक्रम अगाडि बढाइएको बताउनु भएको थियो। नेपाल राष्ट्र बैंकको कार्यकारी निर्देशक गुरु पौडेलले वैदेशिक मुद्रा सञ्चितिको आधार विप्रेषण रहेको बताउँदै यसलाई दिगो बनाउन स्वदेशी वस्तु उत्पादन तथा निर्यातमा जोड दिनुभएको थियो।

## ऋणमा..

अनुसार सवारीसाधन पार्किङको मासिक दुईदेखि पाँच हजारसम्म असुलिन्छ। डेराबहालसँग मासिक यत्रो शुल्क असुल्ने घरधनीहरु राज्यलाई दश प्रतिशत घरबहाल करभने तिर्दैनन्। कर तिर्ने बेला विविध बहाना बनाउँछन्। घर खाली रहेको, एकदमै सस्तो मूल्यमा भाडमा लगाइएको, सितैमा आफन्त, साथीभाइ बसेकोजस्ता बहाना बनाइन्छ। अनुगमन नहुने हुँदा घरधनीलाई फाइदैफाइदा। घरधनीहरुले आफूले कर तिर्नुपर्छ भनेर आफ्नो घरमा सञ्चालित व्यापार व्यवसायसमेत दर्ता हुन दिँदैनन्। अहिले काठमाडौं उपत्यकामा सञ्चालित व्यापार व्यवसायमध्ये ९५ प्रतिशतको दर्ता छैन, कारण हो-घरधनी। व्यापार व्यवसाय दर्ता भएपछि घरधनीले पनि बहाल कर तिर्नुपर्छ। यसैले उनीहरु दर्ता हुनै दिँदैनन्। दर्ता गरिएमा सटर खाली गर्न चेतावनी दिन्छन्। कतिपय बाठाटाठा घरधनी चाहिँ डेराबहालसँगै वडा जान्छन्, अनि व्यापार व्यवसाय दर्ता गराउँछन्। तर, मासिक २२ लाख रुपैयाँ भाडामा लगाइएको सटरबाट दुईदेखि पाँच हजार रुपैयाँ भाडा असुलिरहेको दाबीगर्दै सोहीअनुरुप कर तिर्छन्। घर भाडाबाटै वार्षिक करोडौं आम्दानी गर्छन्, घरधनीहरु। राज्यको ढुकुटीमा भने सुको जादैन। किनकि घरधनीहरु नगदमा कारोबार गर्छन्। कोही व्यक्तिगत खातामार्फत भाडा लिन्छन्। यसलेगर्दा राज्यले केही पनि नपाएको अवस्था छ। यता यातायात व्यवसायीहरुले दैनिक पाँचदेखि ५० हजारसम्म आम्दानी गर्छन्। सार्वजनिक सवारीसाधनसँग ३२ वटा शीर्षकमा सरकारले तिर्नुपर्ने कर ३५ वर्षदेखि बढेको छैन। यातायात क्षेत्रमा पाँच दशकदेखि सिण्डिकेट छ। कालोप्लेट, हरियो प्लेट, ढुवानी गाडी, फोस्टक ढुवानीलगायतको नयाँ दर्ता दशकौंदेखि बन्द छ। जसकारण २० वर्ष पुराना ट्याक्सीलगायत भाडाका गाडीको नम्बरप्लेट १५ लाखमा किनबेच भइरहेको छ। राज्यको ढुकुटीमाभने जम्मा ५०० रुपैयाँ राजस्व जान्छ। सरकारले बजेटमार्फत न यातायात क्षेत्रमा भएको सिण्डिकेट तोडयो न भाडाका गाडीको करनै बढायो। सुन, चाँदीलगायत गरगहनामा पनि कर लगाइएन। न त यसमा गरिएको लगानीको श्रोत खोज्ने व्यवस्था गरियो। वरु उल्टै शिक्षा र स्वास्थ्यमा कर लगाइयो। सरकारले कर्मचारीको तलबमा २१ प्रतिशत वृद्धिगरेको छ। महँगी भत्ता यथावत् राखिएको छ। पेन्सनमा कर लगाइएन। एकातिर कर घटाउने, अर्कोतिर कर्मचारी र जनप्रतिनिधिको तलब बढाउने। यो बजेटले नेपाल चाँडै विदेशीको जिम्मामा जाने संकेत देखिँदैछ। किनकि सरकारले यसपालि पनि वैदेशिक ऋणमै निर्भर रहेर बजेट ल्याएको छ। पहिल्यैकै ऋण ३२ अर्ब छ। बालेन सरकार गठनको दुई महिनामै तीन खर्ब ऋण लिइसक्यो। अब त झन् ऋणैऋण लिँदैछ। यसले खतराको घण्टी बजिसक्यो। त्यसैले वर्तमान सरकारले सहमतिको राजनीति र विद्यमान अवस्थाको व्यवस्थापन गरेर देशलाई अगाडि बढाउने नीति अख्तियारगर्नु जरुरी देखिएको छ।

## बढ्दै..

आँप, सुन्तला, अण्डा, माछा, दूधजस्ता खानेकुराले भिटामिन ए, बी, सीले दृष्टि समृद्ध तुल्याउँछ। खेलपछि शरीर मात्र होइन, आँखालाई पनि विश्राम चाहिन्छ। राति सात-आठ घण्टा सुत्नुहोस ताकी आँखाले पनि पुनः शन्ति पाओस्। लामो समयको अभ्याससपछि केहीबेर आँखा बन्द गरेर विश्राम लिने गर्नुपर्छ। खेलाडीहरुले हरेक वर्षमा कम्तीमा एकपटक आँखाको परीक्षण गराउनुपर्छ। दृष्टि धमिलो भएमा, आँखा पोलेमा, पानी आउने वा दोहोरो देखिने समस्या भए तुरुन्त नेत्र चिकित्सकहाँ सम्पर्क गर्नुपर्छ। अधिकांश मानिस बिभिन्न सर्ने वा नसर्ने खालका रोगबाट पीडित हुन्छन्। त्यस्त बिरामीले आफूलाई लागेको रोगको उपचारसँगै त्यसले आँखामा पार्नसक्ने जटिलता हुन नदिन विशेष सावधानी अपनाउनुपर्ने हुन्छ। यहाँ केही रोगका बिरामीले दिनुपर्ने ध्यानका बारेमा उल्लेख गरिएको छ। त्यसैगरी लामो समय उच्च मधुमेहको समस्यामा जेलिँदा आँखाका साना नसा बिग्रन्छन्। यसलाई डाइबेटिक रेटिनोप्याथी भनिन्छ। यसले मधुमेहका बिरामीको दृष्टि हराउन सक्छ। सर्वप्रथम त उनीहरुले चिनी, रक्तचाप र कोलेष्ट्रोल नियन्त्रणमा राख्नुका साथै नियमित रुपमा औषधि र खानामा ध्यान दिनुपर्छ। दृष्टि धमिलो हुने, कालो डावर देखिने वा उज्यालोमा समस्या देखिए तुरुन्त डाक्टरलाई देखाउनुपर्ने हुन्छ। दृष्टि ठीक भएपनि वर्षको एकपटक आँखाको जाँच गराउनु आवश्यक हुन्छ। यदि आँखामा समस्या देखिएको छ भने तीन-छ महिनामा नेत्र चिकित्सक कहाँ जानुपर्ने हुन्छ। रक्तचाप भएका बिरामीले दिनुपर्ने ध्यानः रक्तचाप बढी हुँदा आँखाका नसामा असर पर्छ जसलाई 'हाइपरटेन्सिभ रेटिनोप्याथी' भनिन्छ। यस्ता बिरामीले आफ्नो रक्तचाप नियमितरुपमा नाप्नुहोस् र औषधि समयमा लिने, नुन कम खानुहोस्, तनाव घटाउने र नियमित व्यायाम गर्नुपर्छ। आँखामा परिवर्तन देखिएको छभने छ महिनामा एकपटक र सामान्य अवस्थामा पनि बिरामीले प्रत्येक एक,दुई वर्षमा आँखाको जाँच गराउनुपर्छ। क्षयरोगका बिरामीले दिनुपर्ने ध्यान : कुनैकुनै औषधि जस्तै इथामबुटोलले आँखाको नसामा असर पारी दृष्टि धमिला बनाउन सक्छ। त्यसैले यस्ता औषधि शुरु गर्नुअघि आँखाको जाँच गराउनुपर्छ। उपचारका क्रममा दृष्टि धमिलो हुने, रङ्ग देख्न गाह्रो भएमा वा आँखामा दुखाई भएमा तुरुन्त सम्बन्धित चिकित्सकलाई देखाउनुपर्छ। यस्तो अवस्थामा औषधि आफैं रोक्न हुन्न। यस्ता बिरामीले औषधि शुरु गर्नुअघि आँखाको जाँच गराउने, बीचमा पनि महिनामा एकपटक दृष्टि जाँच गर्दा राम्रो हुन्छभने उपचार समाप्त भएपछि अन्तिम जाँच गराउँदा जटिलता आउन पाउँदैन। गठियाका बिरामीका लागि : गठिया रोगले कहिलेकाहीं आँखामा युभेटिइस सुजन वा कण जम्मा हुने समस्या ल्याउनसक्छ। यस्ता बिरामीले युरिक एसिड नियन्त्रणमा राख्ने, प्रशस्त पानी पिउने, रातो मासु, रक्सी र माछा कम खाने गर्नुका साथै आँखामा रातोपन आएमा, आँखा पोलेमा वा दृष्टि धमिलो भएमा तुरुन्त जाँच गराउनुपर्छ। रोग नियन्त्रणमा भइसकेका अवस्थामा पनि वर्षमा एकपटक आँखाको जाँच गराउन र आँखामा कुनै समस्या देखापरेमा तुरुन्त नेत्र विशेषज्ञकहाँ जानुपर्छ। रासस *(प्रस्तुत विचार वरिष्ठ नेत्ररोग विशेषज्ञ डा कार्कीसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित)*

## क्षेत्रीय..

नाजुकतर बनेको छ। अमेरिकाको बढ्दो हस्तक्षेप, दबाब र निरन्तरको नाकाबन्दीले स्थिति अझ बिग्रन सक्ने देखिन्छ। यस्तै बेलामा चीन तथा रुस जस्ता शक्तिशाली राष्ट्रहरुको युद्ध बन्द गराउन, शान्ति स्थापनागर्न र यस्ता अवाञ्छित र अवैधानिक नाकाबन्दी र पतिबन्धहरुको अन्त्यगराउने महत्वपूर्ण भूमिकाका लागि विश्वमा खोजि हुने गर्दछ र भइरहेको छ। अमेरिका लगायतका शक्ति राष्ट्रको मनपरी र दादागिरीलेगर्दा विकसित भइरहेको नाजुक क्यूबाको स्थितिप्रति सम्वेदनशील भएर कडा तर सकारात्मक र रचनात्मक कदम चाल्नु अत्यावश्यक भएको विश्व विश्लेषकहरु औल्याइरहेका छन्। पछिल्लो समयमा शक्ति राष्ट्रले मच्चाएको अस्थिरता अब ढिलो चाँडो किनारा लाग्नैपर्ने अवस्था छ। निश्चित छ विश्वमा सत्यको जित हुने छ। (लेखक : नेकपाका संयोजक हुनुहुन्छ।)

## उत्तर....

अत्यधिक संवर्धित युरेनियम वा प्लुटोनियम आवश्यक पर्छ। उत्तर कोरियासँग योङ्ब्योन आणविक परिसरमा यी दुवै प्रकारका सामग्री उत्पादनगर्ने क्षमता रहेको मानिन्छ। विश्लेषकहरुका अनुसार सन् २०१९ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र किमबीचको उच्चस्तरीय आणविक कूटनीति विफल भएपछि उत्तर कोरिया वार्ताभन्दा आफ्नो आणविक क्षमता विस्तार र आधुनिकीकरणमा बढी केन्द्रित भएको छ। त्यसयता अमेरिकाले वार्ता पुनः शुरुगर्ने प्रयास गरेपनि किमले त्यस्ता प्रस्तावहरु अस्वीकारगर्दै आउनुभएको छ। यसैबीच, अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) का महानिर्देशक राफेल ग्रोसीले अप्रिलमा पत्रकारहरुसँग कुरागर्दै उत्तर कोरियाका आणविक केन्द्रहरुमा गतिविधि उल्लेखनीय रुपमा बढेको पुष्टि गर्नुभएको थियो। उहाँका अनुसार एजेन्सीले उत्तर कोरियाको आणविक कार्यक्रमसँग सम्बन्धित बिभिन्न स्थलहरुमा द्रुत वृद्धि देखिएको तथ्य अवलोकन गरेको छ, जसले प्योङयाङ आफ्नो आणविक कार्यक्रमलाई अझ व्यापक बनाउने दिशामा अघि बढिरहेको संकेत गर्दछ। उत्तर कोरियाले आणविक शक्तिको विकास गर्नुभनेको रुस र चीनको समेत शक्ति बढ्नु हो। जुन अमेरिका लगायतका पश्चिमा शक्तिहरुका लागि असैह्य हुनसक्छ। यसले कुनैपनि बेला विश्वचर विनाश लिला मच्चाउन सक्छ। यो आजको विचारणिय पक्ष हो।

## रास्वपाका.

निर्तिन नवीन, विदेशमन्त्री एस जयशंकर र गृहमन्त्री अमित साहलगायतका उच्च तहका राजनीतिक नेतृत्वसँग भेट गर्नुभएको थियो। नयाँ दिल्लीमा गतसाता बुधबार रास्वपा सभापति लामिछाने र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच भएको भेटवार्तामा साझा र समृद्ध भविष्यका लागि मिलेर काम गर्ने कुरा उठेको थियो। जसले दुई देशबीचको विशेष सम्बन्धलाई थप उचाइमा पुऱ्याउन सहकार्यगर्न भारत उत्सुक रहेको पनि भनिएको थियो। यसरी नेपालको सत्ता र शक्तिमा उदाएको रास्वपाले अमेरिका र भारतसँग जुन ढंगको सम्बन्ध विस्तारगर्दै लगेको छ, त्यसले वर्तमान सरकार इन्डो पश्चिमा शक्तिको नेपाल नीतिअनुसार परिचालित हुन तयार रहेको स्पष्ट गरेको छ। जुन शक्ति यसअघि पनि नेपालमा हावि रहेको थियो। तर सो शक्तिको नीति अनुसार परिचालितहुँदा नेपाल विकास र परिवर्तनको बाटोमा अगाडि बढ्न सकिरहेको थिएन। यसैबीचमा ०४६ सालको आन्दोलन, ०५२ पछिको जनयुद्ध, ०६३ पछिको परिवर्तन र ०८२ भदौ २३ र २४ को विध्वंशलगायतका घटनाहरु भएका थिए। ०४६ सालको परिवर्तनपछि भारतीय शासकहरु नेपालको नेपाली कांग्रेसका घनिष्ठ भै देखिन्थे। जतिबेला नेपालमा नदी र मुद्रा भारतसँग साझा बनाउने कुरा उठेका थिए। ०६३ पछि नेपालमा राजतन्त्र र हिन्दू राष्ट्र अन्त्यगर्ने कुराहरु उठेका थिए। देशलाई संघीय शासनमा लगेर अस्तव्यस्त बनाउने कामहरु पनि भए। अब नेपालले कतिपय महत्वपूर्ण भूमी गुमाउने र नेपाल भारतका दृष्टि र व्यवहारमा भुटानको अवस्थामा पुग्ने संकेतहरु देखिएका छन्। जुन कुरा यहाँका अधिकांश राजनीतिक पार्टी र शक्तिकासाथै सर्वसाधारणलाई समेत मान्य हुने देखिएको छैन। नेपाल भारतभन्दा पुरानो र सार्वभौम सत्ता सम्पन्न मुलुक हो। छिमेकमा शक्ति राष्ट्र चीन पनि रहेको छभन्ने कुरालाई भुल्नु हुँदैन। यो आजको महत्वपूर्ण विषय हो।

## आगामी...

पैमानामा सहकारी रकमको ठगी वा हिनामिना गरेका छन्, उनीहरुको नै सत्तामा बोलबाला र ठूलो स्वर भएको हुनाले उनीहरुमाथि कडा र न्यायोचित कारबाहीको कुनै सम्भावना देखिदैन। युवा र खेलकुदमा पहिलेका सरकारहरुले पनि कम बजेट विनियोजन गर्ने गरेका थिए। अहिलेको सरकारले पहिलेको बजेटमा पनि कटौती गर्ने काम गरेको छ। त्यसकारण युवा र खेलकुदप्रति पनि वर्तमान सरकारले नकारात्मक नै दृष्टिकोण अपनाएको देखिन्छ। सुकुम्बासीको समस्या नेपालको एउटा अत्यन्त गम्भीर समस्या हो। सरकारले डोजर आतंकद्वारा उनीहरुलाई बसेको स्थानबाट हटाउने काम गऱ्यो। तर उनीहरुको पुनर्वासका लागि सरकारले बजेटमा कुनै खास व्यवस्था गर्न सकेको छैन। त्यसका साथै अव्यवस्थित बसोबास गरेका किसानहरुलाई पनि उनीहरु लामो समयदेखि बस्दै आएका जग्गाहरुमा उनीहरुलाई तुरुन्तै लालपुर्जा दिएर उनीहरुको बसोबासलाई स्थायीरुप दिनुपर्ने आवश्यकता छ। दीर्घकालीन रुपमा उनीहरुको त्यस प्रकारको व्यवस्था गर्नेबारे बजेटले केही उल्लेख अवश्यगरेको छ, तर त्यो तुरुन्तै लागूगर्ने विषय हो र बजेटमा त्यसको व्यवस्था गरिएको छैन। देशमा शिक्षा र स्वास्थ्यको क्षेत्रमा बढ्दैगएको निजीकरण गम्भीर चिन्ताको विषय भएको छ। स्वास्थ्य बिमाको नीति पनि एक प्रकारले अवरुद्ध जस्तै भएको छ। त्यो अवस्थामा शिक्षा र स्वास्थ्यलाई पूरै निःशुल्क गराउनुपर्ने आवश्यकता छ। यसबारे बजेटले ध्यान दिन नसकेकोमा हामीले गम्भीर चिन्ता र क्षोभ प्रकट गर्दछौं। वक्तव्यको अन्तमा, बजेटको मूल प्रवृत्ति वा स्वरुप समग्र रुपमा देश र जनता विरोधी रहेको छ। त्यसले सरकारको राजनीतिक प्रकृतिमाथि पनि प्रकाश हाल्दछ। त्यसकारण सरकारका सबै गलत नीति र कार्यक्रमहरुको विरोधगर्न हाम्रो पार्टीले जनताको ध्यान आकर्षितगर्न चाहन्छ भनिएको छ। त्यसैगरी क्रान्तिकारी कम्युनिष्ट पार्टीका प्रवक्ता हेमन्तप्रकाश ओलीले एक वक्तव्य प्रकाशितगरी नयाँ बजेट शोषित पीडित जनताको पक्षमा नरहेको बताउनु भएको छ। उहाँले वक्तव्यमा भन्नुभएको छ- बजेटमा आगामी आर्थिक वर्षका लागि २१ खर्ब, २४ अर्ब, ३४ करोड, ४४ लाख खर्चहुने अनुमान गरिएको छ। यसमध्ये १२ खर्ब, ७० अर्ब ५८ करोड रुपिया (५९.८० प्रतिशत) सत्ता सञ्चालनगर्न, ४ खर्ब ३१ अर्ब १० करोड रुपिया (२०.३० प्रतिशत) विकास निर्माणगर्न र ४ खर्ब २२ अर्ब ६४ करोड रुपिया (१९.९० प्रतिशत) पुरानो ऋण तिर्न खर्च हुने छ। उनले आन्तरिक राजस्वबाट १४ खर्ब ५ अर्ब ३१ करोड (६६.१५ प्रतिशत) उठाउने अनुमान गरेका छन्। बाँकी ७ खर्ब, १९ अर्ब, ३ करोड ४४ लाख (३३.८५ प्रतिशत) मध्ये आन्तरिक ऋणबाट ४ खर्ब, १० अर्ब (१९.३० प्रतिशत) र बाह्य ऋणबाट २ खर्ब ४७ अर्ब २८ करोड (११.६४ प्रतिशत) पूरागर्ने र वैदेशिक अनुदानबाट ६१ अर्ब ७४ करोड (२.९१ प्रतिशत) जम्मा हुने उनको अनुमान छ। यो बजेटले आगामी आर्थिक वर्षमा नेपाली जनतालाई थप ६ खर्ब, ५७ अर्ब २८ करोड ऋणको भारी बोकाउने भएको छ। यो बजेट लोकप्रियतावादी शब्दजालले भरिएको पुरानै प्रवृत्तिको विकसित रुप हो। नेपाली पूँजीपतिका लागि देशमा लगानी गरेर राष्ट्रिय पूँजीको विकास गर्ने योजना ल्याउनुको साटो तिनलाई विदेशमा लगानीगर्न अनुमति दिने र विकास निर्माणलगायत देशको पुरानो ऋण तिर्नसमेत नेपाली जनतालाई अन्तरिक तथा बाह्य ऋणको भारि बोकाउने यो बजेटले देशलाई थपपरनिर्भर बनाउने र देशमाथिको नवऔपनिवेशिक सिकन्जा अरु बलियो गरी कस्ने कुरा स्पष्ट छ। वक्तव्यको अन्त्यमा यो बजेटले कृषि तथा औद्योगिक उत्पादन बढाउने, सुकुम्बासी तथा श्रमजीवि वर्गका समस्या समाधान गर्ने, बेरोजगार युवाहरुको विदेश पलायन रोक्ने र आकाशिंदो महँगी नियन्त्रणगर्ने कुनै वैज्ञानिक दृष्टिकोण र त्यसअनुसारको मूर्त योजना अगाडि सारेको छैन। नवउदारवादी आर्थिक सिद्धान्तमा आधारित यो बजेटले राष्ट्रिय स्वाधीनतालाई अरु कमजोरपार्ने, थप महँगी बढाउने र बेरोजगारीका समस्या थोपर्ने कुरा निश्चित छ। यसले विद्युत र शिक्षा जस्ता आधारभूत क्षेत्रमा कर वृद्धिगरेर मध्यम वर्गमाथि समेत थप आर्थिक भार थोपरेको छ। सारमा यो साम्राज्यवाद र दलाल तथा नोकरशाही पूँजीवादको पक्षपोषणगर्ने प्रतिक्रियावादी बजेट हुनाले यसबाट अग्रगमनको अपेक्षागर्न सकिन्न भनिएको छ।

# सहकारीको पाँच अर्ब बचत फिर्ता भएन

काठमाडौं। सहकारीको संकट बढ्दो छ। काठमाडौं महानगरपालिका सहकारी विभागमा चारअर्ब ७७ करोड ४९ लाख २३ हजार बचत रकम फिर्तागरी दिनका लागि छहजार बढी बचतकर्ताले माग गरेका छन्। कामपा सहकारी विभागकाअनुसार पछिल्लो समय कामपामा बचत रकम फिर्ता गरीदिनका लागि अत्यधिक माग आउन थालेको छ। कामपा सहकारी विकागका प्रमुख ध्रुवकुमार काफ्लेकाअनुसार उल्लेखित बचत रकम फिर्ताका लागि गत वैशाख १७ गतेदेखि हालसम्म आएको उजुरीको आधारमा भनिएको हो। प्रमुख काफ्लेका अनुसार, यसरी माग दाबीगर्ने बचतकर्ताहरुमा एक लाख देखि पाँच लाखसम्मको रकम रहेका बढी छन्। उक्त रकम फिर्ताका लागि छ हजार ३०० बचत कर्ताले उजुरी दिएको प्रमुख काफ्लेले जानकारी दिनुभयो। उहाँले यसरी उजुरी दिनेमा दैनिक ५०० देखि एक हजारसम्म गर्ने अर्थात साना रकम जम्मागर्ने बचतकर्ताहरुको संख्या बढी रहेको छ भन्नुभयो। कामपाका अनुसार उजुरी आएकामध्ये साना बचतकर्ताको संख्या ७८ प्रतिशत रहेको छ। उजुरीकै आधारमा कामपाले गत सोमबार र हिजो मंगलबार गरी बुद्ध दर्शन सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडले ३४ जना बचतकर्ताको बचत रकम फिर्ता गरेको छ। कामपा-६ मा सञ्चालित बुद्ध दर्शन सेभिङ एण्ड क्रेडिट सहकारी संस्थाले उक्त दिन एक लाख ५० हजारसम्म बचतगर्ने ७० जना बचतदाता सदस्यहरुलाई बचत रकम फिर्ता गरेको हो। सहकारीले आगामी १ महिनाभित्र पाँच लाखसम्म बचत गर्ने बचतकर्ताको रकम फिर्ता दिने योजना बनाएको विभागले जानकारी दिएको छ। कामपाले ठूला बचतकर्ताका हकमा सहकारी विभागसँग समन्वय गरेर ऋणीहरुलाई ताकेतागर्ने र बचतकर्ताको बचत रकम फिर्तागर्दै कार्य अघि बढाएको छ। काठमाडौं महानगरपालिकाभित्र सञ्चालनमा रहेका एक हजार १८६ वटा संस्था सम्पर्कबाहिर रहेको बताइन्छ। महानगर सहकारी विभागकाअनुसार दर्ता भएकामध्ये ७२६ वटा सहकारी संस्थाले मात्रै सम्पर्कमा रही नियमितरुपमा वार्षिक प्रतिवेदन पेश गर्नेगरेका छन्। विभागका प्रमुख ध्रुवकुमार काफ्लेले यसरी सम्पर्कमा नरहेका सहकारीलाई कानूनअनुसार कारवाहीगर्ने प्रक्रिया अघि बढाइएको जानकारी दिनुभएको छ। नियमनका लागि वडा महिला सञ्जाललाई विभागबाट जिम्मेवारी दिइएको बताउनुभएको छ। विभाग प्रमुख काफ्लेले महिला सञ्जाललाई पत्र पठाएर सहकारीका सिद्धान्त, व्यवसाय प्रवर्द्धन तथा सुशासन कायम राख्न सहयोग तथा समन्वयको भूमिका निर्वाहका लागि जिम्मेवारी दिएको छ। सामूहिक हित, समन्वय तथा मेलमिलापमार्फत समस्या समाधानगर्ने उद्देश्यले सञ्जाललाई सहकारीसम्बन्धी कार्य विवरण थप गरिएको हो भन्नुभयो। मेलमिलाप तथा छलफलका लागि वडा महिला सजालका संयोजक र सदस्य, सहकारी संस्थाकातर्फबाट सहकारी संस्थाका प्रतिनिधि, ऋणीका हकमा स्वयं ऋणी तथा बचतकर्ताका हकमा स्वयं बचतकर्ता सहभागी हुनेछन्। समस्या समाधानका लागि महानगरको क्षेत्राधिकार तथा सम्बन्धित वडामा पर्ने सहकारी संस्थासम्बन्धी बचतकर्ताको बचत रकम फिर्ता गर्न एकल वा संयुक्त निवेदन लिनेछ। सहकारी संस्था वा ऋणीलाई अनलाइन वा पत्राचारमार्फत सम्पर्कमा ल्याइने छ। मेलमिलापका लागि संस्थाको नाम, ठेगाना, दाबी गरिएको रकमसम्बन्धी विवरण, सम्पर्क नम्बर, तमसुकसहितको अभिलेख लिनेछ। यसले छलफल र मेलमिलापसँगै ऋण नतिर्ने ऋणीबाट ऋण उठाउन सहजीकरण गर्ने विश्वास गरिएको छ। वडाबाट सूचना गएपछि पनि ऋणीहरुले ऋण तिर्न कुनै चासो नदेखाएमा वा सम्पर्कमा नआएमा त्यस्ता ऋणीहरुको सार्वजनिक आधारभूत सेवामा प्रतिबन्ध लगाउने विषयमा पनि वडाध्यक्ष र विभागलाई सुझाव दिइने जनाइएको छ।

## नेपाल र...

धिरेन्द्र सिंहले त्यतिबेला मस्यौदामा प्रारम्भिक हस्ताक्षर गर्नुभएको थियो। मस्यौदालाई भारतको मन्त्रिपरिषद्ले त्यतिबेलै पारित गरेको थियो। तर, नेपालमा आएको राजनीतिक बदलावले यो विषय अगाडि बढेको थिएन। शेरबहादुर देउवा नेतृत्वको सरकारका पालामा सहमति भएलगत्तै राजा ज्ञानेन्द्र शाहले प्रत्यक्ष शासन गर्नुभएको थियो। त्यसको एकवर्ष पछाडि नेपालमा लोकतन्त्र बहाली भएको थियो। सचिव तहमा भएका हस्ताक्षरमा राजनीतिक तहबाट अनुमोदन आवश्यक थियो। देशमा राजनीतिक परिस्थिति बदलियो, तर सरकार नटिक्ने र निर्णयमा देखिने द्विविधाका कारण सन्धिमा हस्ताक्षर हुननसकेको हो। लोकतन्त्रको पुनःस्थापनापछि पनि भारतले लगातार नयाँ सन्धिको प्रस्ताव राख्दैआएको थियो। उसले आफू अनुकूलको मस्यौदा पनि नेपाललाई बुझाइसकेको थियो। २०६१ मा सचिव तहबाट तयार भएको सन्धिको मस्यौदा सार्वजनिक नै गरिएन। २०६५ माघ २७ मा भारतका तत्कालीन विदेशमन्त्री प्रणव मुखर्जीले राज्यसभामा बोल्दै सचिव तहबाट तयार मस्यौदामा दुई सरकारबीच औपचारिक हस्ताक्षरको प्रतीक्षा रहेको बताउनुभएको थियो। नयाँ सन्धिमा हस्ताक्षर भएपछि तेस्रो देशको नागरिकलाई सुपुर्दगीगर्न सम्भव हुने भनी मुखर्जीले संसमै अभिव्यक्ति दिनुभएको थियो। सो भनाइले पनि भारत जसरी पनि तेस्रो देशका नागरिकलाई सुपुर्दगीगर्न मिल्नेगरी मात्रै नयाँ सन्धिको पक्षमा देखिएको स्पष्ट छ। नेपाल सो विषयमा तयार देखिएको थिएन। अब भारतीय चाहना पूरागर्न तयार भएजस्तो देखिएको छ। **परराष्ट्रमन्त्रीको भ्रमणको मूल विषय :** यस पटक नेपालका परराष्ट्रमन्त्रिको भारत भ्रमणको मूल विषयनै सुरक्षा सन्धी र त्यसमा पनि सुपुर्दगी सन्धीमा केन्द्रित रहने देखिएको छ। जुन कुरा उहाँ आज २४ गते स्वदेश फर्किएपछि स्पष्ट हुनसक्ने संभावना छ। पछिल्ला बैठकले सीमापार अपराध रोकथाम तथा नियन्त्रण र सूचना आदानप्रदान एवं सहकार्यका लागि 'पारस्परिक कानूनी सहायता' (एमएलए) सम्बन्धी सहमति गरेको आंकलन भैरहेको छ। पछिल्लो सरकार गठन भएपछि भारत र अमेरिकाका नेपालसम्बन्धी एजेण्डाहरु धमाधम पारित हुने संभावना रहेकाले देश संकटमा परेको कतिपय पार्टीहरुले औपचारिक ठहरपनि गरेको देखिएको छ।

**(प्रस्तुत तथ्यांक र विवरणहरु बिभिन्न सञ्चार माध्यमका आधारमा तयार गरिएका हुन्।)**

## बाराका..

समस्या समाधान नभएको महसुस गरी समय सापेक्षरुपमा कमरेड पुष्पलालको नीतिमा चलेको नेपाल कम्युनिष्ट पार्टीमा हामी सबै प्रवेश गरेका हौं र हाम्रो पुनर्मिलन भएकोभन्ने धारणा राख्नुहुँदै पुष्पलालको क्रान्तिकारी बाटोमा अग्रसर हुनु सबै सच्चा कम्युनिष्टहरुको कर्तव्य र उत्तरदायित्व होभन्ने आफ्नो प्रतिद्धता रहेको र यसमा अडिग रहेर अघि बढ्न सबै क्रान्तिकारी कमरेडहरुलाई आह्वान गर्नु भएको थियो। कार्यक्रममा युवा नेता कुन्दन कुमार यादव लगायत कैलाश यादव, जंगबहादुर राउत अहिर, विद्यानन्द यादव,.रामसागर पटेल, सनबर अन्सारी,कुन्दनकुमार, पारस ठाकुर र प्रकाश यादवहरुले समेत बोल्नुहुँदै नेपाल कम्युनिष्ट पार्टीलाई दक्षिणपन्थी र उग्रबामपन्थी अवसरवाद बाट जोगाउदै जनताको बिचमा पुऱ्याउन सकियोभने देशमा आमूल क्रान्तिकारी परिवर्तन ल्याउन सकिने विश्वास व्यक्त गर्नु भएको थियो।